# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय वजारको नियामक निकाय)

# आर्थिक वर्ष २०७९।८० को वार्षिक प्रतिवेदन

कात्तिक २१, २०८०

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक)

# आर्थिक वर्ष २०७९।८० को वार्षिक प्रतिवेदन

कात्तिक २१, २०८०

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड
(मिति २०८० कात्तिक २१ सम्म)



**श्री रमेश कुमार हमाल**
**अध्यक्ष**
नेपाल धितोपत्र बोर्ड



**श्री रितेश कुमार शाक्य**
**सदस्य**
सहसचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री हुम बहादुर के.सी.**
**सदस्य**
सहसचिव
नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



**श्री मुकुन्द कुमार क्षेत्री**
**सदस्य**
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**सिए प्रवीण कुमार झा**
**सदस्य**
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री सुरकृष्ण वैध**
**सदस्य**
उपाध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ



**श्री भोलानाथ ढुंगाना**
**विज्ञ सदस्य**
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड

## सञ्चालक बोर्ड

(२०८० असार मसान्तसम्म)



**श्री रमेश कुमार हमाल**
**अध्यक्ष**
नेपाल धितोपत्र बोर्ड



**श्री रितेश कुमार शाक्य**
**सदस्य**
सहसचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री फणीन्द्र गौतम**
**सदस्य**
सहसचिव
नेपाल सरकार
कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



**श्री मुकुन्द कुमार क्षेत्री**
**सदस्य**
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**श्री सुजन कुमार काफ्ले**
**सदस्य**
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था



**श्री सुरकृष्ण वैध**
**सदस्य**
वरिष्ठ उपाध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ



**श्री भोलानाथ ढुंगाना**
**विज्ञ सदस्य**
नेपाल सरकारबाट मनोनित

# नेपाल धितोपत्र बोर्ड

## उच्च व्यवस्थापन



**श्री रमेश कुमार हमाल**
**अध्यक्ष**
नेपाल धितोपत्र बोर्ड

## कार्यकारी निर्देशक



**डा. नवराज अधिकारी**
**कार्यकारी निर्देशक**



**श्री विनयदेव आचार्य**
**कार्यकारी निर्देशक**



**श्री मुक्तिनाथ श्रेष्ठ**
**कार्यकारी निर्देशक**



**श्री कृष्ण राज पोखरेल**
**कार्यकारी निर्देशक**

# नेपाल धितोपत्र बोर्ड

## उप कार्यकारी निर्देशक



**श्री रूपेश के.सी**
उप कार्यकारी निर्देशक



**श्री दीपा दाहाल**
उप कार्यकारी निर्देशक



**श्री निरञ्जय घिमिरे**
उप कार्यकारी निर्देशक



**श्री अम्बिका प्रसाद गिरी**
उप कार्यकारी निर्देशक



**श्री नारायण प्रसाद शर्मा**
उप कार्यकारी निर्देशक



**श्री दिपेश ताम्राकार**
उप कार्यकारी निर्देशक



**श्री कृष्ण प्रसाद घिमिरे**
उप कार्यकारी निर्देशक



**श्री तेज प्रसाद देवकोटा**
उप कार्यकारी निर्देशक

# नेपाल धितोपत्र बोर्ड

## अध्यक्षको मन्तव्य

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७९।८० को नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ । समीक्षा वर्षमा बोर्डबाट Meritocracy को सिद्धान्त अनुरूप धितोपत्र बजारलाइ स्वच्छ, पारदर्शी र जवाफदेही बनाउन प्रणालीगत विकासमा विशेष जोड दिई विकास तथा सुधार कार्यहरू समय सीमामा सम्पादन गरिने परिपाटीको सुरूवात गरिएको छ । बोर्डको वार्षिक प्रतिवेदनमा विश्व तथा नेपालको आर्थिक स्थिति र धितोपत्र बजारको स्थिति, धितोपत्र व्यवसायी तथा सूचीकृत सङ्गठित संस्थाहरूको गतिविधि, बोर्डको कार्यसम्पादन तथा वार्षिक उपलब्धि, विद्यमान समस्या तथा चुनौतीका साथै भावी कार्ययोजनाको समीक्षा गरिएको छ ।

समीक्षा वर्षमा देशको अर्थतन्त्रलाई थप गतिशील बनाउने हेतुले दीर्घकालीन अर्थतन्त्रका सम्पूर्ण चक्रलाई हेरी अर्थतन्त्रको सबलीकरणमा सघाउ हुने गरी नीतिगत एवं कार्य गरिदै आएको छ । नवीनतम उद्यम व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पुँजी परिचालनका लागि Private Equity & Venture Capital (PE/VC) Ecosystem को निर्माण गरी उद्यमशीलता प्रवर्द्धन तथा Enterprise Development का लागि आवश्यक पुर्वाधार सृजना गरिएको छ । जसबाट Start-ups and SMEs हरूका लागि ऋणको सट्टा पुँजी प्राप्त हुने वातावरण बनेको छ, साना तथा मझौला व्यवसायहरूलाई अर्थतन्त्रको मूलधारमा ल्याउने हेतुले एसएमईज प्ल्याटफर्म सञ्चालन नियमावली तयार गरी नेपाल सरकार समक्ष स्वीकृतिका लागि पेश गरिएको छ । देशको शोधनान्तर स्थिति सबल बनाउनका लागि विदेशबाट Remittance औपचारिक माध्यमबाट भित्र्याउने हेतुले वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई सार्वजनिक निष्काशनमा आरक्षण व्यवस्था लागु भएबाट अर्थतन्त्रमा सकरात्मक प्रभाव देखिएको छ । वस्तु विनिमय बजार अनुमतिपत्रको प्रकृया अन्तिम चरणमा रहेको छ । धितोपत्र बजारमा विभिन्न क्षेत्रका कम्पनीहरूलाई पुँजी परिचालनका लागि सहजीकरण गरी सूचीकृत कम्पनीमा विविधीकरण ल्याईएको छ ।

बजार विकास तथा सुधारका क्रममा बोर्डबाट गरिने कार्य, सोच तथा शैलीमा परिर्वतन गरिएको छ । समय सीमा तोकी उत्कृष्टताको आधारमा विकास तथा सुधार कार्य गरिएको छ । तोकिएको मापदण्ड पुऱ्याएका संस्था तथा कम्पनीलाई Open Entry and Exit ब्रोकर प्रणाली मार्फत समय सीमा तोकी पारदर्शीरूपमा ब्रोकर अनुमतिपत्र प्रदान गरिएको छ । मर्जर तथा एक्विजिशन जाने कम्पनीको सेयर बढीमा १५ दिनसम्म मात्र रोक्का हुने व्यवस्था लागू भए बाट लगानीकर्तालाई लाभ पुगेको छ । धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्न बोर्डमा निवेदन पेश गरेको १५ दिनभित्र स्वीकृति दिने व्यवस्था गरिएको छ ।

लगानीकर्ता हित संरक्षणमा जोड दिई सम्पादित कार्य बोर्डबाट लगानीकर्ताहरूको हक हित संरक्षणका लागि कानुन प्रबलीकरणलाई सुदृढ गर्ने क्रममा छोटो समयमा नै १५ भन्दा बढी कारबाही गरिएकोमा पहिलोपटक धितोपत्र सम्बन्धी कसुरहरूमा कारबाही, धितोपत्रको भित्री कारोबारको अनुसन्धान,

धितोपत्र व्यवसायीहरूलाई कारबाही गरिएको छ । बैंक तथा वित्तीय संस्थाले धितोपत्र खरिद सम्बन्धी सुविधा उपलब्ध गराए वापत बढीमा रू. पाँच सेवा शुल्क लिन सक्ने व्यवस्था गरी IPO मा लगानी गर्ने लगानीकर्ताहरूको लागतमा उल्लेखनीय कमी आएको छ । लगानीकर्ताहरूको बढ्दो प्रवेशलाई दृष्टिगत गरी वित्तीय साक्षरता अभिवृद्धिमा जोड दिइएको छ ।

समीक्षा बर्षमा सम्पन्न सुधारहरू बाहेक आगामी वर्षमा पनि संस्थागत सुशासन अभिवृद्धिका लागि केहि आधारभूत सुधार कार्यहरूको गृहकार्य भैसकेको र आगामी दिनमा लागू गर्दै लैजाने योजना रहेको छ । बोर्डबाट धितोपत्र बजार सहभागी संस्थाहरूमा कार्यरत जनशक्तिलाई क्षमता विकासको लागि प्रमाणिकरण कार्यक्रम सञ्चालन गर्ने, सङ्गठित संस्थाहरूमा स्वतन्त्र सञ्चालकको भूमिका प्रभावकारी बनाउन योग्यता तोक्ने साथै बजार सहभागी र सूचीकृत कम्पनीहरूका लागि Standard reporting format तर्जुमा गरी लागू गरिने व्यवस्था मिलाइने छ ।

अन्त्यमा, नेपाल सरकार, अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरणका साथै अन्य सरोकारवाला निकाय, सञ्चारकर्मी, सम्पूर्ण बजार सहभागीहरू तथा कर्मचारीवर्गलाई धितोपत्र बजारको विकासका लागि आ-आफ्नो क्षेत्रमा पुऱ्याउनु भएको योगदान तथा सहयोगको लागि धन्यवाद दिन चाहन्छु । साथै धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको धितोपत्र बजार बनाउन सहयोग गरिरहेको IOSCO, OECD/INFE, World Bank, ADB, Securities and Exchange Board of India (SEBI), Bangladesh Securities and Exchange Commission (BSEC) तथा अन्य अन्तर्राष्ट्रिय सम्बन्ध भएका संस्थाहरूबाट बोर्डलाई प्राप्त सहयोगका लागि समेत कृतज्ञता व्यक्त गर्दछु ।

२१ कात्तिक, २०८०

**रमेश कुमार हमाल**
अध्यक्ष

# विषय-सूची

## भाग-एक
## समग्र आर्थिक स्थिति


| क्र.स. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १.१ | विश्व अर्थतन्त्र | १ |
| | क) विश्व आर्थिक वृद्धि | १ |
| | ख) मूल्य स्थिति | २ |
| | ग) विश्व व्यापार | ३ |
| १.२ | नेपालको समष्टिगत आर्थिक अवस्था | ३ |
| | क) वास्तविक क्षेत्र र मूल्य स्थिति | ३ |
| | ख) मौद्रिक तथा वित्तीय क्षेत्र | ५ |
| | ग) सरकारी वित्त क्षेत्र | ६ |
| | घ) बाह्य क्षेत्र | ६ |


## भाग-दुई
## धितोपत्र बजारको स्थिति


| | | |
|---|---|---|
| २.१ | विश्व धितोपत्र बजार | ९ |
| | क) विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकको अवस्था | १० |
| | ख) सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था | ११ |
| २.२ | नेपालको धितोपत्र बजार | ११ |
| २.२.१ | धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था | १२ |
| २.२.२ | प्राथमिक बजार | १३ |
| | क) धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति | १५ |
| | ख) सार्वजनिक निष्काशन | १६ |
| | ग) प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन | १७ |
| | घ) साधारण सेयर निष्काशन | १८ |
| | ङ) हकप्रद सेयर दर्ता तथा निष्काशन | १८ |
| | च) ऋणपत्र दर्ता तथा निष्काशन | १९ |
| | छ) बोनस सेयर दर्ता तथा निष्काशन | १९ |
| | ज) सामूहिक लगानी योजना दर्ता तथा निष्काशन | २० |
| | झ) विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन | २० |
| २.२.३ | धितोपत्रको दोस्रो बजार | २१ |
| २.२.३.१ | धितोपत्रको दोस्रो बजारका परिसूचकहरू | २१ |
| | क) धितोपत्रको कारोबार | २१ |
| | ख) धितोपत्रको बजार पुँजीकरण | २२ |
| | ग) नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक | २३ |
| | घ) सूचीकृत संगठित संस्था | २४ |
| २.२.३.२ | नेपाल स्टक एक्सचेञ्ज लिमिटेड बाट सम्पादन गरिएका मुख्य कार्यहरू | २५ |
| २.२.४ | ऋणपत्र बजार | २६ |
| २.२.५ | ओटिसी बजार | २६ |
| २.२.६ | धितोपत्रको केन्द्रीय निक्षेप सेवा | २७ |
| २.२.७ | सिडिएससिबाट सम्पादन गरिएका प्रमुख कार्यहरू | २८ |
| २.३ | क्रेडिट रेटिङ्ग सेवा | २८ |
| २.४ | धितोपत्र व्यापारी | २९ |
| २.५ | विशिष्टीकृत लगानी कोष | २९ |
| २.६ | वस्तु विनिमय बजार | २९ |
| २.७ | बोर्डको कार्यसम्पादन तथा वार्षिक उपलब्धी | २९ |
| २.८ | धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम | ३४ |

## भाग-तीन
## बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था


| क्र.स. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| ३.१ | बोर्डको स्थापना | ३७ |
| ३.२ | बोर्डको काम, कर्तव्य र अधिकार | ३७ |
| ३.३ | सञ्चालक बोर्ड | ३९ |
| ३.४ | संगठन संरचना तथा जनशक्ति व्यवस्थापन | ३९ |
| ३.५ | समितिहरू | ४० |
| ३.६ | बोर्डको वित्तीय अवस्था | ४२ |
| ३.७ | अन्तर्राष्ट्रिय सम्बन्ध | ४२ |


## भाग-चार
## बोर्डका कामकारवाही तथा गतिविधि


| | | |
|---|---|---|
| ४.१ | अनुमतिपत्र प्रदान तथा नवीकरण | ४५ |
| ४.२ | कानुनी व्यवस्था, कानुन प्रवलीकरण तथा राय सुझाव | ४७ |
| ४.३ | सुपरिवेक्षण तथा अनुगमन | ४८ |
| ४.४ | लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रम | ५५ |
| ४.५ | छलफल तथा अन्तर्क्रिया कार्यक्रम | ५५ |
| ४.६ | तालिम तथा सेमिनार | ५५ |
| ४.७ | प्रकाशन तथा जानकारी प्रवाह | ५५ |
| ४.८ | अध्ययन तथा अनुसन्धान | ५६ |


## भाग-पाँच
## धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा विद्यमान समस्या तथा चुनौती र आगामी कार्यदिशा


| | | |
|---|---|---|
| ५.१ | धितोपत्र बजारसँग सम्बन्धित समस्या तथा चुनौती | ५७ |
| ५.२ | वस्तु विनिमय बजारसँग सम्बन्धित समस्या तथा चुनौती | ५८ |
| ५.३ | बजार विकास तथा सुधारको आगामी कार्यदिशा | ५९ |


## तालिका सूची


| | | |
|---|---|---|
| तालिका-१.१ | विश्वको आर्थिक वृद्धिदर | १ |
| तालिका-१.२ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ३ |
| तालिका १.३ | नेपालको समिष्टगत आर्थिक स्थिति | ७ |
| तालिका-२.१ | अन्तर्राष्ट्रिय धितोपत्र बजारको अवस्था | ९ |
| तालिका-२.२ | विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकको अवस्था | १० |
| तालिका-२.३ | सन् २०२२ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था | ११ |
| तालिका-२.४ | धितोपत्रको बजारको संक्षिप्त झलक | ११ |
| तालिका-२.५ | धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था | १२ |
| तालिका-२.६ | धितोपत्रको प्राथमिक बजार (वार्षिक तथ्याङ्कमा आधारित) | १४ |
| तालिका-२.७ | धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता | १५ |
| तालिका २.८ | प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन | १७ |
| तालिका-२.९ | धितोपत्रको दोस्रो बजार (वार्षिक तथ्याङ्कमा आधारित) | २१ |
| तालिका-२.१० | धितोपत्रको दोस्रो बजारमा क्षेत्रगत सेयरको कारोवारको स्थिति | २२ |
| तालिका-२.११ | सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था | २४ |
| तालिका २.१२ | ऋणपत्रको सूचीकरण र कारोवार | २६ |
| तालिका-२.१३ | ओटिसि बजार | २७ |
| तालिका-२.१४ | धितोपत्र अभौतिकीकरणको अवस्था | २८ |
| तालिका-३.१ | आ.व. २०७९।८० मा बोर्डको सञ्चालक समितिका सदस्यहरू | ३९ |
| तालिका-४.१ | मर्चेन्ट बैंकरको विवरण प्रवाह स्थिति | ५२ |

| क्र.स. | शीर्षक | चार्ट सूची | पृष्ठ नं. |
|---|---|---|---|


चार्ट १.१ विश्वको आर्थिक वृद्धिदर २
चार्ट १.२ बृहत आर्थिक वृद्धि अनुसारको योगदान ४
चार्ट १.३ कुल ग्राहस्थ्य उत्पादनको वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ४
चार्ट २.१ प्रदेशगत रूपमा डिम्याट खाताको विवरण १२
चार्ट २.२ लिङ्गको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या (आर्थिक वर्ष २०७९।८०) १३
चार्ट २.३ उमेरको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या (प्रतिशतमा) १३
चार्ट २.४ धितोपत्रको प्राथमिक निष्काशन (रकमको आधारमा) १४
चार्ट २.५ धितोपत्रको प्राथमिक निष्काशन (संख्याको आधारमा) १५
चार्ट २.६ धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता १६
चार्ट २.७ सार्वजनिक निष्काशन अनुमति रकम १६
चार्ट-२.८ साधारण सेयर निष्काशन अनुमति रकम १८
चार्ट २.९ हकप्रद सेयर निष्काशन अनुमति रकम १९
चार्ट २.१० ऋणपत्र निष्काशन अनुमति रकम १९
चार्ट २.११ बोनस सेयर दर्ता तथा निष्काशन २०
चार्ट २.१२ सामूहिक लगानी योजना दर्ता तथा निष्काशन २०
चार्ट २.१३ धितोपत्रको वार्षिक कारोबार रकम २२
चार्ट २.१४ कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरण २३
चार्ट २.१५ बजार पुँजीकरण र बजार पुँजीकरणमा क्षेत्रगत प्रतिशत २३
चार्ट २.१६ नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांक (विन्दु) २४
चार्ट २.१७ सूचीकृत संगठित संस्थाहरूको संख्या २५

**अनुसूचीहरू** **६०-८८**

# भाग-एक
# समग्र आर्थिक स्थिति

## १.१ विश्व अर्थतन्त्र

सन् २०२० को शुरूवातदेखि नै विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९, रूस-युक्रेन युद्ध लगायत बढ्दो राजनीतिक तथा आर्थिक ध्रुवीकरणका कारण अर्थतन्त्रमा गम्भिर प्रभाव परी सन् २०२३ मा विश्व अर्थतन्त्र न्यून दरमा बढ्ने अनुमान गरिएको छ । वित्तीय क्षेत्रमा देखिएको समस्यालाई साम्य पार्दै वित्तीय स्थायित्व कायम गर्ने तथा मुद्रास्फीति दरलाई वाञ्छित सीमा भित्र राख्ने उद्देश्यले अधिकांश मुलुकहरूले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिका कारण बैंक व्याजदर उच्च हुन गई कर्जा प्रवाहमा नकरात्मक प्रभाव गर्न गएको छ । रूस-युक्रेनबीच जारी युद्धका कारण समग्र आपूर्ति श्रृखंला खल्बलिनुका साथै उच्च व्याज दरसँगै कर्जा प्रवाहमा कमी आउँदा उत्पादन, रोजगारी र आयको अवसरमा कमी आई अर्थव्यवस्थामा नकरात्मक असर पर्न गएको छ । फलस्वरूप, सन् २०२३ मा विश्व अर्थतन्त्र ३ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । जुन वृद्धिदर कोभिड-१९ अवधिको वृद्धि बाहेकलाई आधारमान्दा सन् २००१ देखिको सबैभन्दा न्यून रहने देखिन्छ । विश्वको आर्थिक वृद्धि, मूल्य स्थिति र अन्य परिसूचकहरूको आधारमा समग्र आर्थिक स्थिति देहाय अनुरूप रहेको छ :

### क) विश्व आर्थिक वृद्धि

विश्व आपूर्ति व्यवस्थामा आएको समस्याले पेट्रोलियम पदार्थ र खाद्यान्न लगायतका दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि एवं वित्तीय स्रोत परिचालनमा आएको कमीका कारण विश्व आर्थिक वृद्धिदरमा सुस्तता छाएको पाइन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले अक्टोवर, २०२३ मा प्रकाशन गरेको प्रक्षेपण अनुसार सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर ३ प्रतिशत रहने देखिएको छ । जुन वृद्धिदर सन् २०२२ मा ३.५ प्रतिशत रहेको थियो । पछिल्लो पाँच वर्षमा विश्व अर्थतन्त्रको औसत वृद्धिदर २.५ प्रतिशत रहेको छ । साथै सन् २०२४ मा विश्वका विभिन्न क्षेत्र र देशहरूको आर्थिक अवस्था अघिल्लो वर्षको तुलनामा २.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ ।

विश्व आर्थिक गतिविधिमा आएको सुस्तताको असर दक्षिण एशियाली मुलुकहरूको आर्थिक वृद्धिमा समेत परेको छ । फलस्वरूप गत वर्षको तुलनामा भुटानको आर्थिक वृद्धि बाहेक अन्य मुलुकहरूको आर्थिक वृद्धिदर घट्ने अनुमान कोषले गरेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार नेपालको आर्थिक वृद्धि सन् २०२२ मा ५.६ प्रतिशत रहेकोमा सन् २०२३ मा ०.८ प्रतिशत रहने प्रक्षेपण रहेको छ । विश्वको आर्थिक वृद्धिदर तालिका १.१ मा प्रस्तुत गरिएको छ ।

तालिका १.१ विश्वको आर्थिक वृद्धिदर (वार्षिक परिवर्तन प्रतिशत )

| क्र.सं. | विवरण | सन्मा | | | | |
|---|---|---|---|---|---|---|
| | | २०२० | २०२१ | २०२२ | २०२३* | २०२४* |
| १ | विश्व अर्थतन्त्र | -२.८ | ६.३ | ३.५ | ३.० | २.९ |
| २ | विकसित अर्थतन्त्र | -४.२ | ५.६ | २.६ | १.५ | १.४ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | -१.८ | ६.९ | ४.१ | ४.० | ४.० |
| ४ | उदीयमान तथा विकासशील एशियाली मुलुकहरू | -०.५ | ७.५ | ४.५ | ५.२ | ४.८ |
| ५ | उदीयमान तथा विकासशील युरोपेली मुलुकहरू | -१.६ | ७.३ | ०.८ | २.४ | २.२ |
| ६ | युरोपियन युनियन | -५.६ | ५.९ | ३.६ | ०.७ | १.५ |
| ७ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | -३.० | ४.० | ५.६ | २.० | ३.४ |
| ८ | न्यून आय भएका विकासशील अर्थतन्त्र | १.१ | ३.९ | ५.२ | ४.० | ५.१ |
| ९ | अमेरिका | -२.८ | ५.९ | २.१ | २.१ | १.५ |
| १० | जापान | -४.२ | २.२ | १.० | २.० | १.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | चीन | २.२ | ८.४ | ३.० | ५.० | ४.२ |
| १२ | दक्षिण एसियाली राष्ट्रहरू | | | | | |
| | बङ्गालादेश | ३.४ | ६.९ | ७.१ | ६.० | ६.० |
| | भुटान | -२.३ | -३.३ | ४.८ | ५.३ | ३.० |
| | भारत | -५.८ | ९.१ | ७.२ | ६.३ | ६.३ |
| | माल्दिभ्स | -३३.४ | ४१.७ | १३.९ | ८.१ | ५.० |
| | नेपाल | -२.४ | ४.८ | ५.६ | ०.८ | ५.० |
| | श्रीलङ्का | -३.५ | ३.३ | -८.७ | -३.० | १.५ |
| | पाकिस्तान | -०.९ | ५.८ | ६.१ | ०.५ | २.५ |
| | अफगानिस्तान | -२.४ | -२०.७ | - | - | - |
| स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अक्टोबर २०२३ आइएमएफ र आर्थिक सर्वेक्षण, २०७९।८०, नेपाल सरकार । | | | | | | |
| *अनुमानित | | | | | | |

विगत केही वर्षको विश्वको आर्थिक वृद्धिदर तथा प्रक्षेपित दरलाई चार्ट १.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट १.१ : विश्वको आर्थिक वृद्धिदर**




*प्रक्षेपण

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टोवर २०२३ ।

## ख) मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विश्व मुद्रास्फीतिको प्रारम्भिक अनुमानभन्दा ढिला भएपनि घट्दै जाने देखिएको छ । कोषको सन् २०२३ अक्टोवरमा प्रकाशित तथ्याङ्क अनुसार विश्वको मूल्य वृद्धिदर सन् २०२२ को ८.७ प्रतिशत रहेकोमा यस वर्ष ६.९ प्रतिशत र सन् २०२४ मा ५.८ प्रतिशत रहने प्रक्षेपण रहेको छ । रसिया-युक्रेन युद्धका कारण खल्बलिएको आपूर्ति श्रृखंलामा केही सुधारको साथसाथै अधिकांश केन्द्रीय बैंकहरूले मौद्रिक नीतिमा व्यापक कडाईको कारण मूल्य स्थिति आफ्नो लक्ष्यतर्फ फर्किने क्रममा रहेको छ । सन् २०२३ मा दक्षिण एसियाली मुलुकहरू मध्ये पाकिस्तानको मूल्य वृद्धि सबैभन्दा बढी २९.२ प्रतिशत रहने प्रक्षेपण रहेको छ । साथै सन् २०२३ मा दक्षिण एसियाली मुलुकहरू मध्ये मूल्यवृद्धिदर सबैभन्दा कम माल्दिभ्सको ३.५ प्रतिशत रहने अनुमान अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ । कोषको तथ्याङ्क अनुसार सन् २०२२ मा नेपालको मुद्रास्फीति ६.३ प्रतिशत रहेकोमा सन् २०२३ मा ७.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ । नेपालको छिमेकी मुलुक भारतको मुद्रास्फीति सन् २०२२ मा ६.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ५.५ प्रतिशत र चीनको सन् २०२२ मा १.९ प्रतिशत रहेकोमा सन् २०२३ मा ०.७ प्रतिशत रहने प्रक्षेपण कोषले गरेको छ ।

| तालिका १.२: दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | सन् | | | | |
| | | २०२० | २०२१ | २०२२ | २०२३* | २०२४* |
| १ | बङ्गालादेश | ५.६ | ५.६ | ६.१ | ९.० | ७.९ |
| २ | भुटान | ३.० | ८.२ | ५.९ | ५.२ | ४.४ |
| ३ | भारत | ६.२ | ५.५ | ६.७ | ५.५ | ४.६ |
| ४ | माल्दिभ्स | -१.६ | ०.२ | २.६ | ३.५ | २.८ |
| ५ | नेपाल | ६.१ | ३.६ | ६.३ | ७.८ | ६.७ |
| ६ | श्रीलङ्का | ४.६ | ६.० | ४५.२ | - | - |
| ७ | पाकिस्तान | १०.७ | ८.९ | १२.१ | २९.२ | २३.६ |
| ८ | अफगानिस्तान | ५.६ | ५.१ | १३.७ | - | - |
| ९ | चीन | २.५ | ०.९ | १.९ | ०.७ | १.७ |

स्रोतः वर्ल्ड इकोनोमिक आउटलुक, अक्टोवर २०२३ आइएमएफ र आर्थिक सर्वेक्षण, २०७९।८०, नेपाल सरकार ।

नोटः अफगानिस्तान र श्रीलंकाको सन् २०२३ र २०२४ का लागि प्रक्षेपण नगरेको ।

*अनुमानित

### ग) विश्व व्यापार

रसिया-युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय परिवेशमा आपूर्ति व्यवस्थामा देखिएको असहजता लगायत विश्वका अधिकांश मुलुकका केन्द्रीय बैंकहरूले लिएको कसिलो मौद्रिक नीतिका कारण सन् २०२३ मा विश्व व्यापार ०.९ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण आइएमएफले गरेको छ । जुन वृद्धिदर सन् २०२२ मा ५.१ प्रतिशत रहेको थियो । नेपालको सन् २०२२ मा चालु खाता घाटा १२.७ प्रतिशत रहेकोमा सन् २०२३ मा चालु खाता घाटामा कमी आई १.५ प्रतिशत रहने प्रक्षेपण आइएमएफको रहेको छ ।

## १.२ नेपालको समष्टिगत आर्थिक स्थिति

आर्थिक वर्ष २०७९।८० को अवधिमा नेपालको अर्थतन्त्रमा शिथिलता आएको छ । कोभिड-१९ को महामारीको असर क्रमशः सामान्यीकरण भएसँगै समिष्टगत माग वृद्धि भई आन्तरिक माग पूर्तिका लागि आयातमा बढोत्तरी हुँदा वस्तु व्यापार घाटा बढ्न गई वित्तीय क्षेत्रमा तरलताको चाप पर्नु र विदेशी मुद्रा सञ्चिति कम हुँदै गएकोले अर्थतन्त्र थप चुनौतीपूर्ण बन्दै गएको छ । सरकारले वित्तीय चाप तथा बाह्य असन्तुलनलाई मिलान गर्न लिएको आयात नियन्त्रण नीतिले सरकारको राजस्व संकलनमा कमी हुन गएको छ । अर्कोतिर समिक्षा वर्षको बजेट विनियोजन बमोजिमको खर्च बढ्न नसक्दा अर्थतन्त्रमा तरलता समस्या उत्पन्न हुन गएको छ । फलस्वरूप, वित्तीय क्षेत्रमा देखा परेको तरलता समस्यासँगै विदेशी विनिमय संचितीमा परेको दवावलाई नियन्त्रण गर्न केन्द्रीय बैंकले लिएको कठोर मौद्रिक नीतिले निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा कमी आएको तथा व्याजदरमा उच्च वृद्धि हुन पुगेको छ । यी विविध समस्याले आन्तरिक उत्पादन, रोजगारी र आम्दानीमा थप असर परेको छ । समिक्षा वर्षमा नेपालको अर्थतन्त्रको अवस्था देहाय बमोजिम प्रस्तुत गरिएको छः-

### क) वास्तविक क्षेत्र र मूल्य स्थिति

नेपालको अर्थतन्त्र आर्थिक वर्ष २०७९।८० मा ८ प्रतिशतको आर्थिक वृद्धिदर हुने लक्ष्य रहेकोमा आन्तरिक मागमा संकुचन आएको कारण केवल १.८६ प्रतिशतले मात्र विस्तार हुने अनुमान रहेको छ । साथै, राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९।८० मा कुल गार्हस्थ्य उत्पादन (GDP) को वृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । समिक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान केही बढ्न गएको छ भने कृषि क्षेत्र र उद्योग क्षेत्रको योगदानमा गत आर्थिक वर्षको भन्दा केही कमी आएको छ । फलस्वरूप कुल गार्हस्थ्य उत्पादन संरचनामा क्रमिक रूपमा परिवर्तन हुँदै गएको छ । प्राथमिक क्षेत्रको योगदान हरेक वर्ष घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ । आर्थिक वर्ष २०७९।८० कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक,

द्वितीय र सेवा क्षेत्रको अंश क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत, ६२.४३ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

चार्ट १.२ : बृहत आर्थिक वृद्धि अनुसारको योगदान




स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८०

आ.व. २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९४.२३ प्रतिशत रहेकोमा आ.व. २०७९/८० को समिक्षा अवधिमा केही कमी भई ९३.५९ प्रतिशत रहने अनुमान छ । पछिल्लो दशकमा उपभोग र कुल गार्हस्थ्य उत्पादनको अनुपात औसत ९१.२० प्रतिशत रहेको छ । आ.व. २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात ५.७ प्रतिशत रहेकोमा आ.व. २०७९/८० मा सो अनुपातमा सीमान्त रूपमा वृद्धि भई ६.४ प्रतिशत हुने अनुमान छ । त्यसैगरी आ.व. २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात ३१.६६ प्रतिशत रहने अनुमान छ । गत आ.व. मा यस्तो अुनपात २९.०२ प्रतिशत रहेको थियो । पछिल्लो १० वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचतको औसत अनुपात क्रमशः ८.८ प्रतिशत र ३६.०९ प्रतिशत रहेको छ । आ.व. २०७८/७९ मा कुल लगानी कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३७.४ प्रतिशतले वृद्धि भएकोमा आ.व. २०७९/८० मा केही कमी भई ३२.६ प्रतिशत रहने अनुमान छ । बैंक तथा वित्तीय बजारमा देखिएको तरलता चापसँगै ब्याज दरमा भएको वृद्धि, बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा आएको कमी र न्यून पुँजीगत खर्चका कारण चालु वर्षमा लगानीको वृद्धि सामान्य रहने अनुमान छ । नेपालको विगत १२ आर्थिक वर्षको आर्थिक वृद्धिलाई चार्ट १.३ मा प्रस्तुत गरिएको छ ।

**चार्ट १.३: कुल गार्हस्थ्य उत्पादनको वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)**



अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएको असहज परिदृष्यका कारण आपूर्ति श्रृंखलामा सिर्जित अवरोध र पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले नेपालको समग्र मूल्यस्तर उच्च रहन गयो। पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले ढुवानी खर्चमा भएको वृद्धि, खाद्य पदार्थ तथा आयातित कच्चा पदार्थ लगायत अन्य वस्तु तथा सेवाहरूमा भएको मूल्य वृद्धिका कारण नेपालमा पनि मुद्रास्फीतिमा चाप परेको छ। आर्थिक वर्ष २०७९।८० को असारसम्म औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.३२ प्रतिशत रहेको थियो। नेपाल राष्ट्र बैंकबाट प्रकाशित वर्तमान आर्थिक तथ्याङ्क अनुसार २०८० असार महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत रहेको छ। समिक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.६२ प्रतिशत र गैर खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.६२ प्रतिशत रहेको छ। त्यसैगरी अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७९।८० मा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत रेष्टुरेण्ट तथा होटल उप-समूहको मूल्यवृद्धि १४.४२ प्रतिशत, मरमसलाको १२.५० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १०.७० प्रतिशत, सुर्तीजन्य पदार्थको ९.८८ प्रतिशत र दुग्ध पदार्थ तथा अण्डाको ९.२३ प्रतिशत रहेको छ। गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात उप-समूहको मूल्यवृद्धि १३.५० प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १०.१८ प्रतिशत, स्वास्थ्यको १०.०१ प्रतिशत, शिक्षाको ८.७९ प्रतिशत र घरायसी उपयोगका वस्तुहरूको ८.६५ प्रतिशत रहेको छ। समिक्षा वर्षमा काठमाडौं उपत्यकामा ७.५५ प्रतिशत, तराईमा ८.०० प्रतिशत, पहाडमा ७.५६ प्रतिशत र हिमालमा ७.१२ प्रतिशत वार्षिक औसत उपभोक्ता मुद्रास्फीति रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी क्षेत्रहरूमा क्रमशः ५.७३ प्रतिशत, ६.४१ प्रतिशत, ६.८७ प्रतिशत र ६.०७ प्रतिशत मुद्रास्फीति रहेको थियो।

**ख) मौद्रिक तथा वित्तीय क्षेत्र**

कोभिड-१९ पश्चात अर्थतन्त्रको पुनरूत्थानको प्रक्रियाले गति लिएसँगै समष्टिगत मागमा वृद्धि भई कर्जा तथा निक्षेपको वृद्धिदरमा असन्तुलन भएका कारण बैंकिङ्ग प्रणालीमा तरलता दबाब देखिएको छ। यस्तै पुँजी बजारमा लगानीकर्ताको मनोबल कमजोर हुँदा नेप्से सूचकांक, बजार पुँजीकरण तथा कारोबार रकम लगायतका सूचकहरूमा केही गिरावट आएको छ। यद्यपि वित्तीय पहुँचमा सुधार हुँदै गएको छ भने वित्तीय कारोबारमा विद्युतीय भुक्तानी माध्यमको प्रयोग बढ्दै गएको छ।

आर्थिक वर्ष २०७९।८० मा विस्तृत मुद्राप्रदाय (M2) ११.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको थियो। समिक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. २९० अर्ब ५२ करोड (२६.१ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रू. २५५ अर्ब २६ करोड (१९.१ प्रतिशत) ले घटेको थियो। साथै, समिक्षा वर्षमा संकुचित मुद्राप्रदाय (M1) ०.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय ९.७० प्रतिशतले घटेको थियो। समिक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १२.३० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप ९.०१ प्रतिशतले बढेको थियो। २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.६ प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा यस्तो निक्षेपको अंश ३८.३ प्रतिशत रहेको थियो। समिक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.८ प्रतिशतले बढेको छ, जुन गत वर्ष १३.१ प्रतिशतले बढेको थियो।

आर्थिक वर्ष २०७९।८० को अवधिमा बैंकिङ्ग क्षेत्रको व्याजदरमा उतार चढाव आएकोमा आर्थिक वर्षको अन्त्य तिर केही सन्तुलन तर्फ उन्मूख भएको छ। २०७९ असारमा ९१- दिने ट्रेजरी बीलको भारित औसत व्याजदर १०.६६ प्रतिशत रहेकोमा २०८० असारमा ६.३५ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत व्याजदर २०७९ असारमा ६.९९ प्रतिशत रहेकोमा २०८० असारमा २.९८ प्रतिशत रहेको छ। मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा लिइने औसत अन्तर-बैंक व्याजदर २०८० असारमा ३.१४ प्रतिशत रहेको छ। समिक्षा वर्षमा बैंकिङ्ग क्षेत्रमा देखिएको तरलतासम्बन्धी समस्यालाई सम्बोधन गर्दै व्याजदर स्थायित्व कायम गर्न चुनौती देखा परेको थियो।

नेपालको समग्र वित्तीय पहुँच निरन्तर बढ्दै गएको छ। कुल ७५३ स्थानीय तहमध्ये २०८० जेठसम्म ७५२

तहमा वाणिज्य बैंकहरूका शाखा विस्तार भएका छन् । २०७९ जेठसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरूका शाखा विस्तार भएका थिए । शाखा विस्तारसँगै बैंकिङ्ग कारोबार गर्ने जनसंख्या उल्लेख्य बढेको छ भने वित्तीय उपकरणमा सर्वसाधारणको पहुँचका कारण विद्युतीय भुक्तानी कारोबार उल्लेख्य रूपमा बढेको छ ।

धितोपत्र बजारतर्फ आस्वा तथा सिआस्वा प्रणाली लागू भएपश्चात् धितोपत्रको प्राथमिक बजारमा ७७ वटै जिल्लाका लगानीकर्ताहरूमा पहुँच पुगेको छ । साथै, धितोपत्रको दोस्रो बजारमा स्वचालित कारोबार प्रणाली प्रयोगमा आए पश्चात् लगानीकर्ताले युजरनेम र पासवर्ड लिई अनलाइन मार्फत कारोबार गर्न सक्ने व्यवस्था हुँदा कारोबार विस्तार गर्न सहज भएको छ । आ.व. २०७९।८० को असारसम्म हितग्राही खाताको कुल संख्या ५८ लाख २३ हजार पुगेको छ । त्यसैगरी २०७९ असारसम्म २००९.४७ बिन्दुमा रहेको नेप्से सूचकांकमा ४.३७ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा २०९७.१० बिन्दु पुगेको छ । आ.व. २०७९।८० को असारसम्म बीमा व्यवसायको कुल वित्तीय स्रोत तथा उपयोग रू. ७ खर्ब १३ अर्ब रहेको छ । साथै, २०८० असारसम्म बीमामा सहभागी हुनेको संख्या कुल जनसंख्याको ४५.१ प्रतिशत पुगेको छ । २०७९ असारसम्म यस्तो जनसंख्या ४१.४ प्रतिशत रहेको थियो ।

### ग) सरकारी वित्त क्षेत्र

सार्वजनिक वित्त क्षेत्रको समिक्षा गर्दा बर्सेनि बढ्दै गएको अनिवार्य दायित्व, संघीय संरचना लागू भएपश्चात गर्नुपर्ने एकीकृत खर्च, समिक्षा वर्षमा भएको संघ र प्रदेशको आवधिक निर्वाचन र सार्वजनिक वस्तु तथा सेवाको मूल्यमा भएको वृद्धि लगायतका कारण समिक्षा वर्षमा संघीय खर्चमा वृद्धि भएको छ । साथै, सरकारको आयात नियन्त्रण नीतिका कारण वस्तु आयातमा संकुचन, लगानीमा आएको कमीका कारण उत्पादन, रोजगारी तथा आम्दानीमा कमी आई राजस्व परिचालनमा दवाव सिर्जना भएको छ । राजस्वमा परेको दवावलाई व्यवस्थापन गर्दा सरकारको आन्तरिक तथा बाह्य ऋण बढ्न गई सार्वजनिक ऋणको दायित्व बढ्न गएको छ ।

आर्थिक वर्ष २०७९।८० मा नेपाल सरकारको संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.१ प्रतिशतले वृद्धि भई रू. १४ खर्ब २९ अर्ब ५६ करोड कायम हुन पुगेको छ । त्यस्तै संघीय राजस्वमा १०.२ प्रतिशतले कमी आई रू. ९ खर्ब ५७ अर्ब १५ करोड कायम हुन पुगेको छ । यसरी यस अवधिमा राजस्व संकलन वार्षिक लक्ष्यको ६८.२ प्रतिशत मात्र भएको छ । फलस्वरूप समिक्षा वर्षको बजेट विनियोजन बमोजिमको खर्च हुन सकेको छैन । अर्कोतिर सरकारको राजस्व परिचालनमा उच्च संकुचन उत्पन्न भएको छ । समिक्षा वर्षमा सरकारको चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था वापतको खर्चको अंश क्रमशः ७०.४ प्रतिशत, १६.३ प्रतिशत र १३.३ प्रतिशत रहेको छ ।

त्यसैगरी सरकारको राजस्व परिचालनमा आएको उच्च संकुचन र लक्ष्य बमोजिमको वैदेशिक अनुदान परिचालन हुन नसक्दा आर्थिक वर्ष २०७९।८० मा सरकारको बजेट घाटा रू. ४ खर्ब ८६ अर्ब ८९ करोड पुगेको छ । सो घाटा आर्थिक वर्ष २०७८।७९ मा रू. २ खर्ब ६३ अर्ब ६७ करोड रहेको थियो ।

### घ) बाह्य क्षेत्र

आर्थिक वर्ष २०७९।८० को फागुनसम्म नेपालको आयात तथा निर्यात दरमा उल्लेख्य कमी आएको छ । यस आर्थिक वर्षको शुरूवातदेखि नै शोधनान्तर स्थिति उच्च घाटा, विदेशी विनिमयमा दबाव सिर्जना भई बाह्य असन्तुलन देखा परेकोले बाह्य सन्तुलन कायम गर्न नेपाल सरकारले आयात नियन्त्रण नीति अवलम्बन गर्दा वस्तु आयातमा उच्च संकुचन आई वस्तु व्यापार घाटामा सुधार देखिएको छ । फलस्वरूप, व्यापार घाटामा भएको सुधार र पछिल्लो समय विप्रेषण आप्रवाह र भ्रमण आयमा उल्लेख्य वृद्धि भएको कारण चालु खाता घाटातर्फ उल्लेख्य सुधार हुनुको साथै शोधनान्तर स्थिति बचतमा रहेकोले बाह्य क्षेत्र सन्तुलन हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९।८० मा कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई रू. १५७ अर्ब १४ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो निर्यात ४१.७ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ३१.३ प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य

मुलुकतर्फको निर्यात क्रमशः ११८.३ प्रतिशत र १०.७ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा जिंक सिट, पार्टिकल बोर्ड, अलैंची, ऊनी गलैंचा, पोलिष्टर धागो लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहना लगायतका वस्तुको निर्यात घटेको छ ।

त्यसैगरी कुल वस्तु आयाततर्फ आर्थिक वर्ष २०७९।८० मा कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी आई रू.१६११ अर्ब ७३ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आयात २४.७ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १४.४ प्रतिशत, १५.९ प्रतिशत र २०.७ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा स्पोन्ज आइरन, रासायनिक मल, अन्य स्टेशनरी सामान, अलकत्रा, कागज लगायतका वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टस्, एम.एस.विलेट, औषधी, पेट्रोलियम पदार्थ, कच्चा भटमासको तेल लगायतका वस्तुको आयात घटेको छ । समिक्षा वर्षमा कुल वस्तु व्यापार घाटा १५.५ प्रतिशतले कमी आई रू. १४५४ अर्ब ५९ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो घाटा २३ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा निर्यात-आयात अनुपात ९.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो अनुपात १०.४ प्रतिशत रहेको थियो ।

गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा करिब २०.८ प्रतिशत अंश रहेको विप्रेषण आयमा आर्थिक वर्ष २०७९।८० मा विप्रेषण आप्रवाह २१.२ प्रतिशतले वृद्धि भई रू. १२२० अर्ब ५६ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४.८ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा चालु खाता रू.७२ अर्ब १६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. ६२३ अर्ब ३८ करोडले घाटामा रहेको थियो । त्यसैगरी समिक्षा वर्षमा शोधनान्तर स्थिति रू. २९० अर्ब ५२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रू. २५५ अर्ब २६ करोडले घाटामा रहेको थियो । विप्रेषण आप्रवाहमा भएको वृद्धि एवं सरकारको आयात नियन्त्रण नीतिको कारणले शोधनान्तर स्थिति बचतमा रहन पुगेको छ । यस्तै आयातमा नियन्त्रण गरेको कारण २०७९ असार मसान्तमा रू. १२१५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चितिमा २६.६ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू. १५३९ अर्ब ३६ करोड पुगेको छ । उक्त विदेशी विनिमय संचितिले आर्थिक वर्ष २०७९।८० को आयातलाई आधार मान्दा ११.७ महिनाको वस्तु आयात र १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । त्यसैगरी २०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ २.७९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ ६.६४ प्रतिशतले अवमूल्यन भएको थियो । नेपालको समग्र आर्थिक स्थिति सम्बन्धी विवरण तालिका १.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.३: नेपालको समिष्टगत आर्थिक स्थिति**

| क्र.सं. | विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५।२०७६ | २०७५।२०७७ | २०७७।२०७८ | २०७८।२०७९ | २०७९।२०८० |
| १. वस्तविक क्षेत्र र मूल्य स्थिति | | | | | | | |
| | क) यथार्त आर्थिक वृद्धि (आधारभूत मूल्यमा) | प्रतिशत | ६.३९ | -२.४२ | ४.४९ | ५.२६ | २.१६ |
| | कृषि | प्रतिशत | ५.१६ | २.४३ | २.८५ | २.२४ | २.७३ |
| | उद्योग | प्रतिशत | ७.३८ | -४.०२ | ६.९५ | १०.८० | ०.५९ |
| | सेवा | प्रतिशत | ६.७६ | -४.५३ | ४.७१ | ५.३२ | २.३३ |
| | ख) प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय | अमेरिकी डलर | १५२७ | १४७५ | १५९८ | १७२४ | १७५२ |
| | ग) कुल उपभोग/जिडिपी अनुपात | प्रतिशत | ८४.७० | ९४.२८ | ९३.६३ | ९४.२३ | ९३.५९ |
| | घ) कुल गार्हस्थ बचत/जिडिपी अनुपात | प्रतिशत | १५.३० | ५.७२ | ६.३७ | ५.७७ | ६.४१ |
| | ङ) कुल राष्ट्रिय बचत/जिडिपी अनुपात | प्रतिशत | ४२.१२ | ३२.१६ | ३१.५२ | २९.०२ | ३१.६६ |
| | च) कुल स्थिर पुँजी लगानी/जिडिपी अनुपात | प्रतिशत | ३३.८२ | ३०.४७ | २९.३४ | २८.४५ | २५.२१ |
| | छ) कुल लगानी/जिडिपी अनुपात | प्रतिशत | ४१.३८ | ३०.४४ | ३५.१६ | ३७.४२ | ३२.६० |
| | ज) औसत वार्षिक मुद्रा स्फीति (मूल्य वृद्धिदर) | प्रतिशत | ४.६४ | ६.१५ | ३.६० | ६.३२ | ७.७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **२. मौद्रिक एवं वित्तीय क्षेत्र** | | | | | | | |
| | क) संकुचित मुद्राप्रदाय (एम १) | प्रतिशत | ८.५ | १७.८ | २२.६ | -९.७ | -०.१ |
| | ख) विस्तृत मुद्राप्रदाय (एम २) | प्रतिशत | १५.७६ | १८.११ | २१.८४ | ६.८ | ११.४ |
| | ग) निजी क्षेत्रको कर्जा वृद्धि | प्रतिशत | १९.१४ | १२.६० | २६.३३ | १३.२१ | ३.८ |
| | घ) कुल निक्षेप वृद्धि | प्रतिशत | १७.९८ | १८.६९ | २१.४३ | ९.०१ | १२.३ |
| | ङ) पुँजी बजार | | | | | | |
| | कुल बजार पुँजीकरण | रू. अर्बमा | १५६७.५० | १७९२.७६ | ४०१०.९६ | २८६९.३४ | ३०८२.५ |
| | नेप्से परिसूचक | विन्दुमा | १२५९.० | १३६२.४ | २८८३.४ | २००९.५ | २०९७.१ |
| **३. सार्वजनिक वित्त** | | | | | | | |
| | क) राजस्व वृद्धि | प्रतिशत | १४.१६ | -४.३३ | १७.९१ | १३.९४ | -१०.२ |
| | ख) कुल सरकारी खर्च वृद्धि | प्रतिशत | २.१३ | -१.७४ | ९.६७ | १०.९ | ९.१ |
| | ग) तिर्न बाँकी सार्वजनिक ऋण | रू. अर्बमा | १०४७.०९ | १४१८.५५ | १७३५.०२ | २०१०.१३ | २२१८.५४ |
| | घ) कुल प्रति व्यक्ति ऋण (तिर्न बाँकी) | रूपैँयामा | ३६९०९.९० | ५००१६.८३ | ६००८१.१७ | ६८९७९.२४ | ७०६१२.८२ |
| **४. वाह्य क्षेत्र** | | | | | | | |
| | क) कुल निर्यात वृद्धि | प्रतिशत | १९.४ | ०.६ | ४४.४ | ४१.७ | -२१.४ |
| | ख) निर्यात/जिडिपी अनुपात | प्रतिशत | २.५ | २.५ | ३.२ | ४.१ | २.९ |
| | ग) आयात वृद्धि | प्रतिशत | १३.९ | -१५.६ | २८.७ | २४.७ | -१६.१ |
| | घ) आयात/जिडिपी अनुपात | प्रतिशत | ३६.८ | ३०.८ | ३५.४ | ३८.९ | ३० |
| | ङ) निर्यात/आयात अनुपात | प्रतिशत | ६.८५ | ८.१६ | ९.१६ | १०.४२ | ९.७ |
| | च) व्यापार घाटा वृद्धि | प्रतिशत | १३.५ | -१६.८ | २७.३ | २३.० | -१५.५ |
| | छ) व्यापार घाटा/जिडिपी अनुपात | प्रतिशत | -३४.२ | -२८.३ | -३२.१ | -३४.९ | -२७ |
| | ज) चालु खाता सन्तुलन | रू. अर्बमा | -२६६.९७ | -३३.७६ | -३३३.६७ | -६२३.३८ | -७२.२ |
| | झ) शोधनान्तर बचत | रू. अर्बमा | -६७.४० | २८२.४१ | १.२३ | -२५५.२६ | २९०.५२ |
| | ञ) विदेशी मुद्रा संचिति (वस्तु तथा सेवा आयात धान्न पुग्ने) क्षमता | महिना | ७.७९ | १२.६८ | १०.१७ | ६.९४ | १० |
| | विदेशी विनिमय दर | रू. प्रति अमेरिकी डलर | ११२.८८ | १२०.३७ | ११९.०४ | १२७.५१ | १३१.१७ |

स्रोतः आर्थिक सर्वेक्षण, २०७९/८०, नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय र राष्ट्रिय तथ्याङ्क कार्यालय

नेपालको अर्थतन्त्रमा संरचनात्मक परिवर्तन भई कृषि प्रधान अर्थतन्त्रबाट सेवा प्रधान अर्थतन्त्रमा रूपान्तरण हुँदै गएको छ । यस्तै, अर्थतन्त्रको वास्तविक, सरकारी वित्त र बाह्य क्षेत्र असन्तुलित भएका कारण वित्तीय प्रणालीमा दबाब परेको छ । पछिल्लो समय सरकारले बाह्य क्षेत्रमा परेको चाप सम्बोधन गर्न अवलम्बन गरेका नीतिहरूबाट सकारात्मक नतिजाहरू देखिन थालेका छन् । अर्थतन्त्रमा देखा परेको समग्र समस्या समाधान गर्न आन्तरिक उत्पादन बढाउनुको साथै समिष्टगत मागमा वृद्धि गर्नु जरूरी रहेको छ । साथै कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गरी उत्पादनशील रोजगारी सिर्जनालाई प्राथमिकता दिनुपर्ने देखिन्छ भने सरकारी खर्चको प्रभावकारिता तथा गुणस्तरीयता अभिवृद्धि, कर्जाको उत्पादनशिल प्रयोगलाई बढावा दिदैँ मौद्रिक तथा बाह्य क्षेत्रको समेत दिगो एवं सन्तुलित विकास हुने गरी समष्टिगत आर्थिक नीतिहरूमा तादाम्यता र प्रभावकारिता कायम गर्नुपर्ने देखिन्छ ।

***

# भाग-दुई
# धितोपत्र बजारको स्थिति

## २.१ विश्व धितोपत्र बजार

सन् २०२३ को पहिलो आधा वर्ष भू-राजनीतिक र आर्थिक दवावको कारण द्रुत आर्थिक सुधारको अपेक्षामा वाधा पुग्यो । रूस-युक्रेन युद्धको असरको अतिरिक्त युरोप र अमेरिकाका केही बैंकहरूको असफलताका कारण वित्तीय संस्थाहरूलाई ठूलो कठिनाई पर्न सक्ने भय सृजना भयो । अर्कोतिर निरन्तरको मुद्रास्फिीतिले केन्द्रीय बैंकहरूलाई मौद्रिक नीतिमा कडाइ गर्न बाध्य गऱ्यो जसको फलस्वरूप बजारमा व्याजदर बढे पछि सेयर मूल्यमा दवाव पर्न गयो । विश्व अर्थतन्त्रमा शिथिलता, न्यून प्रत्यक्ष वैदेशिक लगानी, बाह्य क्षेत्र असन्तुलन, उच्च मुद्रास्फिीति र व्याजदर जस्ता कारण विश्व धितोपत्र बजारमा समेत असर परेको देख्न सकिन्छ ।

धितोपत्र विनिमय बजारहरूको विश्व संगठन - World Federation of Exchanges (WFE) ले प्रकाशन गरेको तथ्यांक अनुसार सन् २०२१ को तुलनामा सन् २०२२ मा विश्व धितोपत्र बजारको पुँजीकरणमा करिब १८.४२ प्रतिशतले कमी आई यु.एस.डलर १००.९४ ट्रिलियन पुगेको देखिन्छ भने सन् २०२३ को जुनसम्म बजार पुँजीकरण यु.एस.डलर १०८.५३ ट्रिलियन रहेको छ । सन् २०२३ को जुनसम्मको बजार पुँजीकरणलाई सन् २०२२ को जुनसँग तुलना गर्दा ६.७४ प्रतिशलते बढी रहेको छ । सन् २०२१ को तुलनामा सन् २०२२ मा धितोपत्रको बजार पुँजीकरणतर्फ अन्य क्षेत्रको तुलनामा युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्रको १२.६८ प्रतिशतले कमी आएको छ भने अमेरिकी क्षेत्रको सबैभन्दा बढी २१.९९ प्रतिशतले कमी आएको छ ।

सन् २०२२ मा विश्व धितोपत्र बजारमा करिब यु.एस.डलर १४५.९ ट्रिलियन बराबरको कारोबार भएको देखिन्छ, जुन कारोबार सन् २०२१ को तुलनामा ९.३५ प्रतिशतले कमी हो । उक्त समयमा सबैभन्दा बढी कारोबार अमेरिकी क्षेत्रमा भएको छ । यसैगरी सन् २०२३ को जुनसम्म विश्व धितोपत्र बजारमा यु.एस.डलर ६५.३७ ट्रिलियन बराबरको कारोबार भएको देखिन्छ, । यो कारोबारलाई सन् २०२२ को जुनसम्मको कारोबारसँग तुलना गर्दा २०.९१ प्रतिशतले कमी आएको देखिन्छ । विश्व धितोपत्र बजारमा सूचीकृत कम्पनीको तुलना गर्दा सन् २०२१ को तुलनामा सन् २०२२ मा १.७१ प्रतिशतले कमी आएको छ । यस अवधिमा सूचीकृत कम्पनीको संख्या सबैभन्दा बढी एशिया प्यासिफिक क्षेत्रमा रहेको छ भने सबैभन्दा कम अमेरिकी क्षेत्रमा रहेको छ । यसैगरी सन् २०२३ जुनसम्म विश्व धितोपत्र बजारमा सूचीकृत कम्पनीको संख्या ५५,७३७ पुगको देखिन्छ । जसलाई सन् २०२२ जुनसम्मको अवधिसँग तुलना गर्दा ६.२१ प्रतिशतले कमी आएको देखिन्छ ।

विश्व धितोपत्र बजारमा प्राथमिक निष्काशन तर्फ सन् २०२१ लाई उल्लेखनीय वर्षको रूपमा लिन सकिन्छ । भने सन् २०२२ मा यु.एस.डलर १८७.०५ विलियन बराबरको प्राथमिक निष्काशन भएको छ जुन सन् २०२१ को तुलनामा ६२.४५ प्रतिशतले कमी हो । यद्यपि उक्त वर्ष सबैभन्दा बढी (कुल निष्काशनको करिब ७०.९७ प्रतिशत) निष्काशन एशिया प्यासिफिक क्षेत्रमा भएको छ । त्यसैगरी सन् २०२२ जुनको तुलनामा सन् २०२३ को जुनसम्मको प्राथमिक निष्काशनमा समेत ५३.४१ प्रतिशतले कमी रहेको छ । विश्व धितोपत्र बजारको पछिल्लो तीन वर्षको अवस्था तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ अन्तर्राष्ट्रिय धितोपत्र बजारको अवस्था**

| क्र.स. | विवरण | सन् | | | | २०२२।२०२१ मा वार्षिक परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०२० | २०२१ | २०२२ | २०२३ जुन | |
| १ | बजार पुँजीकरण (रकम अमेरिकी डलर, ट्रिलियनमा) | | | | | |
| | अमेरिका क्षेत्र | ४९.७३ | ५७.३६ | ४४.७५ | ५०.९४ | -२१.९९ |
| | एशिया प्यासिफिक क्षेत्र | ३५.८६ | ३९.३२ | ३२.५७ | ३२.५३ | -१७.१७ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | २३.६१ | २७.०५ | २३.६२ | २५.०६ | -१२.६८ |
| | **कुल बजार पुँजीकरण** | १०९.२० | १२३.७३ | १००.९४ | १०८.५३ | -१८.४२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कारोबार (रकम अमेरिकी डलर, ट्रिलियनमा) | | | | | |
| | अमेरिका क्षेत्र | ७३.४६ | ८२.६ | ८१.४३ | ३४.६८ | -१.४१ |
| | एशिया प्यासिफिक क्षेत्र | ५०.२८ | ६५.०३ | ५१.६७ | २४.७९ | -२०.५५ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | १३.८९ | १३.३१ | १२.८० | ५.९० | -३.८४ |
| | **कुल कारोबार रकम** | १३७.६३ | १६०.९४ | १४५.९ | ६५.३७ | -९.३५ |
| ३ | सूचीकृत कम्पनीको संख्या | | | | | |
| | अमेरिका क्षेत्र | १०,५२८ | ११,२२४ | ११,२२७ | १०,९८६ | ०.०३ |
| | एशिया प्यासिफिक क्षेत्र | २३,३९१ | ३२,१८७ | ३२,१०५ | ३१,३८४ | -०.२५ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | १४,००० | १५,८९६ | १४,९६१ | १३,३६७ | -५.८९ |
| | **कुल सूचीकृत कम्पनीको संख्या** | ४७,९१९ | ५९,३०७ | ५८,२९३ | ५५,७३७ | -१.७१ |
| ४ | प्राथमिक निष्काशन रकम (रकम अमेरिकी डलर, बिलियनमा) | | | | | |
| | अमेरिका क्षेत्र | ९२.३३ | २१८.२८ | १०.२४ | ८.९५ | -९५.३१ |
| | एशिया प्यासिफिक क्षेत्र | १४९.२० | १९१.७९ | १३२.७६ | ३७.२८ | -३०.७७ |
| | युरोप, मध्य पूर्व तथा अफ्रिकी क्षेत्र | ३६.२१ | ८८.०६ | ४४.०५ | ७.७७ | -४९.९७ |
| | **कुल प्राथमिक निष्काशन रकम** | २७७.७४ | ४९८.१३ | १८७.०५ | ५४.०० | -६२.४५ |

स्रोतः वर्ल्ड फेडेरशन अफ एक्सचेञ्ज ।

**क) विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकको अवस्थाः** विश्वका केही प्रमुख धितोपत्र बजारका सूचकांकको अवस्थालाई देहाय अनुरूप तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.२**
**विश्वका केही प्रमुख धितोपत्र बजार सूचकांकको अवस्था**

| क्र.स. | सूचकांक | देश | आधार विन्दु | सन् २०२० अगस्ट(विन्दु) | सन् २०२१ अगस्ट(विन्दु) | सन् २०२२ अगस्ट(विन्दु) | सन् २०२३ अगस्ट(विन्दु) | सन् २०२२ बाट २०२३ मा परिर्वतन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | एस एण्ड पि ५०० (S&P 500) | अमेरिका | - | ३,५००.३१ | ४,५२२.६८ | ३,९५५.०० | ४,५०७.६६ | १३.९८ |
| २ | फुटसी १०० (FTSE 100) | बेलायत | १,००० | ५,९६३.५७ | ७,११९.७० | ७,२८४.०० | ७,४३९.१३ | २.१३ |
| ३ | सांघाई कम्पोजिट इण्डेक्स | चीन | १०० | ३,२७०.४४ | ३,५४३.९४ | ३,२०२.१४ | ३,११९.८८ | -२.५६ |
| ४ | सिंगापुर टाईम इण्डेक्स (STI) | सिंगापुर | ४२ | २,५९३.६३ | ३,०५५.०५ | ३,२२१.६७ | ३,२३३.३० | ०.३७ |
| ५ | निक्की २२५ (Nikkei225) | जापान | - | २३,१३९.७६ | २८,०८९.५४ | २८,०९१.५३ | ३२,६१९.३४ | १६.११ |
| ६ | एस एण्ड पि एएसएक्स २०० (S&P ASX 200) | अष्ट्रेलिया | - | ६,०६०.५० | ७,५३४.९० | ६,९८६.८० | ७,३०५.३० | ४.५६ |
| ७ | डयाक्स पर्फमेन्स (DAX Performance) | जर्मनी | १,००० | १२,९४५.३८ | १५,८३५.०९ | १२,८३४.९६ | १५,९४७.०८ | २४.२४ |
| ८ | ह्यांगसेंग (HangSeng) | हङकंग | १०० | २५,१७७.०५ | २५,८७८.९९ | १९,९५४.३९ | १८,३८२.०६ | -७.८७ |
| ९ | एस एण्ड पि विएसई सेन्सेक्स (S& P BSE Sensex) | भारत | १,००० | ३८,६२८.२९ | ५७,५५२.३९ | ५९,५३७.०७ | ६४,८३१.४१ | ८.८९ |
| १० | निफ्टी ५० (Nifty 50) | भारत | १,००० | ११,३८७.५० | १७,१३२.२० | १७,७५९.३० | १९२५३.८० | ८.४२ |
| ११ | न्युर्योक कम्पोजिट इण्डेक्स (NYSE Composite Index) | अमेरिका | ५,००० | १३,०४५.६० | १६,८०६.४४ | १४,८०१.२४ | १६,०००.३७ | ८.१० |

स्रोतः सम्बन्धित एक्सचेञ्जको वेबसाईटहरू ।

**ख) सार्क क्षेत्रको धितोपत्र बजारको अवस्थाः** सन् २०२२ मा सार्क क्षेत्रको धितोपत्र बजार सूचकांकको अवस्था तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.३ः सन् २०२२ मा सार्क क्षेत्रको धितोपत्र बजारको अवस्था**

| क्र.स. | परिसूचकहरू | इकाई | नेपाल | भारत | भुटान | पाकिस्तान | श्रीलंका | बंगलादेश | माल्दिभ्स |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक निष्काशन रकम | अमेरिकी डलर (दश लाखमा) | ७२५.३४ | ११८,३७१.७८ | ३.५२ | २,७६४.७५ | १२०.३५ | १०३४.६१ | - |
| २ | सूचीकृत कम्पनी | संख्या | २५४ | ७८८३ | १९ | ५३० | २९० | - | १० |
| ३ | स्टक एक्सचेञ्ज | संख्या | १ | ३ | १ | १ | १ | २ | १ |
| ४ | बार्षिक कारोबार रकम | अमेरिकी डलरमा (दश लाखमा) | ३५२७.६१ | १,७३१,३६६.४७ | २३.१८ | - | १८४७.६५ | २२०६७.८१ | १.९३ |
| ५ | दैनिक औसत कारोबार रकम | अमेरिकी डलरमा (दश लाखमा) | १४.९४ | ७१४८.८२ | - | ९६.७६ | ८ | ९०.४५ | - |
| ६ | कारोबार भएको दिन | दिन | २३६ | १८७ | - | - | २३१ | २४४ | १५७ |
| ७ | बजार पुँजीकरण रकम | अमेरिकी डलरमा (दश लाखमा) | २३,२७८.३६ | ९,२५३,५३७.६२ | ६५०.८० | २२,९९९ | १०,३५२.६६ | १३७,६४४ | १७२६.३१ |
| ८ | कारोबार/बजार पुँजीकरण | प्रतिशत | १५.१६ | १८.७२ | ३.५७ | - | १७.८५ | १६.०३ | ०.११ |
| ९ | विनिमय दर | एक अमेरिकी डलर बराबर | १३२.४२ | ८२.७९ | ८२.७२ | ३०२.४७ | ३७१.६१ | १०९.६१ | १५.४० |

स्रोतः सम्बन्धित नियमन निकाय तथा स्टक एक्सचेञ्जहरूको वार्षिक प्रतिवेदनहरूबाट साभार गरिएको ।

## २.२ नेपालको धितोपत्र बजार

आर्थिक वर्ष २०७९।८० को अवधिमा मुलुकको अर्थतन्त्रमा आएको गिरावट, तरलताको अभाव, व्याजदरमा भएको वृद्धि र सेयर कर्जामा भएको कडाइका कारण धितोपत्रको दोस्रो बजार कारोबारमा असर पर्न गएको छ । तर यस अवधिमा धितोपत्र बजार मार्फत पुँजी परिचालनमा भने उल्लेख्य वृद्धि भएको छ । साथै पछिल्लो अवधिमा अर्थतन्त्रका सूचक र तरलता समस्यामा सुधार भएसँगै कारोबारमा केही सुधारको अपेक्षा गरिएको छ । विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको संक्षिप्त झलक तालिका २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.४ धितोपत्र बजारको संक्षिप्त झलक**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०७८।७९ | २०७९।८० |
| १ | कुल सार्वजनिक निष्काशन संख्या | ६१ | ५६ | ८२ | -८.१९ | ४६.४२ |
| २ | कुल सार्वजनिक निष्काशन रकम (रू. अर्बमा) | १०८.७४ | ५०.६३ | ९६.०४ | -५३.४३ | ८९.६८ |
| ३ | धितोपत्र बजार मार्फत् कुल पुँजी परिचालन बोनस सेयरसहित) (रू. अर्बमा) | १५५ | ११२.४२ | १३५.४६ | -२७.४७ | २०.४९ |
| ४ | सूचीकृत कम्पनीको संख्या | २१९ | २३४ | २५४ | ६.८५ | ८.५४ |
| ५ | सूचीकृत धितोपत्रको चुक्ता पुँजी (रू अर्बमा) | ५७३.२४ | ६६७.७५ | ७२८.९५ | १६.४९ | ९.१६ |
| ६ | वार्षिक कारोबार रकम (रू अर्बमा) | १४५४.४४ | १२०२.१ | ४६७.१२ | -१७.३५ | -६१.१४ |
| ७ | कारोबार दिन | २४६ | २३९ | २३६ | -२.८४ | -१.२६ |
| ८ | धितोपत्र बजार पुँजीकरण (रू. अर्बमा) | ४०१०.९६ | २८६९.३४ | ३०८२.५२ | -२८.४७ | ७.४२ |
| ९ | फ्लोट बजार पुँजीकरण (रू. अर्बमा) | १४०९.३८ | १०३१.३१ | १०८८.६५ | -२६.८३ | ५.५५ |
| १० | नेप्से सूचकांक (विन्दु) | २८८३.४१ | २००९.४७ | २०९७.१० | -३०.३ | ४.३७ |
| ११ | नेप्से फ्लोट सूचकांक (विन्दु) | २००.३४ | १३९.३७ | १४४.९७ | -३०.४३ | ४.०१ |

स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लि.

आ.व. २०७९।८० मा लगानीकर्ताको सहभागिताको अवस्था, धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको अवस्थाको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः-

### २.२.१ धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था

समिक्षा वर्षमा धितोपत्र बजारमा लगानीकर्ताको सहभागितामा वृद्धि भएको छ । २०७९ असार मसान्तसम्ममा डिम्याट खाता (हितग्राही खाता) को संख्या ५३ लाख ४६ हजार रहेकोमा २०८० असार मसान्तको अन्त्यसम्ममा करिब ८.८८ प्रतिशतले वृद्धि भई ५८ लाख २३ हजार पुगेको छ, जुन कुल जनसंख्याको करिब १९.९५ प्रतिशत हो । यसैगरी २०७९ असारको अन्त्यसम्म करिब ४३ लाख ९५ हजार मेरो सेयर खाताको संख्या रहेकोमा समिक्षा वर्षमा समेत करिब ९.८१ प्रतिशतले वृद्धि भई  ४८ लाख २६ हजार पुगेको छ ।

समिक्षा वर्षमा धितोपत्रको दोस्रो बजार तर्फ कारोबार रकम र संख्यामा कमी आएता पनि लगानीकर्ताको संख्यामा भने वृद्धि भएको छ । २०७९ असारको अन्त्यसम्म धितोपत्रको दोस्रो बजारमा अनलाइन कारोबारका लागि करिब १४ लाख ८६ हजार भन्दा बढीले युजर आई डि लिएकोमा समिक्षा वर्षमा उक्त संख्या करिब १८.६३ प्रतिशतले वृद्धि भई १७ लाख ६३ हजार ३ सय १ पुगेको छ । यसैगरी धितोपत्रको दोस्रो बजारका कुल लगानीकर्ताको संख्या २०८० असार मसान्तसम्म ३२ लाख ८३ हजार ९०६ पुगेको छ । यसमध्ये औसतमा करीव ८ लाख लगानीकर्ताहरू कारोबारमा सक्रिय रहेको देखिन्छ । विगत तीन वर्षमा धितोपत्र बजारमा सर्वसाधारणको सहभागिता स्थितिलाई तालिका २.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.५ धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्था**

| क्र.स. | विवरण | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|
| १ | डिम्याट खाताको संख्या | ३,७८९,००० | ५,३४६,००० | ५,८२३,००० |
| २ | मेरो सेयर प्रयोगकर्ताको संख्या | २,८५०,००० | ४,३९५,००० | ४,८२६,००० |
| ३ | प्राथमिक निष्काशनमा सहभागी लगानीकर्ता (अधिकतम) | २,१६०,३२८ | २,७०९,८५५ | १,९८०,९७० |
| ४ | दोस्रो बजारको कुल लगानीकर्ता | २,२८९,१०५ | २,९९८,२०६ | ३,२८३,९६६ |
| ५ | अनलाइन मार्फत कारोबार गर्ने लगानीकर्ता | ७९४,९३४ | १,४८६,४४२ | १,७६३,३०१ |
| ६ | सक्रिय लगानीकर्ता | ८१६,७६२ | १,०३७,३८१ | ८४२,४३७ |

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि. र सिडिएससी एण्ड क्लियरिङ्ग लि.

डिम्याट खाताको आधारमा लगानीकर्ताको सहभागिताको स्थितिलाई हेर्दा आ.व. २०७९।८० मा सबैभन्दा बढी (३८.१ प्रतिशत) लगानीकर्ता वाग्मति प्रदेशमा र सबैभन्दा कम (२.३ प्रतिशत) कर्णाली प्रदेशमा रहेको देखिन्छ । कर्णाली प्रदेशमा १ लाख ३४ हजार डिम्याट खाता रहेको देखिएको छ भने बागमति प्रदेशमा २२ लाखभन्दा बढीको संख्यामा डिम्याट खाता रहेको छ । प्रदेशगत रूपमा डिम्याट खाता भएका सर्वसाधारणको विवरणलाई चार्ट २.१ मा प्रस्तुत गरिएको छ ।

*चार्ट २.१: प्रदेशगत रुपमा डिम्याट खाताको विवरण*



यस्तै लिङ्गको आधारमा सर्वसाधारणको जनसांख्यिक स्थिति हेर्दा आ.व. २०७९।८० मा कुल डिम्याट खातामा पुरूषको उपस्थिति ५७.३ प्रतिशत, महिलाको ४२.५ प्रतिशत रहेको छ भने बाँकीमा अन्य र संस्थागत लगानीकर्ता रहेको देखिन्छ । लिङ्गको आधारमा सर्वसाधारणको सहभागिताको अवस्थालाई चार्ट २.२ मा प्रस्तुत गरिएको छ ।

चार्ट २.२: लिङ्गको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या
आर्थिक वर्ष २०७९।८०




साथै उमेरका आधारमा नेपालको धितोपत्र बजारमा १८ वर्षदेखि ३० वर्षसम्मका लगानीकर्ताहरूको संख्या धेरै रहेको देखिन्छ । उक्त उमेर समूहमा कुल डिम्याट खाताको आधारमा ३२.७ प्रतिशत लगानीकर्ता रहेका छन् । यस्तै ४१ वर्षदेखि ६० वर्षको समूहमा २४.५ प्रतिशत लगानीकर्ता रहेका छन् । उमेरको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्यालाई चार्ट २.३ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.३ उमेरको आधारमा डिम्याट खाता भएका लगानीकर्ताको संख्या (प्रतिशतमा)**

## २.२.२ प्राथमिक बजार

समिक्षा वर्षमा संगठित संस्थाहरूले प्राथमिक बजारमार्फत पुँजी परिचालनका लागि साधारण सेयरको प्रारम्भिक सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, थप निष्काशन, ऋणपत्र निष्काशन तथा सामूहिक लगानी कोषको योजना निष्काशन गरेका छन् । समिक्षा वर्षमा ऋणपत्र निष्काशन र बोनश सेयर निष्काशनमा कमी आएको छ ।

आ.व. २०७९।८० को अवधिमा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् ४२ संगठित संस्थाहरूले रू. २२ अर्ब ३७ करोड, हकप्रद सेयर निष्काशनमार्फत् सात संगठित संस्थाहरूले रू.१५ अर्ब ९८ करोड, ऋणपत्र निष्काशनतर्फ १२

कम्पनीले रू.३१ अर्ब, म्युचुअल फण्डतर्फ १६ वटा योजनाले रू. १६ अर्ब १५ करोड, विशिष्टीकृत लगानी कोषतर्फ चार संगठित संस्थाले रू.१० अर्ब ५० करोड र थप निष्काशनतर्फ एक संगठित संस्थाले रू.३ करोड गरी कुल रू. ९६ अर्ब ४ करोड बराबरको पुँजी परिचालन गरेका छन् जुन गत वर्षको तुलनामा ८९.६८ प्रतिशतले बढी रहेको छ । विगत तीन आर्थिक वर्षको प्राथमिक बजारको अवस्था तालिका २.६ तथा चार्ट २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.६ धितोपत्रको प्राथमिक बजार (वार्षिक तथ्याङ्कमा आधारित)**

| क्र.स. | विवरण | आर्थिक वर्ष (रकम रू. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।७८ | | २०७८।७९ | | २०७९।८० | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७८।७९ | २०७९।८० | २०७८।७९ | २०७९।८० |
| १ | प्राथमिक निष्काशन | २२ | १५.१९ | २८ | ७.२ | ४२ | २२.३७ | २७.२७ | ५० | -५२.६ | २१०.८३ |
| २ | हकप्रद सेयर निष्काशन | ७ | १४.०५ | ११ | ४.७९ | ७ | १५.९८ | ५७.१५ | -३६.३६ | -६५.९१ | २३३.६१ |
| ३ | थप निष्काशन | ० | ० | ० | ० | १ | ०.०३७९ | - | - | - | - |
| ४ | ऋणपत्र निष्काशन | २३ | ६९.६ | १० | ३१.२ | १२ | ३१.०० | -५६.५२ | २० | -५५.२ | -०.६४ |
| ५ | म्युचुअल फण्ड | ९ | ९.९ | ७ | ७.४४ | १६ | १६.१५ | -२२.२ | १२८.५७ | -२४.८५ | ११७.०६ |
| ६ | विशिष्टीकृत लगानी कोष | ० | ० | ० | ० | ४ | १०.५० | - | - | - | - |
| | **जम्मा** | ६१ | १०८.७ | ५६ | ५०.६३ | ८२ | ९६.०४ | -८.१९ | ४६.४२ | -५३.४३ | ८९.६८ |
| ७ | बोनस सेयर | १३५ | ४६.२१ | १४५ | ६१.७९ | १२२ | ३९.४२ | ७.४ | -१५.८७ | ३३.७१ | -३६.१९ |
| | **जम्मा बोनस सेयर सहित** | १९६ | १५४.९६ | २०१ | ११२.४२ | २०४ | १३५.४६ | २.५६ | १.४९ | -२७.४५ | २०.४९ |



विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारबाट पुँजी परिचालन गर्ने संगठित संस्थाको चार्ट २.५ मा प्रस्तुत गरिएको छ ।




## क) धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ को उपदफा (१) मा संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने व्यवस्था भए अनुसार बोर्डले समिक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशन, हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, थप निष्काशन, सामूहिक लगानी योजना र विशिष्टीकृत लगानी कोष गरी कुल ८२ संगठित संस्थालाई कुल रू. ९६ अर्ब ४ करोड ८९ लाख ७५ हजार ४ सय ६८ बराबरको धितोपत्र सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरेको छ । गत आ.व. मा कुल ५६ संगठित संस्थाले कुल रू. ५० अर्ब ६३ करोड ५९ लाख, ३ हजार ३ सय ८५ बराबरको धितोपत्रको सार्वजनिक निष्काशन गर्न अनुमति पाएका थिए ।

समिक्षा वर्षमा धितोपत्र दर्ता गराउने संगठित संस्थाको संख्यामा करिब ४६.४२ प्रतिशत र सार्वजनिक निष्काशन अनुमतिप्राप्त रकममा ८९.६८ प्रतिशतले वृद्धि भएको छ । सार्वजनिक निष्काशनका लागि अनुमति प्राप्त धितोपत्रमा साधारण सेयर निष्काशन २३.३० प्रतिशत, हकप्रद सेयर निष्काशन १६.६४ प्रतिशत, ऋणपत्रको निष्काशन ३२.२८ प्रतिशत, सामूहिक लगानी योजना १६.८१ प्रतिशत, विशिष्टीकृत लगानी कोष १०.९३ प्रतिशत र थप निष्काशनको अंश ०.०४ प्रतिशत रहेको छ ।

विगतका १० आर्थिक वर्षहरूको धितोपत्र दर्ता, सार्वजनिक निष्काशन र बोनस सेयर दर्ता सम्बन्धी विवरण तालिका २.७ र चार्ट २.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.७: धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता**

| आर्थिक वर्ष | धितोपत्र दर्ता (रू. अर्बमा) | सार्वजनिक निष्काशन अनुमति रकम (रू. अर्बमा) | बोनस सेयर दर्ता (रू. अर्बमा) |
|---|---|---|---|
| २०६८।६९ | ७.९५ | २.९५ | ३.८ |
| २०६९।७० | १७.६१ | १०.६८ | ४.५ |
| २०७०।७१ | ८.८७ | ८.२७ | ६.६ |
| २०७१।७२ | २०.१५ | १४.४३ | १६.३२ |
| २०७२।७३ | २९.७२ | १८.९९ | २१.०६ |
| २०७३।७४ | ६२.६३ | ५९.३९ | ३४.८ |

| | | | |
|---|---|---|---|
| २०७४।७५ | ६३.४२ | ५३.३ | ३३.०९ |
| २०७५।७६ | ६१.६५ | ४९.७६ | २६.७ |
| २०७६।७७ | ४७.६ | ३३.६५ | ३३.६८ |
| २०७७।७८ | १४२.८५ | १०८.७४ | ४६.२१ |
| २०७८।७९ | ६६.९१ | ५०.६३ | ६१.७९ |
| २०७९।८० | १२३.३३* | ९६.०४ | ३९.४३ |

*विशिष्टीकृत लगानी कोष दर्ता समेत

**चार्ट २.६: धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता**




## ख) सार्वजनिक निष्काशन

समिक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रू. २२ अर्ब ३७ करोड, हकप्रद सेयर निष्काशनमार्फत् रू. १५ अर्ब ९८ करोड, ऋणपत्र निष्काशनतर्फ रू. ३१ अर्ब, म्युचुअल फण्डतर्फ रू. १६ अर्ब १५ करोड, विशिष्टीकृत लगानी कोषतर्फ रू. १० अर्ब ५० करोड र थप निष्काशनतर्फ रू. ३ करोड ७९ लाख गरी कुल रू. ९६ अर्ब ४ करोड बराबरको पुँजी परिचालन भएको छ जुन गत वर्षको तुलनामा ८९.६८ प्रतिशतले बढी रहेको छ । गत आ.व. मा साधारण सेयरको प्राथमिक निष्काशनमार्फत् रू.७ अर्ब २० करोड, हकप्रद सेयर निष्काशनमार्फत् रू.४ अर्ब ७९ करोड, ऋणपत्र निष्काशनतर्फ रू.३१ अर्ब २० करोड र म्युचुअल फण्डतर्फ रू.७ अर्ब ४४ करोड गरी कुल रू. ५० अर्ब ६३ करोड बराबरको पुँजी परिचालन अनुमति प्रदान गरिएको थियो । विगत १० वर्षको सावर्जनिक निष्काशन

**चार्ट २.६: धितोपत्र दर्ता, सार्वजनिक निष्काशन अनुमति तथा बोनस सेयर दर्ता**



अनुमति सम्बन्धी विवरण चार्ट २.७ मा प्रस्तुत गरिएको छ ।

### ग) प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन

प्राथमिक बजारमार्फत भएको पुँजी परिचालनलाई क्षेत्रगत रूपमा विश्लेषण गर्दा समिक्षा वर्षमा चार बीमा कम्पनी, चार लघुवित्त कम्पनी, २९ जलविद्युत, एक लगानी कम्पनी, एक उत्पादनमूलक कम्पनी, एक होटल, १६ सामूहिक लगानी योजना, चार विशिष्टीकृत लगानी कोष र दुई अन्य कम्पनीलाई धितोपत्रको सार्वजनिक निष्काशन गर्ने अनुमति प्रदान गरिएको छ ।

गत आ.व. मा आठ लघुवित्त कम्पनी, १९ जलविद्युत कम्पनी, एक लगानी कम्पनी र सात सामूहिक लगानी योजनालाई धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्रदान गरिएको थियो । बोनस सेयरतर्फ १७ बैंक, १० विकास बैंक, चार वित्त कम्पनी, ४६ लघुवित्त कम्पनी, २४ बीमा कम्पनी, १३ जलविद्युत कम्पनी, एक होटल, एक उत्पादनमूलक कम्पनी, एक व्यापार कम्पनी र पाँच अन्य समूह अन्तर्गतका कम्पनी रहेका छन् । साथै ऋणपत्र निष्काशनतर्फ नौ बैंक, दुई विकास बैंक र एक लगानी कम्पनी रहेका छन् । समिक्षा वर्ष एक लघुवित्त कम्पनीलाई थप सेयर निष्काशन अनुमति प्रदान गरिएको थियो । विगत तीन आर्थिक वर्षमा धितोपत्रको प्राथमिक बजारमा विभिन्न विधिमार्फत् भएको क्षेत्रगत पुँजी परिचालन तालिका २.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.८ प्राथमिक बजारमा क्षेत्रगत पुँजी परिचालन**

| क्र.स. | विवरण | | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।७८ | | २०७८।७९ | | २०७९।८० | | २०७८।७९ | | २०७९।८० | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | **प्राथमिक निष्काशन** | | | | | | | | | | |
| | बीमा कम्पनी | ७ | ३.७४ | ० | ० | ४ | १०.६४ | -१००.० | -१००.० | - | - |
| | लघुवित्त कम्पनी | ५ | ०.३२ | ८ | ०.४२ | ४ | ०.०८ | ६०.० | ३१.३ | -५० | -८०.९५ |
| | जलविद्युत् | ७ | २.६९ | १९ | ६.७३ | २९ | ७.३४ | १७१.४ | १५०.२ | ५२.६३ | ९.०६ |
| | म्युचुअल फण्ड | ९ | ९.९ | ७ | ७.४४ | १६ | १६.१५ | -२२.२ | -२४.८ | -१२८.६ | ११७.०६ |
| | विशिष्टीकृत लगानी कोष | ० | ० | ० | ० | ४ | १०.५० | - | - | - | - |
| | उत्पादनमूलक कम्पनी | ० | ० | ० | ० | १ | ३.४५ | - | - | - | - |
| | लगानी कम्पनी | २ | ८.२५ | १ | ०.०६ | १ | ०.१५ | -५०.० | -९९.३ | - | १५० |
| | होटल तथा पर्यटन | १ | ०.१८ | ० | ० | १ | ०.१६ | -१००.० | -१००.० | - | - |
| | अन्य | ० | ० | ० | ० | २ | ०.५५ | - | - | - | - |
| २ | **हकप्रद निष्काशन** | | | | | | | | | | |
| | लगानी कम्पनी | २ | १२.३७ | ० | ० | ० | ० | -१००.० | -१००.० | - | - |
| | विकास बैंक | १ | ०.०६ | ३ | ०.६७ | ० | ० | २०० | १०१६.७ | - १०० | - १०० |
| | वित्त कम्पनी | २ | ०.५४ | २ | ०.६२ | १ | ०.१५ | - | १४.८ | -५० | -७५.८० |
| | लघुवित्त कम्पनी | ० | ० | ० | ० | ० | ० | - | - | - | - |
| | जलविद्युत | २ | १.०९ | ४ | २.५१ | ६ | १५.८४ | १०० | १३०.३ | ५० | ५३१.०७ |
| | बीमा कम्पनी | ० | ० | २ | ०.९९ | ० | ० | - | - | -१०० | -१०० |
| ३ | **ऋणपत्र** | | | | | | | | | | |
| | बैंक | १८ | ६४.६ | ९ | ३०.२ | ९ | २४ | -५०.० | -५३.३ | - | -२०.५२ |
| | विकास बैंक | ४ | ४.५ | १ | १ | २ | २ | -७५ | -७७.८ | १०० | १०० |
| | वित्त कम्पनी | १ | ०.५ | ० | ० | ० | ० | -१००.० | -१००.० | - | - |
| | लगानी कम्पनी | ० | ० | ० | ० | १ | ५ | - | - | - | - |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | **थप निष्काशन** | | | | | | | | | | |
| | लघुवित्त कम्पनी | ० | ० | ० | ० | १ | ०.०३७ | – | – | – | – |
| | जम्मा | ६१ | १०८.७४ | ५६ | ५०.६३ | ८२ | ९६.०४ | –८.१९ | –५३.४३ | ४६.४२ | ८९.६८ |
| ५ | **बोनस सेयर** | | | | | | | | | | |
| | बैंक | २७ | ३१.५४ | २५ | ३४.२४ | १७ | १७.९१ | –७.४ | ८.६ | ३२ | –४७.७० |
| | विकास बैंक | १७ | ४.७५ | १० | ७.०२ | १० | २.७३ | –४१.२ | ४७.८ | ० | –६१.११ |
| | वित्त कम्पनी | ८ | ०.६६ | १२ | १.२८ | ४ | ०.१८ | ५०.० | ९३.९ | –६६.६६ | –८५.९४ |
| | लघुवित्त कम्पनी | ४७ | ३.०७ | ५१ | ५.०२ | ४६ | ४.६८ | ८.५ | ६३.५ | –९.८१ | –६.७८ |
| | बीमा | १८ | ३.९२ | २६ | ७.३९ | २४ | ४.७७ | ४४.४ | ८८.५ | –७.६९ | –३५.४५ |
| | जलविद्युत् | १४ | १.६२ | १३ | २.७ | १३ | २.१७ | –७.१ | ६६.७ | – | –१९.६३ |
| | होटल | ० | ० | ० | ० | १ | ०.४२ | – | – | – | – |
| | उत्पादनमूलक कम्पनी | १ | ०.२९ | २ | ०.६६ | १ | ०.००९ | १००.० | १२७.६ | –५० | –९८.६४ |
| | व्यापार | १ | ०.०४ | १ | ०.०२३ | १ | ०.०२५ | – | – | – | ८.६९ |
| | अन्य | ० | ० | २ | ०.३१ | ५ | ६.५४ | – | – | १५० | २००९ |
| | लगानी कम्पनी | २ | ०.३३ | ३ | ३.१५ | ० | ० | –५० | ८५४.५ | – | – |
| | **बोनस सेयर दर्ता** | १३५ | ४६.२१ | १४५ | ६१.७९ | १२२ | ३९.४२ | ७.४ | ३३.६९ | –१५.८७ | –३६.१९ |
| | **जम्मा (बोनस सेयर सहित)** | १९६ | १५४.९६ | २०१ | ११२.४२ | २०४ | १३५.४६ | २.५६ | –२७.४५ | १.४९ | २०.४९ |

## घ) साधारण सेयर निष्काशन

बोर्डबाट समिक्षा वर्षमा कुल ४२ वटा कम्पनीलाई रू. २२ अर्ब ३७ करोड रकम बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरिएको छ । गत आ.व. मा कुल २८ कम्पनीलाई रू. ७ अर्ब २० करोड रकम बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरिएको थियो । समिक्षा वर्षमा साधारण सेयर निष्काशन गर्ने संगठित संस्थाको संख्यामा ५० प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समयमा साधारण सेयरको निष्काशनतर्फ जलविद्युत् क्षेत्रको बाहुल्यता रहेको छ ।

आ.व. २०७९।८० मा भएको साधारण सेयर दर्ता तथा विवरणपत्र स्वीकृति सम्बन्धी विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ । साथै विगत १० वर्षको साधारण सेयर निष्काशन अनुमति चार्ट २.८ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.८: साधारण सेयर निष्काशन अनुमति रकम (रु. अर्बमा)**




## ङ) हकप्रद सेयर दर्ता तथा निष्काशन

समिक्षा वर्षमा हकप्रद सेयर निष्काशनतर्फ सात कम्पनीहरूलाई रू. १५ अर्ब ९८ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको छ । गत वर्षको तुलनामा हकप्रद निष्काशन गर्ने कम्पनीको संख्यामा कमी आए पनि निष्काशन रकम वृद्धि भएको छ । गत आ.व. मा बोर्डबाट ११ सूचीकृत संगठित संस्थाहरूलाई कुल रू. ४ अर्ब

७९ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको थियो । समिक्षा वर्षमा छ जलविद्युत्त कम्पनी र एक वित्त कम्पनीले हकप्रद सेयर निष्काशनका लागि बोर्डबाट अनुमति लिएका छन् । आ.व. २०७९।८० मा भएको हकप्रद सेयरको दर्ता तथा निष्काशन अनुसूची-२ मा प्रस्तुत गरिएको छ । विगत १० वर्षको हकप्रद सेयर निष्काशन अनुमति सम्बन्धी विवरण चार्ट २.९ मा प्रस्तुत गरिएको छ ।




### च) ऋणपत्र दर्ता तथा निष्काशन

सूचीकृत कम्पनीले दीर्घकालीन ऋण पुँजी संकलन गर्नका लागि सर्वसाधारणलाई ऋणपत्र निष्काशन गर्ने क्रममा समिक्षा वर्षमा नौ वाणिज्य बैंक, दुई विकास बैंक र एक लगानी कम्पनी गरी कुल १२ कम्पनीलाई कुल रू. ३१ अर्ब बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको छ । गत आ.व. मा नौ वाणिज्य बैंक र एक विकास बैंक गरी कुल १० कम्पनीले कुल रू. ३१ अर्ब २० करोड बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको थियो । समिक्षा वर्षमा ऋणपत्र निष्काशनको अवस्थालाई अनुसूची-३ तथा विगतका वर्षहरूमा ऋणपत्र निष्काशनको अवस्थालाई चार्ट २.१० मा प्रस्तुत गरिएको छ ।




### छ) बोनस सेयर दर्ता तथा निष्काशन

समिक्षा वर्षमा कुल १२२ सूचीकृत संगठित संस्थाको रू. ३९ अर्ब ४२ करोड मूल्य बराबरको बोनस सेयर बोर्डमा दर्ता गरिएको छ । गत आ.व. मा कुल १४५ सूचीकृत संगठित संस्थाको रू.६१ अर्ब ७९ करोड मूल्य बराबर

को बोनस सेयर बोर्डमा दर्ता गरिएको थियो ।

समिक्षा वर्षमा १७ वाणिज्य बैंकले रू. १७ अर्व ९१ करोड, १० विकास बैंकले रू.२ अर्व ७३ करोड, चार वित्त कम्पनीले रू. १८ करोड, ४६ लघुवित्त कम्पनीले रू. ४ अर्ब ६८ करोड, २४ बीमा कम्पनीले रू. ४ अर्ब ७७ करोड, १३ जलविद्युत कम्पनीले रू. २ अर्ब १७ करोड, एक होटलले ४२ करोड, एक उत्पादनमुलक कम्पनीले रू. ९७ लाख ५६ हजार, एक व्यापार कम्पनीले रू. २ करोड र पाँच अन्य कम्पनीले रू.६ अर्ब ५४ करोड बराबरको बोनस सेयर बोर्डमा दर्ता गराएका छन् । आ.व. २०७९।८० मा भएको बोनस सेयरको दर्ता सम्बन्धी विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ । विगतका वर्षहरूमा बोनस सेयर दर्ताको अवस्था चार्ट २.११ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.११: बोनस सेयर दर्ता तथा निष्काशन**




## ज) सामूहिक लगानी योजना दर्ता तथा निष्काशन

समिक्षा वर्षमा सामूहिक लगानी योजना दर्तातर्फ कुल १६ योजनाको रू. १६ अर्ब १५ करोड बराबरको सामूहिक लगानी योजना बोर्डमा दर्ता भएका छन् । जसमध्ये चार खुलामुखी र १२ बन्दमुखी योजनाहरू रहेका छन् । गत आ.व. मा रू. ७ अर्ब ४४ करोड बराबरको सात सामूहिक लगानी योजना बोर्डमा दर्ता भएका थिए । आ.व. २०७९।८० मा भएको सामूहिक लगानी योजना दर्ता तथा निष्काशन अनुमति सम्बन्धी विवरण अनुसूची-५ र चार्ट २.१२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१२ सामूहिक लगानी योजना दर्ता तथा निष्काशन**




## झ) विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन

समिक्षा वर्षमा नेपालको धितोपत्र बजारमा थप एक नयाँ उपकरणको संचालन सहजीकरण गर्ने क्रममा १२ वटा विशिष्टीकृत लगानी कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गरेसँगै सोमध्येबाट चार वटा विशिष्टीकृत लगानी कोष अन्तर्गत रू. १० अर्ब ५० करोड बराबरको कोष बोर्डमा दर्ता भई निष्काशन भएको छ ।

### २.२.३ धितोपत्रको दोस्रो बजार

समिक्षा वर्षमा धितोपत्रको दोस्रो बजारमा धितोपत्रको कारोबार संख्या, कारोबार रकम र कारोबार भएको सेयर संख्यामा कमी आएको छ । समिक्षा वर्षमा बजार पुँजीकरण तथा नेप्से सूचकांकमा गत वर्षको तुलनामा केही वृद्धि भएको छ । समिक्षा अवधिमा नेप्से परिसूचक सबैभन्दा उच्च विन्दु २२११.७७ र सबैभन्दा न्यून विन्दु १८१५.१४ पुगेको थियो । समिक्षा वर्षमा सूचीकृत कम्पनीको संख्या, सूचीकृत धितोपत्रको संख्या र चुक्ता पुँजीमा भने वृद्धि देखिएको छ । विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको तुलना गर्दा भने बजार सकारात्मक दिशामा नै रहेको देखिन्छ । विगत तीन आर्थिक वर्षको धितोपत्रको दोस्रो बजार तालिका-२.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.९ धितोपत्रको दोस्रो बजार (वार्षिक तथ्याङ्कमा आधारित)**

| क्र.स. | विवरण | इकाई | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशन | |
|---|---|---|---|---|---|---|---|
| | | | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०७८।७९ | २०७९।८० |
| १ | सूचीकृत कम्पनी | संख्या | २१९ | २३४ | २५४ | ६.८५ | ८.५ |
| २ | सूचीकृत धितोपत्रको संख्या | संख्या करोडमा | ५८२.६० | ६७७.१२ | ७३८.७१ | १६.२२ | ९.१० |
| ३ | सूचीकृत धितोपत्रको चुक्ता पुँजी | रकम रू. अर्बमा | ५७३.२४ | ६६७.७५ | ७२८.९५ | १६.४९ | ९.१७ |
| ४ | धितोपत्रको वार्षिक कारोबार रकम | रकम रू. अर्बमा | १४५४.४४ | १२०२.१ | ४६७.१३ | -१७.३५ | -६१.१४ |
| ५ | कारोबार दिन | दिन | २४६ | २३९ | २३६ | -२.८५ | -१.२६ |
| ६ | औसत दैनिक कारोबार रकम | रकम रू. करोडमा | ५९१.२४ | ५०२.९७ | १९७.९३ | -१४.९३ | -६०.६५ |
| ७ | कारोबार भएको कुल सेयर संख्या | करोडमा | ३४०.४५ | २४९.२ | १२७.७२ | -२६.८० | -४८.७५ |
| ८ | कारोबार संख्या | संख्यामा | १५,४१७,६६८ | १४,७१२,४८३ | ८,६४४,७१५ | -४.५७ | -४१.२४ |
| ९ | सूचीकृत धितोपत्रको बजार पुँजीकरण | रू.(अर्व) | ४०१०.९६ | २८६९.३४ | ३,०८२.५२ | -२८.४६ | ७.४३ |
| १० | फ्लोट बजार पुँजीकरण | रू. (अर्व) | १४०९.३८ | १०३१.३१ | १,०८८.६५ | -२६.८३ | ५.५६ |
| ११ | बजार पुँजीकरणमा कारोबार | प्रतिशत | ३६.२६ | ४१.८९ | १५.१६ | १५.५३ | -६३.८१ |
| १२ | फ्लोट बजार पुँजीकरणमा कारोबार | प्रतिशत | १०३.२० | ११६.५६ | ४२.९० | १२.९५ | -६३.२० |
| १३ | नेप्से सूचकांक | विन्दुमा | २८८३.४१ | २००९.४७ | २०९७.१० | -३०.३१ | ४.३६ |
| १४ | नेप्से फ्लोट सूचकांक | विन्दुमा | २००.३४ | १३९.३७ | १४४.९७ | -३०.४३ | ४.०२ |

स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि.

#### २.२.३.१ धितोपत्रको दोस्रो बजारका परिसूचकहरू

समिक्षा वर्षमा धितोपत्रको दोस्रो बजारको अवस्था तथा प्रवृत्तिको देहाय बमोजिम समिक्षा गरिएको छः-

**क) धितोपत्रको कारोबार**

नेपालको धितोपत्रको दोस्रो बजारमा आ.व. २०७९।८० मा समेत धितोपत्रको कारोबार रकम, कारोबार संख्या तथा कारोबार भएको सेयर संख्यामा कमी आएको छ । समिक्षा वर्षमा रू. ४ खर्ब ६७ अर्ब १२ करोड ६९ लाख रूपैयाँ बराबरको धितोपत्र कारोबार भएको छ, जुन गत आ.व. को भन्दा ६१.१४ प्रतिशतले कमी आएको छ । यस्तै समिक्षा वर्षमा २३६ दिन कारोबार भएबाट दैनिक औसत कारोबार रकम रू. १ अर्ब ९७ करोड पुगेको छ, जुन गत वर्ष रू. ५ अर्ब २ करोड भएकोले करिब ६०.६५ प्रतिशतले कमी आएको छ । नेप्सेमा सूचीकृत कम्पनीको क्षेत्रगत कारोबारतर्फ हेर्दा समिक्षा वर्ष सबै क्षेत्रमा कारोबार रकमको प्रवृत्ति मिश्रित देखिएको छ । यस वर्ष होटल तथा पर्यटन क्षेत्रका कम्पनीको सेयरको कारोबारमा ८६.८९ प्रतिशतले वृद्धि भएको छ भने अन्य क्षेत्रका कम्पनीहरूको सेयरको कारोबारमा कमी आएको छ । कुल कारोबार रकममा सबैभन्दा उच्च हिस्सा जलविद्युत क्षेत्रका कम्पनीहरूको सेयरको रहेको छ । विगत तीन आर्थिक वर्षमा दोस्रो बजारमा भएको धितोपत्र कारोबार सम्बन्धी विवरण तालिका २.१० मा प्रस्तुत गरिएको छ ।

तालिका २.१० धितोपत्रको दोस्रो बजारमा क्षेत्रगत सेयरको कारोबारको स्थिति (रकम रू. दश लाखमा)

| क्र.स. | क्षेत्र | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०७८।७९ | २०७९।८० |
| १ | वाणिज्य बैंक | ३७८,०१२.१३ | २०७,४२०.९७ | ६६,८५८.२० | -४५.१३ | -६७.७७ |
| २ | विकास बैंक | ८५,९८१.५९ | १२७,०३५.९६ | ३०,०८६.९० | ४७.७५ | -७६.३२ |
| ३ | वित्त कम्पनी | ५५,८४०.६४ | १०१,३३६.०० | ३०,६७९.७४ | ८१.४७ | -६९.७२ |
| ४ | लघवित्तु | १६५,७४३.४१ | ११३,६४५.९१ | ४९,४७६.५४ | -३१.४३ | -५६.४६ |
| ५ | जीवन बीमा | १२६,११५.७२ | ६५,४२०.३० | ३०,१५३.९३ | -४८.१३ | -५३.९१ |
| ६ | निर्जीवन बीमा | १६३,०४६.७२ | ६४,१८४.१२ | २८,८६८.२४ | -६०.६३ | -५५.०२ |
| ७ | जलविद्युत | २२२,०६६.०६ | ३५८,६७२.१६ | १३०,२३१.६७ | ६१.५२ | -६३.६९ |
| ८ | उत्पादन तथा प्रशोधन | ५०,२२०.४७ | ४३,४१९.४४ | ३७,०५४.६७ | -१३.५४ | -१४.६६ |
| ९ | व्यापार | ६,२३४.६८ | ३,७६४.६८ | २,५१५.८४ | -३९.६२ | -३३.१७ |
| १० | होटल तथा पर्यटन | ११,८३०.३८ | ७,५०२.०२ | १४,०२०.७५ | -३६.५९ | ८६.८९ |
| ११ | अन्य | ११२,४०८.५४ | ३४,४४४.१२ | १५,९३१.८५ | -६९.३६ | -५३.७५ |
| १२ | लगानी समूह | ५१,६७७.६९ | ५६,३१४.०४ | २०,३७५.८० | ८.९७ | -६३.८२ |
| १३ | म्युचुयल फण्ड | ८,४५८.५५ | ७,२५७.८६ | १,१११.७३ | -१४.१९ | -८४.६८ |
| १४ | अग्राधिकार सेयर | २२.७४ | ४.४९ | ०.२० | -८०.२६ | -९५.५५ |
| १५ | संस्थापक सेयर | १६,३४७.४१ | ११,२५८.२९ | ९,५००.११ | -३१.१३ | -१५.६२ |
| १६ | ऋणपत्र | ४३७.१७ | ४२१.०४ | २६०.७७ | -३.६९ | -३८.०७ |
| | **जम्मा** | १,४५४,४४३.९० | १,२०२,१०१.४० | ४६७,१२६.९४ | -१७.३५ | -६१.१४ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज लि. ।

विगत १० वर्षमा धितोपत्रको दोस्रो बजारमा भएको धितोपत्रको कारोबार प्रवृत्ति चार्ट २.१३ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१३: धितोपत्रको वार्षिक कारोबार रकम**




## ख) धितोपत्रको बजार पुँजीकरण

समिक्षा वर्षको अन्त्यमा धितोपत्रको बजार पुँजीकरणमा गत वर्षको तुलनामा ७.४३ प्रतिशतले वृद्धि भई रू. ३० खर्ब ८२ अर्ब कायम भएको छ । जुन गत वर्ष रू. २८ खर्ब ६९ अर्ब रहेको थियो । त्यस्तै सर्वसाधारणलाई जारी गरिएको धितोपत्रको आधारमा गणना गरिने फ्लोट बजार पुँजीकरण समेत समिक्षा वर्षमा करिब ५.५६ प्रतिशतले वृद्धि भई रू. १० खर्ब ८८ अर्ब कायम भएको छ, जुन गत आ.व. को अन्त्यमा रू. १० खर्ब ३१ अर्ब रहेको थियो । समिक्षा वर्षको अन्त्यतिर धितोपत्रको बजार पुँजीकरणमा केही सुधार देखा परेको छ ।

समिक्षा वर्ष बजार पुँजीकरणमा कुल कारोबार रकमको अनुपात १५.१६ प्रतिशत रहेको छ । जुन गत वर्षको तुलनामा ६३.८१ प्रतिशतले कमी आएको छ । त्यस्तै फ्लोट बजार पुँजीकरणमा कुल कारोबारको अनुपात समिक्षा वर्षमा ४२.९० प्रतिशत रहेको छ । उक्त अनुपात गत आर्थिक वर्षमा ११६.५६ प्रतिशत रहेको थियो । विगत १० वर्षको कुल बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणको प्रवृत्ति चार्ट २.१४ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१४ : कुल बजार पुँजीकरण र फलोट बजार पुँजीकरण**




कुल बजार पुँजीकरणमा सबैभन्दा बढी हिस्सा (करिब ३०.९३ प्रतिशत) वाणिज्य बैंकको रहेको छ, जुन गत वर्ष करिब ३६.७३ प्रतिशत रहेको थियो । यस्तै सबैभन्दा कम हिस्सा (१ प्रतिशतभन्दा कम ) व्यापार समूह रहेको छ । विगतमा बजार पुँजीकरणमा करिब ८० प्रतिशत हिस्सा राख्ने वित्तीय क्षेत्रको हिस्सा क्रमशः घट्दै गएको देखिन्छ । समिक्षा वर्षमा यो हिस्सा ६२.९६ प्रतिशतमात्र रहेको छ । पछिल्लो समय बजार पुँजीकरणमा जलविद्युत क्षेत्रको हिस्सा बढ्न थालेको छ । यसबाट धितोपत्र बजारमा वित्तीय क्षेत्रको केन्द्रीकरणमा क्रमशः कमी आई क्षेत्रगत विविधता बढ्न थालेको देखिन्छ । आ.व. २०७९।८० मा क्षेत्रगत बजार पुँजीकरणको अवस्थालाई चार्ट २.१५ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१५ : बजार पुँजीकरण र बजार पुँजीकरणमा क्षेत्रगत प्रतिशत**




## ग) नेप्से सूचकांक तथा नेप्से फ्लोट सूचकांक

आ.व. २०७९।८० अन्त्यमा नेप्से सूचकांक ४.३६ प्रतिशतले वृद्धि भई २०९७.१० विन्दु कायम भएको छ । जुन गत आ.व को अन्त्यमा २००९.४७ विन्दु रहेको थियो । समिक्षा वर्षको पुस २५ मा नेप्से सूचकांक सबैभन्दा उच्च २२११.७७

विन्दु पुगेको थियो भने सबैभन्दा कम असोज ९ मा १८१५.१४ विन्दु कायम भएको थियो ।

त्यसैगरी नेप्से फ्लोट सूचकांकतर्फ समिक्षा वर्षमा करिब ४.०२ प्रतिशतले वृद्धि भई १४४.९७ बिन्दु पुगेको छ । उक्त सुचकांक गत वर्षको अन्त्यमा १३९.३७ बिन्दुमा रहेको थियो । नेप्से सूचकांक र नेप्से फ्लोट सूचकांकको विगत १० वर्षको वार्षिक प्रवृत्ति चार्ट २.१६ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१६: नेप्से सूचकांक र नेप्से फलोट सूचकांक (विन्दु)**




## घ) सूचीकृत संगठित संस्था

समिक्षा वर्ष नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भएका कम्पनीहरूको संख्यामा ८.५ प्रतिशतले वृद्धि भई कुल संख्या २५४ पुगेको छ भने गत वर्ष सूचिकृत कम्पनीको संख्या २३४ रहेको थियो । समिक्षा वर्षमा क्षेत्रगत रूपमा नेप्सेमा सूचीकृत कुल २५४ कम्पनीहरूमध्ये २० वाणिज्य बैंक, १६ विकास बैंक, ५९ लघुवित्त कम्पनी, २० वित्त कम्पनी, आठ जीवन बीमा कम्पनी, १३ निर्जीवन बीमा कम्पनी, १९ उत्पादन तथा प्रशोधन कम्पनी, सात होटल तथा पर्यटन, चार व्यापार कम्पनी, ७९ जलविद्युत, छ लगानी समूह र तीन अन्य समूहका कम्पनीहरू रहेका छन् । समिक्षा अवधिमा सूचीकृत कम्पनीमा क्रमशः जलविद्युत, होटल तथा पर्यटन र लघुवित्त क्षेत्रका कम्पनीहरूको संख्यामा वृद्धि भएको छ त्यसैगरी वाणिज्य बैंक, जीवन बीमा र निर्जीवन बीमा क्षेत्रका कम्पनीहरूको संख्यामा कमी आएको छ भने विकास बैंक, वित्त कम्पनी, उत्पादन तथा प्रशोधन कम्पनी, व्यापार कम्पनी, लगानी समूह र अन्य क्षेत्रका कम्पनीहरूको संख्या यथास्थितिमा रहेको छ ।

सूचीकृत कम्पनीहरूको क्षेत्रगत विवरण तालिका २.११ तथा चार्ट २.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.११ : सूचीकृत संगठित संस्थाको क्षेत्रगत अवस्था**

| क्र. सं. | क्षेत्र | सूचीकृत संगठित संस्थाको संख्या | कुल हिस्सा | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक | २० | ७.८७ | -२३.०८ |
| २ | विकास बैंक | १६ | ६.३० | ० |
| ३ | वित्त कम्पनी | २० | ७.८७ | ० |
| ४ | लघुवित्त कम्पनी | ५९ | २३.२३ | ९.२६ |
| ५ | जीवन बीमा कम्पनी | ८ | ३.१५ | -३३.३३ |
| ६ | निर्जीवन बीमा कम्पनी | १३ | ५.१२ | -२७.७८ |
| ७ | उत्पादन तथा प्रशोधन कम्पनी | १९ | ७.४८ | ० |
| ८ | होटल तथा पर्यटन | ७ | २.७६ | ४०.०० |
| ९ | व्यापार कम्पनी | ४ | १.५७ | ० |
| १० | जलविद्युत कम्पनी | ७९ | ३१.१० | ५४.९० |
| ११ | लगानी समूह | ६ | २.३६ | ० |
| १२ | अन्य कम्पनी | ३ | १.१८ | ० |
| | जम्मा | २५४ | १०० | ८.५ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.

चार्ट २.१७ सूचीकृत संगठित संस्थाको संख्या




### २.२.३.२ नेपाल स्टक एक्सचेञ्ज लि. बाट सम्पादन गरिएका मुख्य कार्यहरू

नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से) ले दोस्रो बजार कारोबारको स्थायित्व, संस्थागत विकास र लगानीकर्ताहरूको हित संरक्षण गर्नको लागि आर्थिक वर्ष २०७९।८० मा नियमित कार्य सम्पादनका अतिरिक्त विकासात्मक गतिविधि, नियम कानुन तर्जुमा, अर्न्तक्रिया, छलफल कार्यक्रमहरूको सञ्चालन र सम्बद्ध निकायहरूबाट हुने सोही प्रकृतिका गतिविधिमा सहभागिता जनाएको छ । आर्थिक वर्ष २०७९।८० मा नेप्सेले सम्पादन गरेका मुख्य कार्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः-

- नेप्सेको पुनर्संरचना तथा रणनीतिक साझेदार भित्र्याउने सम्बन्धमा अध्ययन प्रतिवेदन प्राप्त भई मिति २०८०।०१।१७ को सञ्चालक समितिमा पेश भएकोमा समितिले उक्त प्रतिवेदन पूर्व स्वीकृतिका लागि नेपाल सरकार अर्थ मन्त्रालय समक्ष पेश गरेको छ । साथै, सिडिएससीको पुनर्संरचना तथा रणनीतिक साझेदारका लागि अध्ययन कार्य सम्पन्न भएको छ ।
- API मार्फत Data उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड बनाई Data उपलब्ध गराउने कार्यलाई सहजीकरण गरेको छ ।
- NOTS को System Security Audit को कार्य सम्पन्न भएको छ ।
- लगानीकर्तालाई धितोपत्रको दोस्रो बजार कारोबारमा अभ्यस्त बनाउन कारोबार व्यवस्थापन प्रणालीमा जस्तै कारोबार गर्न सक्ने गरी Simulation Software को विकास गरी कार्यान्वयनमा ल्याएको छ ।
- धितोपत्र बजार सम्बन्धी जानकारी गराउने अभिप्रायले विभिन्न अर्न्तक्रिया, चेतनामूलक, प्रशिक्षण लगायत अन्य कार्यक्रम संचालन गरेको छ ।
- International Finance Corporation (IFC), UN Global Compact, Sustainable Stock Exchanges Initiative (SSE), World Federation of Exchanges (WFE) and Women in ETFs (WE) संग सहकार्य गरी Ring the Bell for Gender Equality कार्यक्रम सञ्चालन गरेको छ ।

### २.२.४ ऋणपत्र बजार

नेपालमा आ.व. २०५४।५५ देखि संस्थागत ऋणपत्र निष्काशनको सुरूवात भएको थियो । नेपाल सरकारबाट निष्काशन गरिने सरकारी ऋणपत्रमध्ये विकास ऋणपत्रको मात्र नेप्सेमा सूचीकरण हुने गरेको छ ।

आ.व. २०७९।८० को अन्त्यसम्म सरकारी ऋणपत्र तर्फ रू. १३५ अर्ब रकम बराबरको १४ वटा ऋणपत्र नेप्सेमा सूचीकरण भएको छ भने उक्त ऋणपत्र दोस्रो बजारमा रू. ३२ करोड रकम बराबरको कारोबार भएको छ । साथै संस्थागत ऋणपत्र तर्फ आ.व. २०७९।८० को अन्त्यसम्म रू. ४६ अर्ब ४८ करोड रकम बराबरको १६ वटा ऋणपत्र नेप्सेमा सूचीकरण भएकोमा सोको दोस्रो बजारमा रू. २६ करोड बराबरको कारोबार भएको छ ।

समिक्षा वर्ष बोर्डबाट अनुमति प्राप्त ऋणपत्र अन्तर्गत नौ वाणिज्य बैंक, दुई विकास बैंक र एक लगानी कम्पनी गरी कुल १२ संगठित संस्थाले रू. ३१ अर्ब रकम बराबरको ऋणपत्र निष्काशन अनुमति प्राप्त गरेका छन् । गत आ.व. मा नौ वाणिज्य बैंक र एक विकास बैंक गरी कुल १० कम्पनीलाई कुल रू. ३१ अर्ब २० करोड बराबरको ऋणपत्र निष्काशनका लागि अनुमति प्रदान भएको थियो ।

तालिका २.१२: ऋणपत्रको सूचीकरण र कारोबार

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
| १ | संस्थागत ऋणपत्र | | | |
| क) सूचीकृत ऋणपत्र | | ८ | २२ | १६ |
| ख) सूचीकृत ऋणपत्रको संख्या (हजारमा) | | १८,५५२.४० | ५३,२१६.२० | ४६,४८०.४७ |
| ग) सूचीकृत ऋणपत्रको रकम (रू. करोडमा) | | १,८५५.२४ | ५,३२१.६२ | ४,६४८.०४ |
| घ) कारोबार रकम (रू. करोडमा) | | ४३.७२ | ४२.१ | २६.०८ |
| २ | सरकारी ऋणपत्र | | | |
| क) सूचीकृत ऋणपत्र | | २१ | ९ | १४ |
| ख) सूचीकृत ऋणपत्रको संख्या (हजारमा) | | २८४,९४७ | १०४,५०० | १३५,००० |
| ग) सूचीकृत ऋणपत्रको रकम (रू. करोडमा) | | २८,४९४.७० | १०,४५० | १३,५०० |
| घ) कारोबार रकम (रू. करोडमा) | | १५२८.०२ | १५५ | ३२ |
| कुल ऋणपत्र | | २९ | ३१ | ३० |
| कुल सूचीकृत ऋणपत्रको संख्या (हजारमा) | | ३०३,४९९.४० | १५७,७१६.२० | १८१,४८०.४७ |
| कुल सूचीकृत ऋणपत्रको रकम (रू. करोडमा) | | ३०,३४९.९४ | १५,७७१.६२ | १८,१४८.०४ |
| कुल कारोबार रकम (रू. करोडमा) | | १५७१.७४ | १९७.१ | ५८.०८ |

स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.

## २.२.५ ओटिसी बजार

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को नियम २३ को प्रयोजनका लागि बोर्डको स्वीकृति लिई नेप्सेले ओटिसी बजार संचालन विनियमावली, २०६५ मिति २०६५।०२।२२ देखि लागू गरेको थियो । तत्पश्चात् नेपाल बैंक लि. लगायत अन्य एक दुई कम्पनीको कारोबार भएतापनि लामो समयदेखि निष्कृय रहेको उक्त बजारमा आ.व. २०७५।७६ मा बोर्डले नेप्सेमा सूचीकृत नभएका पब्लिक कम्पनीहरूको धितोपत्रको खरिद बिक्री ओटिसी बजारमा गर्न सकिने जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिए पश्चात् उक्त बजारले गति लिन थालेको हो । आ.व. २०७८।७९ को तुलनामा समिक्षा वर्षमा ओटिसी बजारमा हुने कारोबारमा सीमान्त दरमा कमी आएको छ । समिक्षा वर्षमा ४३ संस्थाको करिब १ करोड ९६ लाख कित्ता सेयर रू. २ अर्ब ६९ करोड रकम बराबरको कारोबार भएको छ । गत आ.व. मा ओटिसी बजारमा ४३ संस्थाको करिब २०२.७२ लाख कित्ता सेयर रू. २ अर्ब ३५ करोड रकम बराबरको कारोबार भएको थियो । विगत सात आर्थिक वर्षमा ओटिसी बजारमा भएको कारोबारको स्थितिलाई तालिका २.१३ मा प्रस्तुत गरिएको छ ।

| तालिका २.१३ ओटिसी बजार | | | |
|---|---|---|---|
| आर्थिक वर्ष | कारोबार भएको संगठित संस्थाको संख्या | धितोपत्रको कारोबार संख्या करोडमा | कारोबार रकम रू. अर्बमा |
| २०७३।७४ | २५ | ०.२१ | ०.२४ |
| २०७४।७५ | ५४ | १.३० | १.३० |
| २०७५।७६ | ६१ | १.५२ | २.०१ |
| २०७६।७७ | २४ | ०.७२ | १.८९ |
| २०७७।७८ | ४६ | १.१२ | २.६३ |
| २०७८।७९ | ४३ | २.०२ | २.३५ |
| २०७९।८० | ४३ | १.९६ | २.६९ |
| जम्मा | २९६ | ८.८५ | १३.११ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज लि.

## २.२.६ धितोपत्रको केन्द्रीय निक्षेप सेवा

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम नेपालमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने उद्देश्यले स्थापित सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएससी) ले बोर्डबाट वि.स. २०६८ मा अनुमतिपत्र प्राप्त गरी कार्य गर्दै आएको छ । धितोपत्र बजारलाई थप आधुनिकरण, व्यवस्थित, पारदर्शी गर्न सिडिएससीले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । सिडिएससीले धितोपत्र बजार अर्न्तगत धितोपत्रको अभौतिकीकरण तथा कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यलाई समयसापेक्ष व्यवस्थित गर्दै आएको छ । यसको संचालनसँगै धितोपत्र निष्काशन, धितोपत्रको आवेदन संकलन, धितोपत्रको बाँडफाँड, धितोपत्रको अभौतिकीकरण, धितोपत्र दोस्रो बजार कारोबारको धितोपत्र हस्तान्तरण, राफसाफ तथा फछ्र्यौट, धितोपत्रको नामसारी तथा रोक्का लगायतका कार्यमा सहजता प्रदान गर्ने कार्य भएको छ । प्राथमिक निष्कासन, हकप्रद सेयर तथा थप सेयर निष्कासन गर्ने कम्पनीको आवेदन लिने प्रणालीलाई आस्वा प्रणालीबाट सि-आस्वा (Centralised Application Supported by Blocked Amount–CASBA) प्रणालीमा रूपान्तरण गरी कार्यान्वयनमा ल्याएको हुँदा लगानीकर्ताले मेरो सेयर मार्फत् सेयर निष्काशनको आवेदन दिन सक्ने साथै निष्काशनकर्ताले छोटो समयमै सेयर बाँडफाँट गर्न सम्भव भएको छ । परिमाणस्वरूप बजारको गतिशिलता अभिवृद्धि भएको छ ।

आ.व.२०७९।८० मा सिडिएससीको कार्य सम्पादनको समिक्षा गर्दा यस अवधिमा धितोपत्रको अभौतिकीकरणका लागि २३० सूचीकृत कम्पनी, ११ वटा सामूहिक लगानी कोष र १५ वटा संस्थागत ऋणपत्र समेत दर्ता भएका छन् । साथै लगानीकर्ताहरूका लागि निक्षेप सेवा सहज बनाउन तथा अभिलेखीकरण कार्यका लागि आवश्यक सेवा प्रवाह गर्न समिक्षा अवधिको अन्त्यसम्ममा पाँच वटा निक्षेप सदस्यलाई सदस्यता प्रदान गरी कुल निक्षेप सदस्यको संख्या ८८ पुगेको छ । त्यसैगरी आ.व. २०७९।८० को अन्त्यसम्म ४.७५ लाख हितग्राही खाता खोली कुल हितग्राही खाताको संख्या ५८ लाख २१ हजार पुगेको छ । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष हितग्राही खाताको संख्यामा ८.८८ प्रतिशतले वृद्धि भएको छ । गत आ.व.मा उक्त हितग्राही खाताको संख्या ५३ लाख ४६ हजार रहेको थियो । आ.व. २०७९।८० मा २०७.५१ करोड कित्ता धितोपत्र अभौतिकीकरण भई कुल अभौतिकृत धितोपत्रको संख्या १०७६.०१ करोड कित्ता पुगेको छ । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष धितोपत्रको अभौतिकीकरणको संख्यामा २३.९० प्रतिशतले वृद्धि भएको छ । धितोपत्रको प्राथमिक निष्काशनमा आवेदन गर्नका लागि लगानीकर्ताले लिने "मेरो सेयर" युजर प्रयोगकर्ताको संख्या आ.व. २०७९।८० मा ४.३१ लाख थप भई कुल संख्या ४८ लाख २६ हजार पुगेको छ । गत आ.व. को तुलनामा यस आ.व. मा मेरो सेयर प्रयोगकर्ताको संख्या ९.८१ प्रतिशतले वृद्धि भएको छ ।

विगत तीन आर्थिक वर्षमा भएको निक्षेप सदस्यको संख्या, धितोपत्र अभौतिकीकरणका लागि दर्ता भएको कम्पनी तथा धितोपत्रको संख्या र हितग्राही खाताको अवस्थालाई तालिका २.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१४: धितोपत्र अभौतिकीकरणको अवस्था**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १ | निक्षेप सदस्यको संख्या | ७८ | ८३ | ८८ |
| २ | दर्ता कम्पनीको संख्या | २०७ | २२२ | २३० |
| ३ | हितग्राही खाताको संख्या | ३,७८९,००० | ५,३४६,००० | ५,८२१,००० |
| ४ | अभौतिकृत धितोपत्रको संख्या | ७,०१५,८००,००० | ८,६८५,०००,००० | १०,७६०,१००,००० |
| | स्रोतः सिडिएस एण्ड क्लियरिङ्ग लि. | | | |

## २.२.७ सिडिएससीबाट सम्पादन गरिएका प्रमुख कार्यहरू

समिक्षा वर्षमा सिडिएससीबाट सम्पादन गरिएका कार्यहरू देहाय अनुरूप रहेका छन्:-

- **डिजास्टर रिकभरी साइट संचालन:** TATA Consultancy Services Pvt. Ltd. (TCS) संग Back-end upgradation गरी Business Continuity Plan सहितको डिजास्टर रिकभरीको स्थापनाका लागि भएको सम्झौता अनुसार हेटौंडामा डिजास्टर रिकभरीमा Oracle ADG Technology को प्रयोग गरी Real Time Database को Replication संचालनमा ल्याइएको छ ।
- **मेरो सेयरको स्तरोन्नती:** सफ्टवेयर निर्मातासंग आवश्यक छलफल पश्चात मेरो सेयर सफ्टवेयरमा रहेका विभिन्न मोड्युलहरू मध्ये पहिलो चरणमा बढी चाप पर्ने मोड्युल डाटावेश Connectivity र मेरो सेयरको रिजल्टलाई स्तरोन्नती गरिएको छ ।
- **केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान विवरण (केवाइसी) सफ्टवेयरको कार्यान्यवन:** सिडिएससीले पुँजी बजारमा आबद्ध नयाँ लगानीकर्ता तथा हितग्राही खाता खोलिसकेका लगानीकर्तालाई समेत केन्द्रिकृत रूपमा केवाइसी दर्ता गर्ने प्रयोजनका लागि विकास गरिएको केवाइसी सफ्टवेयरको परीक्षण कार्य र Vulnerability Assessment and Penetration Testing (VAPT) कार्य सम्पन्न गरी निक्षेप सदस्यहरूमा पाइलट टेष्ट भइसकेको छ ।
- **Database Monitoring Tool को कार्यान्वयन:** Database Monitoring Tool कार्यान्वयनका लागि Diagnostic and Tuning Pack को लाइसेन्स खरिद गरी Oracle Enterprise Manager (Monitoring Tool) संचालनमा ल्याएको छ ।
- **जनचेतना मूलक कार्यक्रम:** जनचेतनामूलक कार्यक्रम अन्तर्गत सिडिएससीले नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत विभिन्न निकायहरूसँगको सहकार्यमा काठमाडौं, विराटनगर, भैरहवा, बुटवल, पाल्पा, चितवन, इटहरी, सुनसरी, पनौति, नवलपरासी, हेटौंडामा लगानीकर्ताहरूलाई सिडिएससीको सेवा तथा पुँजी बजार बारे जानकारी गराएको छ ।

## २.३ क्रेडिट रेटिङ्ग सेवा

बोर्डबाट हालसम्म तीन वटा कम्पनीहरूले क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्ने अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका छन् । क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम कम्तिमा तीन करोड रूपैयाँ भन्दा बढी मूल्यको सेयरको सार्वजनिक तथा हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार सेयर निष्काशन, थप निष्काशनहरूको क्रेडिट रेटिङ्ग गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल राष्ट्र बैंकबाट बैक तथा वित्तीय संस्थाहरूले रू.५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट

गरिएको रेटिङ्गलाई समेत कर्जा मूल्याङ्कनको आधारको रूपमा लिनुपर्ने व्यवस्था समेत गरिएको छ । समिक्षा वर्षमा तीन वटा क्रेडिट रेटिङ्ग कम्पनीबाट ९९ वटा धितोपत्र निष्काशनकर्ता कम्पनीको रेटिङ्ग, र ३९४ ऋणी संस्था र चार वटा कोष व्यवस्थापक गरी कुल ४९७ वटा रेटिङ्ग गरिएको छ ।

## २.४ धितोपत्र व्यापारी

धितोपत्र बजारमा संस्थागत लगानीकर्ताको सहभागिता गराई धितोपत्र बजारलाई सन्तुलित बनाउने उद्देश्यले बोर्डबाट धितोपत्र व्यापारीको अनुमतिपत्र दिने क्रममा समिक्षा वर्षमा थप एक कम्पनीलाई धितोपत्र व्यापारीको कार्य गर्न अनुमति प्रदान गरेसँगै धितोपत्र व्यापारीको संख्या दुई पुगेको छ । धितोपत्र व्यापारीको संख्यामा वृद्धि भएसँगै धितोपत्रको दोस्रो बजारमा संस्थागत लगानीकर्ताको उपस्थितिबाट धितोपत्र कारोबारमा सन्तुलन आउन सहयोग पुग्ने बोर्डको अपेक्षा रहेको छ । समिक्षा वर्षमा संचालनमा रहेको एक धितोपत्र व्यापारी कम्पनीले रू. २ अर्ब ५३ करोड बराबरको धितोपत्रको कारोबार गरेको छ ।

## २.५ विशिष्टीकृत लगानी कोष

बोर्डले प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका संस्थाहरूलाई धितोपत्र बजारमा प्रवेश गराई स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्ने कार्यको नियमन गर्न मिति २०७५ फागुन २२ गते देखि विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरेको थियो । धितोपत्र बजारमा यस्ता कोषहरूको सञ्चालनबाट विशेष योग्यता तथा अनुभव भएका तर पर्याप्त पुँजी नभएका उद्यमी तथा नवप्रवर्तकहरूका लागि सहजरूपमा स्वदेशी तथा विदेशी पुँजीको व्यवस्था तथा लगानीकर्ताहरूका लागि लगानीको विकल्प उपलब्ध भई देशको आर्थिक गतिविधिहरूमा गतिशीलता ल्याउन सहयोग पुग्ने देखिन्छ । सोही क्रममा समिक्षा वर्षमा भेन्चर क्यापिटल तथा प्राईभेट इक्विटी फण्ड परिचालन गर्ने कोष व्यवस्थापकको लागि बोर्डबाट विभिन्न १२ वटा संस्थाले अनुमतिपत्र प्राप्त गरेका छन् । विशिष्टीकृत लगानी कोष व्यवस्थापकको रूपमा कार्य गर्न बोर्डबाट अनुमति प्राप्त संस्थाको विस्तृत विवरण अनुसूची-१४ मा प्रस्तुत गरिएको छ । बोर्डबाट अनुमति प्राप्त कोष व्यवस्थापकमध्ये चार कोष व्यवस्थापकबाट रू. १० अर्ब ५० करोड बराबरको कोष बोर्डमा दर्ता भएका छन् ।

## २.६ वस्तु विनिमय बजार

वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हक हित संरक्षण, वस्तु खरिद बिक्री सम्बन्धी करारको कारोबार तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्ने अधिकार बोर्डको हुने गरी २०७४ भदौ ११ गते देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भएको छ । ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू भएपश्चात् देशमा वस्तु विनिमय बजार नियमनका लागि आवश्यक कानुनी पूर्वाधार तयार भएको छ । यसबाट बोर्डको नियमन क्षेत्राधिकार समेत बढ्न गएको छ । बोर्डले हालै प्रचलित कानुन बमोजिम वस्तु विनिमय बजार संचालन गर्ने कम्पनी स्थापना गर्न बोर्डबाट पूर्व स्वीकृति, अनुमतिपत्र तथा संचालन स्वीकृति प्रदान गर्ने प्रकृयालाई व्यवस्थित, पारदर्शी एवं विश्वसनीय बनाउन वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ को दफा ६३ को खण्ड(ख) बमोजिम वस्तु विनिमय बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८ लागू गरि उक्त निर्देशिकाको व्यवस्था बमोजिम अनुमति प्रदान गर्ने कार्य अगाडि बढाएको छ । बोर्डबाट मिति २०७९।१२।३० मा आवेदनका लागि सूचना प्रकाशन गरेकोमा चार वटा कम्पनीले निवेदन पेश गरेको र सोको अध्ययन तथा जाँचबुझ गर्ने तथा व्यवसायिक योजना छनौटका लागि संचालक समितिका सदस्य संयोजक रहने गरी एक समिति गठन भई अध्ययन गर्ने कार्य अगाडि बढेको छ ।

## २.७ बोर्डको कार्यसम्पादन तथा वार्षिक उपलब्धी

बोर्डबाट प्रतिस्पर्धा एवं सुशासन मार्फत लगानीकर्ताहरूलाई धितोपत्र बजारसम्बन्धी गुणस्तरीय सेवा सहज र सुलभरूपमा उपलब्ध हुने वातावरण बनाउने, समयसीमा (Time Bound) तोकी Meritocracy का आधारमा कार्य

गर्ने, लगानीकर्ताका सुझाव एवं आईपरेका समस्या समाधान गर्ने, बजार नियमन र सुपरिवेक्षणलाई सुदृढ गराउने गरी सुधार कार्य गरिदैं आएको छ । सोही क्रममा समिक्षा वर्षमा समेत धितोपत्र बजारको विकास तथा सुधार र वस्तु विनिमय बजारको संचालनका लागि विभिन्न विकासात्मक तथा नियमित कार्य गरिएको छ । आर्थिक वर्ष २०७९।८० मा बोर्डबाट सम्पादन गरिएका मुख्य कार्यहरू तथा उपलब्धीहरू देहाय अनुरूप प्रस्तुत गरिएको छः-

**क) दीर्घकालीन आर्थिक प्रभाव पार्ने सुधार तथा कार्यः**

आ.व. २०७९।८० मा समग्र अर्थतन्त्रलाई थप गतिशील बनाउने हेतुले दीर्घकालीन अर्थतन्त्रका सम्पूर्ण चक्रलाई हेरी अर्थतन्त्रको उत्थानमा सघाँउ हुने गरी बोर्डबाट पुँजी बजार क्षेत्रमा देहायका कार्यहरू सम्पादन गरिएको छः

- **विशिष्टीकृत लगानी कोषको शुरूवातः** नवीनतम ज्ञान, सीप/क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पुँजी परिचालनका लागि समिक्षा अवधिमा PE/VC सम्बन्धी कुल १२ वटा कोष व्यवस्थापकलाई अनुमतिपत्र दिइएको छ । यससँग नयाँ सोच र व्यवसायमा पुँजी एवं व्यवसयिक ज्ञान प्राप्त गरी धितोबिना New Ideas and SMEs हरूका लागि पुँजी प्राप्त हुने वातावरण सृजना भएको छ । बोर्डबाट अनुमतिपत्र प्रदान भएका विशिष्टीकृत कोष व्यवस्थापकमध्ये चार वटा व्यवस्थापकबाट विशिष्टीकृत कोष संचालनका लागि रू. १० अर्ब ५० करोडको कोष बोर्डमा दर्ता गराएका छन् ।
- **एसएमईज प्ल्याटफर्मका लागि नियमावलीः** साना तथा मझौला व्यवसायहरूलाई अर्थतन्त्रको मूलधारमा ल्याई अर्थतन्त्रलाई थप गतिशील बनाउने हेतुले उक्त क्षेत्रका कम्पनीहरूलाई धितोपत्र बजारमा ल्याउन तथा धितोपत्र बजार सूचकांकमा हुने उतारचढावमा न्यूनीकरण गर्न एसएमईज प्ल्याटफर्म (SMEs Platform) संचालन नियमावलीको मस्यौदा तयार गरिएको छ । यसबाट एसएमईहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भई नेपालको अर्थतन्त्रलाई बलियो पार्ने कार्यमा सघाउ पुग्नुका साथै अर्थतन्त्रको दिगो आर्थिक विकासको लक्ष्यलाई समेत सहयोग पुग्नेछ ।
- **वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई IPO मा १० प्रतिशत आरक्षण व्यवस्थाः** वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकलाई सार्वजनिक निष्काशनमा १० प्रतिशत सेयर आरक्षण व्यवस्था गरिएको छ । जसबाट देशको शोधनान्तर स्थिति सबल बनाउँदै विदेशबाट Remittance औपचारिक माध्यमबाट भित्र्याउनलाई प्रोत्साहन तथा सहयोग भई समग्र अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ । समिक्षा वर्षमा सार्वजनिक निष्काशनका लागि धितोपत्र दर्ता गर्न निवेदन दिएका ३७ वटा कम्पनीले रू.२ अर्ब ४३ करोड ७ लाख ४४ हजार ९६२ रकम बराबरको सेयर आरक्षण गरी निष्काशन गर्न अनुमति लिएका छन् ।
- **वस्तु विनिमय बजार अनुमितका लागि प्रकृया अगाडि बढेकोः** देशमा लगानीकर्ता मैत्री, प्रतिस्पर्धात्मक एवं अन्तर्राष्ट्रियस्तरको प्रविधि र क्षमतायुक्त वस्तु विनिमय बजार सञ्चालन अनुमति प्रकृया अगाडि बढाइएको छ ।
- **नयाँ स्टक एक्सचेञ्जका लागि प्रकृयाः** धितोपत्र बजारलाई थप प्रतिस्पर्धी, प्रभावकारी, लगानीकर्ता मैत्री एवं अन्तर्राष्ट्रियस्तरको प्रविधिसहितको क्षमतायुक्त बनाई यसको सेवालाई विश्वसनीय तथा गुणस्तरीय, प्रतिष्पर्धी हुने गरी विकास र विस्तार गरी धितोपत्र बजारमा सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न नेपालको पुँजी बजारमा दोस्रो स्टक एक्सचेञ्ज प्रवेश गराई उक्त बजारलाई प्रतिस्पर्धी बनाउने उद्देश्यले नयाँ स्टक एक्सचेञ्ज स्थापनाका लागि आवेदन माग गरिएको छ । उक्त धितोपत्र बजार अनुमति प्रकृयालाई पारदर्शी बनाउन धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था संस्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९ बनाई लागू गरिएको छ ।

**ख) समयसीमा तोकी गरिएका सुधार कार्यहरू**

बोर्डबाट निकायमा कार्य गर्ने सोच तथा शैलीमा परिर्वतन गर्दै समयसीमा तोकी उत्कृष्टताको आधारमा विकास तथा सुधार कार्य गर्ने क्रममा देहायका कार्यहरू सम्पादन गरिएको छः-

- **धितोपत्र दलालको खुला प्रवेश सम्बन्धी व्यवस्थाः** बोर्डबाट तोकिएको मापदण्ड पुऱ्याएका संस्था तथा

कम्पनीलाई Open Entry and Exit मार्फत समय सीमा तोकी Merit based मा पारदर्शीरूपमा अनुमतिपत्र प्रदान गरिएको छ । जसबाट धितोपत्र दलाल सेवामा प्रतिस्पर्धी तथा पारदर्शी हुने, सेवाको स्तरवृद्धि भई लागत घटाउने प्रणालीको सृजना हुने, धितोपत्र बजारमा नयाँ सोच भएका सक्षम युवाहरूलाई अवसर सृजना भई रोजगारीको दायरामा वृद्धि हुने र धितोपत्र कारोबारमा वृद्धि भई सरकारी राजस्व वृद्धिमा सघाँउ पुग्ने देखिन्छ । धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमतिपत्र प्राप्त गर्न चाहनेले निवेदन पेश गर्न बोर्डबाट मिति २०७९।०६।०२ मा सूचना प्रकाशन गरिएकोमा सूचना बमोजिम ४६ निवेदकबाट निवेदन प्राप्त भएकोमा ४३ वटा निवेदकलाई नियमावली बमोजिमको पूर्वाधार तयार गर्न स्वीकृति दिएकोमा समिक्षा वर्षमा १७ वटा धितोपत्र दलाल र एक धितोपत्र व्यापारीको अनुमतिपत्र प्रदान गरिएको छ । यससँगै नेपालको धितोपत्र बजारमा धितोपत्र दलाल तथा व्यापारीको संख्या क्रमशः ६७ वटा धितोपत्र दलाल र दुई वटा धितोपत्र व्यापारी कायम भएको छ ।

- **धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको पुँजी संरचनामा परिवर्तनः** धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्दै लगानीकर्ताको हकहित संरक्षण गर्न विद्यमान न्यूनतम पुँजी संरचना धितोपत्र दलालको रू. २ करोड र धितोपत्र व्यापारीको रू. २० करोडलाई परिवर्तन गरी क्रमशः धितोपत्र दलाल अन्तर्गत सीमित कार्य गर्ने धितोपत्र दलालको रू. २० करोड, पूर्ण कार्य गर्ने धितोपत्र दलालको रू. ६० करोड र धितोपत्र व्यापारीको रू. १५० करोड पुऱ्याइएको छ ।
- **बुक बिल्डिङ्ग प्रणाली मार्फत अनुमति प्रदानः** धितोपत्रको मूल्य निर्धारण पारदर्शी तथा प्रतिस्पर्धात्मक रूपमा गरी वास्तविक क्षेत्रका कम्पनीको बजार प्रवेश प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रूपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि प्रारम्भिक सार्वजनिक निष्काशनमा लागू गर्न बोर्डले बुक बिल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम एक कम्पनीलाई निष्काशन अनुमति प्रदान गरिएको छ ।
- **मर्जर तथा एक्विजिशनमा छरितो :** मर्जर तथा एक्विजिशन जाने कम्पनीलाई ३ दिनमा नै स्वीकृति प्रदान गर्ने एवं कम्पनीको सेयर बढीमा १५ दिनसम्म मात्र रोक्का हुने व्यवस्था गरिएको छ ।
- **धितोपत्र दलाल व्यवसायीको शाखा विस्तारमा चुस्तताः** धितोपत्र बजार सेवालाई देशव्यापी बनाउने क्रममा धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्न बोर्डमा निवेदन पेश गरेको १५ दिनभित्र स्वीकृति दिने व्यवस्था गरिएको छ । समिक्षा वर्ष २० धितोपत्र दलाल व्यवसायीको २९ स्थानमा शाखा कार्यालय संचालन गर्न स्वीकृति प्रदान गरिएको छ । यससँगै धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालयको संख्या १०१ पुगेको छ ।

### ग) लगानीकर्ता हित संरक्षणमा जोड दिई सम्पादित अन्य कार्य

बोर्डबाट लगानीकर्ताहरूको हक हित संरक्षणमा जोड दिई कानुन प्रबलीकरण लगायत देहाय बमोमिजको कार्य समिक्षा वर्षमा सम्पादन गरिएको छः-

- **आस्वा शुल्कमा कटौतीः** लगानीकर्ताको हकहितलाई ध्यान दिदैं बैंक वा वित्तीय संस्थाले धितोपत्र खरिद सम्बन्धी सुविधा उपलब्ध गराए वापत बढीमा रू. पाँच सेवा शुल्क लिन सक्ने व्यवस्था गरिएको छ जसबाट IPO मा लगानी गर्ने लगानीकर्ताहरूको लागत कमी हुन भई बजारमा लगानी गर्न प्रोत्साहन हुने अवस्था आएको छ ।
- **Dedicated TMS का लागि व्यवस्थाः** लगानीकर्ताहरूले विकसित बजारमा उपलब्ध भएका विशेषता तथा सुविधा सहितको सेवा प्राप्त गर्न सक्ने गरी नेप्सेको कारोबार प्रणालीसँग आबद्ध हुने गरी कारोबार व्यवस्थापन प्रणाली स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ जसबाट धितोपत्र कारोबार प्रतिस्पर्धी, स्वच्छ र पारदर्शी बनाउन सहयोग पुग्नेछ ।
- **धितोपत्र बजारमा गैर आवासीय नेपाली भित्र्याउन आवश्यक व्यवस्थाः** पुँजी बजारमा लगानीकर्ताको संख्यामा वृद्धि तथा प्रतिस्पर्धात्मक वातावरणको विकास गर्न एवं गैर आवासीय नेपाली नागरिकहरूको ज्ञान, सीप, पुँजी,

प्रविधि र सञ्जाललाई मुलुकको विकास र समृद्धिसँग जोड्ने गरी गैर आवासीय नेपाली नागरिकहरूलाई पुँजी बजारमा सहज प्रवेशका लागि आवश्यक कानुनी तथा संस्थागत पूर्वाधार तयार गर्ने कार्य अगाडि बढाइएको छ ।

- **जलविद्युत समूहको कम्पनीहरूका लागि विशेष व्यवस्थाः** जलविद्युत कम्पनीले भौतिक पूर्वाधारको कम्तिमा ६५ प्रतिशत कार्य सम्पन्न भएको प्रमाणित विवरण पेश गरे पश्चात मात्र बोर्डबाट अन्तिम स्वीकृति प्रदान गर्ने, जलविद्युत कम्पनीका संस्थापकहरूले लकइन अवधि पश्चात सेयर बिक्री गर्नका लागि कम्पनीले अनिवार्यरूपमा विद्युतको व्यापारिक उत्पादन गरेको हुनुपर्ने र जलविद्युत कम्पनीले हकप्रद निष्काशन गर्ने कम्पनीको नेटवर्थ चुक्ता पूँजी भन्दा कम नरहेको हुनुपर्ने, आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन भईसकेको हुनुपर्ने व्यवस्था गर्न लागिएको छ ।
- **वित्तीय साक्षरता अभिवृद्धिमा जोडः** सन् २०२३ मार्च २० देखि २६ सम्म वित्तीय साक्षरता, धितोपत्र बजार शिक्षा तथा सचेतनासम्बन्धी देशभर विभिन्न कार्यक्रमहरू सञ्चालन गरी Global Money Week 2023 सम्पन्न गरिएको छ । साथै धितोपत्र नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commission, IOSCO) को आव्हानमा २०२२ अक्टोबर १२ देखी अक्टोबर १८ सम्म छैठौं विश्व लगानीकर्ता सप्ताह World Investor Week WIW 2022 मनाइएको छ । लगानीकर्तालाई शिक्षा, सुरक्षा तथा वित्तीय साक्षरता सम्बन्धी मुख्य सन्देशहरू सम्प्रेषण गर्ने र सिकाईका अवसरहरू प्रदान गर्ने मुख्य उद्देश्यका साथ सम्पन्न गरिएको सो सप्ताहमा धितोपत्र बोर्ड सहित अन्य बजार सहभागीहरू लगायतको अगुवाइमा लगानी सम्बन्धी मुख्य सन्देशहरू प्रकाशित गरी, रेडियो कार्यक्रम तथा लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरी सप्ताह मनाइनुको साथै नेपाल टेलिभिजनमा धितोपत्र बजार सम्बन्धी जनचेतनामुलक कार्यक्रम एवं वृत्तचित्र प्रसारण गरिएको छ ।
- **बजार सुपरिवेक्षण व्यवस्थामा सुदृढीकरण तथा कानुनी प्रबलीकरणः** बोर्डबाट लगानीकर्ताहरूको हक हित संरक्षण तथा धितोपत्र बजार सुपरिवेक्षण व्यवस्थालाई सुदृढीकरण गर्ने तथा कानुन प्रबलीकरणमा विशेष जोड दिईदै छोटो अवधिमा १५ वटा कारवाही गरिएको छ । उक्त क्रममा धितोपत्र सम्बन्धी कसूरहरूमा कारबाही, धितोपत्रको भित्री कारोबारको अनुसन्धान, धितोपत्र व्यवसायीहरूलाई कारवाही गरिएको छ । उक्त विवरण विस्तृतमा निम्नानुसार प्रस्तुत गरिएको छः-

### १. धितोपत्र सम्बन्धी कसूरहरूमा कारबाही

- सूचीकृत संगठित संस्था रिडी पावर लि. का अध्यक्षले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) तथा सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ को दफा १४ को उपदफा (६) मा भएको व्यवस्था उलंङ्घन गरी दोस्रो बजारमा सेयर कारोबार गरेको देखिएकाले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम बोर्डले रू. ७५०००/- (पचहत्तर हजार रूपैयाँ) जरिवाना गरिएको छ ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) मा भएको व्यवस्थाको उल्लंघन गरी सूचिकृत संगठित संस्था नेपाल हाइड्रो डेभलोपर लि. का तत्कालिन अध्यक्ष ज्ञानेन्द्र लाल प्रधानले छोरा चेतन प्रधान तथा छोरी निभिता प्रधानका नाममा कानुन विपरित हस्तान्तरण गरी उक्त सेयरको कारोबार धितोपत्र बजारमा गरेको देखिएकोले ज्ञानेन्द्र लाल प्रधानलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम रू. ७५०००/- (पचहत्तर हजार रूपैयाँ) जरिवाना गरिएको छ ।

### २. धितोपत्रको भित्री कारोबार र जालसाजीयुक्त कारोबारको अनुसन्धान तथा मुद्दा दायर

- बोर्डबाट गरिएको तहकिकात प्रतिवेदनका सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०७९।११।१० को निर्णय एवं राय बमोजिम रिडी पावर कम्पनी लि.का तत्कालिन अध्यक्ष गुरू प्रसाद न्यौपानेले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (१) बमोजिम भित्री कारोबारको रूपमा रिडी पावर

कम्पनी लिमिटेडको सेयर खरिद बिक्री गरी गैर कानुनी कारोबार गरेको रू. ३,२३,९७,३९८ (तीन करोड तेईस लाख सन्तानब्बे हजार तीन सय अन्ठानब्बे रूपैयाँ) विगो कायम गरी विगो बमोजिम जरिवाना गरी हदैसम्मको सजाय मागदावी गरी मिति २०७९।१२।०८ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ ।

- सूचिकृत संगठित संस्था नेपाल हाइड्रो डेभलोपर लि. का पूर्व अध्यक्ष ज्ञानेन्द्र लाल प्रधानले धितोपत्रको जालसाजीयुक्त कारोबार गरेको कसूरमा अनुसन्धान गरी प्राप्त प्रमाणका आधारमा रू. ३,००,०००/- (तीन लाख रूपैयाँ) जरिवाना वा दुई वर्षसम्म कदै सजाय वा दुबै सजायको मागदावी गरी जिल्ला अदालत, काठमाडौंमा मिति २०८०।०१।२४ मा मुद्दा दायर गरिएको छ ।

## ३. धितोपत्र दलाल व्यवसायीलाई कारवाही

- धितोपत्र दलाल व्यवसायी मल्ल एण्ड मल्ल स्टक ब्रोकिङ्ग क. प्रा. लि लाई धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम १० को उपविनियम (२) को खण्ड (ठ) विपरित कार्य गरेको देखिएकोले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम रू. ७५०००।- (पचहत्तर हजार रूपैँया) जरिवाना गरिएको छ ।
- त्यस्तै स्वीकृति नलिई शाखा संचालन गर्ने धितोपत्र दलाल व्यवसायी थाईभ ब्रोकरेज हाउस प्रा. लि., नक्साल काठमाडौंलाई बोर्डले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (६) बमोजिम रू. ५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना गरिएको छ ।
- तोकिएको समय भित्र प्रतिवेदन पेश नगर्ने सनी सेक्युरिटिजलाई धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ८२ को उपदफा (२) बमोजिम दश हजार तथा इम्पेरियल सेक्युरिटिज र त्रिशुल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट लिमिटेडलाई धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम रू. ७५,०००/- (पचहत्तर हजार रूपैँया) जरिवाना गरिएको छ ।

## ४. सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण कसूरमा सजाय

- मार्केट सेक्यूरिटिज एक्सचेन्ज प्रा.लि.लाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ को दफा १८ को उपदफा (१) को व्यवस्थाको परिपालना नगरेकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ.को उपदफा (१) को खण्ड (ख) बमोजिम सूचक संस्थालाई रू.१०,००,०००।- (दश लाख रूपैँया) जरिवाना गरिएको छ ।
- त्रिशक्ति सेक्युरिटिज पब्लिक लिमिटेडले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशन, २०७६ को दफा १० बमोजिम ग्राहक पहिचान विवरण अद्यावधिक गरेको नदेखिएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ. को उपदफा (१) को खण्ड (क) बमोजिम सचेत गराइएको छ ।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशन, २०७६ को दफा १० बमोजिम ग्राहक पहिचान विवरण अद्यावधिक गरेको नदेखिएकोले धितोपत्र दलाल व्यवसायी श्री कृष्ण सेक्युरिटिज लि. लाई सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ. को उपदफा (१) को खण्ड (क) बमोजिम सचेत गराइएको छ ।

## ५. क्रेडिट रेटिङ्ग कम्पनीसँग स्पष्टीकरण माग

- बोर्डबाट अनुमति प्राप्त गरी संचालनमा रहेको केयर रेटिङ्ग नेपाल लि.ले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३४ को उल्लंघन गरी आफ्नो मुख्य सेयरधनी विशाल ग्रुप सम्बद्ध कम्पनीहरूको रेटिङ्ग गरेको हुँदा केयर रेटिङ्ग नेपाल लि.लाई धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०१ उपदफा (७) अनुसार हदैसम्मको जरिवाना किन नगर्ने भनी नेपाल धितोपत्र बोर्ड नियमावली, २०६४ को नियम २९ को उपनियम (१) को खण्ड (क) बमोजिम सफाइ पेश गर्न सूचना दिइएको छ । साथै, उक्त लि.ले नियमावली विपरित गरेको रेटिङ्ग किन रद्द नगर्ने तथा केयर रेटिङ्ग नेपाल लि.को अनुमतिपत्र किन निलम्बन नगर्ने भनी नेपाल धितोपत्र बोर्ड सम्बन्धी

नियमावली, २०६४ को नियम ३० को उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्न सूचना दिइएको छ ।

**६. मर्चेन्ट बैंकरलाई कारबाही**

- मर्चेन्ट बैंकर नेपाल बंगलादेश क्यापिटल लि. तथा नागरिक लगानी कोषले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ८२ को उपदफा (१) तथा धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम २६ को उपनियम (१) को व्यवस्था परिपालन नगरी तोकिएको समय भन्दा ढिला गरी आर्थिक विवरण पेश गरेको र नागरिक लगानी कोषले आर्थिक विवरण पेश नगरेको हुँदा हदैसम्मको जरिवाना किन नगर्ने भनी नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम २९ को उपनियम (१) को खण्ड (क) बमोजिम सफाई पेश गर्न सूचना दिइएकोमा प्राप्त सफाई चित्त बुझ्दो नभएकोले प्रत्येकलाइ रू. १०,०००/- (दश हजार रूपैंया जरिवाना गरिएको छ ।
- **अध्ययन सामग्री प्रकाशनः** बोर्डले लगानीकर्ता लगायत आम सरोकारवालाका लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्ड समाचार, ३१ औं वार्षिकोत्सव विशेषाङ्क, २०८०, बोर्डको वार्षिक प्रतिवेदन, आ.व. २०७८।७९ र बजार सम्बन्धी लगानीकर्ताले ध्यान दिनु पर्ने कुराहरू विभिन्न संचार माध्यमबाट प्रकाशन गरिएको छ ।
- **लगानीकर्ता जनचेतना अभिवृद्धि तथा प्रशिक्षण कार्यक्रम संचालनः** बोर्डले लगानीकर्ताको जनचेतना अभिवृद्धिका लागि नेपाल उद्योग वाणिज्य महासंघ लगायत अन्य निकाय वा संघ संस्थासँग समन्वय गरेर धितोपत्र बजारसम्बन्धी प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रमलाई यस वर्ष निरन्तररूपमा संचालन गरेको छ ।
- **रेडियो कार्यक्रममार्फत सूचना तथा जानकारी प्रदानः** लगानीकर्ताहरूलाई धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धमा बोर्डबाट भएका गतिविधि तथा साक्षरता अभिवृद्धिका लागि नियमित रूपमा रेडियो नेपालबाट प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७:४० देखि ८:५५ बजे दुई पटक रेडियो कार्यक्रम प्रसारण गरिदै आएको छ ।

## २.८ धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम

धितोपत्र बजारको विकास तथा विस्तारका लागि नेपाल सरकारले विगत दुई आर्थिक वर्ष तथा आगामी आ.व.का लागि तय गरेको नीति तथा कार्यक्रमहरू देहाय बमोजिम रहेका छन् ।

**क) आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको थियो:-**

- पुँजी बजारमा वित्तीय सुशासन कायम गरी सर्वसाधारण लगानीकर्ताको हित संरक्षण गरिनेछ । सरकारको मातहत रहेका संभाव्य सार्वजनिक संस्थानहरूलाई आवश्यकता अनुसार पूर्ण सरकारी स्वामित्वका कम्पनी मोडलमा रूपान्तरण गरी पुँजी बजारमा सूचीकृत गर्दै आत्मनिर्भर र लगानीको थप स्रोत जुटाउन सक्षम बनाउँदै लैजाने नीति लिइनेछ ।

**कार्यान्वयन स्थितिः** बोर्डबाट नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा तय गरेको कार्यक्रमहरूलाई प्राथमिकतामा राखी आफ्नो वार्षिक नीति तथा कार्यक्रमसँगसँगै कार्यान्वयन गर्ने गरेको सन्दर्भमा आ.व. २०७८।७९ मा तय गरिएको कार्यक्रमको प्रगति विवरणलाई देहायनुसार प्रस्तुत गरिएको छः-

- बजारको प्रभावकारी सुपरिवेक्षण, सूचना सम्प्रेषणमा पारदर्शिता तथा प्रभावकारिता कायम गर्न बोर्डले विभिन्न समयमा धितोपत्र बजार लगायतका बजार सहभागी तथा सूचीकृत कम्पनीहरूलाई निर्देशन दिने गरेको छ । यस्तै, बोर्डले सर्वसाधारण लगानीकर्तामा पुँजी बजारसम्बन्धी साक्षरता अभिवृद्धि गर्न विभिन्न सचेतनामुलक सामग्रीहरूको प्रकाशन, प्रसारण तथा प्रशिक्षण कार्यक्रमहरू देशव्यापी रूपमा नियमित संचालन गर्दै आएको छ भने लगानीकर्ताको गुनासोको सम्बोधन तथा प्रभावकारी व्यवस्थापन गर्दै आएको छ ।

- पुँजी बजारमा सार्वजनिक संस्थानलाई आकर्षित गर्दै आत्मनिर्भर र लगानीको वैकल्पिक स्रोतको रूपमा पुँजी बजारलाई प्रयोग गर्न सक्ने बनाउने कार्यले समिक्षा वर्षमा पनि निरन्तरता पाएको छ । समिक्षा वर्षमा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानको आंशिक स्वामित्व भएको सेवा क्षेत्रको एक कम्पनीले सर्वसाधारणलाई साधारण सेयर विक्री गरी धितोपत्र बजारमा सूचिकृत भएको छ ।

**ख) आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छः-**

- धितोपत्रको दोस्रो बजार तथा यससम्बन्धी संरचनालाई थप प्रतिष्पर्धी बनाइनेछ । पुँजी बजारको विस्तार र विविधिकरण गरी सम्भावित जोखिम न्यूनीकरण गरी आम लगानीकर्ताको हक हित संरक्षण गरिनेछ ।
- धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा १० प्रतिशत सेयर आरक्षित गरिनेछ ।
- वस्तु विनिमय बजार र यसका पूर्वाधारहरू सञ्चालनमा ल्याइनेछ । संस्थागत तथा सरकारी ऋणपत्रहरूको दोस्रो बजार कारोबारलाई व्यवस्थित गरी ऋणपत्र बजारको विकास गरिनेछ । उद्यमशिलता तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटललाई सञ्चालन अनुमति दिई सहजीकरण गरिनेछ ।
- एक अर्ब रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा पाँच अर्ब रूपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरूको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीहरूलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने जस्ता कार्यक्रमहरूको व्यवस्था गरिएको छ ।

**कार्यान्वयन स्थितिः** बोर्डबाट नेपाल सरकारले नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा समावेश गरेको कार्यक्रमहरूलाई प्राथमिकतामा राखी आफ्नो वार्षिक नीति तथा कार्यक्रमसँगसँगै कार्यान्वयन गर्ने गरेको सन्दर्भमा आ.व. २०७९।८० मा समावेश भएको कार्यक्रमको प्रगति विवरणलाई देहायनुसार प्रस्तुत गरिएको छः-

- धितोपत्रको दोस्रो बजार तथा यससम्बन्धी संरचनालाई थप प्रतिस्पर्धी बनाउन हाल संचालनमा रहेको स्टक एक्सचेन्जमा रहेको विभिन्न नियमन निकायको सेयर स्वामित्व क्रमशः घटाउँदै लगेको छ । साथै धितोपत्र दोस्रो बजारलाई प्रतिस्पर्धी बनाउँदै दक्ष सेवा प्रवाहका लागि निजीक्षेत्रको समेत सहभागिता रहने गरी थप एक स्टक एक्सचेन्जको अनुमतिपत्र प्रदान गर्ने कार्य प्रक्रियामा रहेको छ ।
- पुँजी बजारको विस्तार र विविधिकरण गरी सम्भावित जोखिम न्यूनीकरण गरी आम लगानीकर्ताको हक हित संरक्षण गर्न धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको संख्या थप गर्ने, विद्यमान धितोपत्र दलाल व्यवासायीहरूको शाखा विस्तार गर्ने, धितोपत्र दलाल व्यवसायीको पुँजी संरचनामा वृद्धि गर्ने लगायत धितोपत्र दलाल व्यवसायीहरूको प्रभावकारी सुपरिवेक्षण गर्दै यसलाई थप आधुनिक र अन्तर्राष्ट्रियस्तरको बनाउन जोखिममा आधारित सुपरिवेक्षण संरचनाको ढाँचा तयार गरिएको छ ।
- धितोपत्रको दोस्रो बजार कारोबारमा विदेशमा रहेका गैर आवासीय नेपालीहरूलाई समेत संलग्न गराई पुँजी बजार मार्फत राष्ट्रिय पुँजी निर्माण र परिचालनमा थप योगदान गरी समग्र राष्ट्रिय अर्थतन्त्रलाई गतिशिल तथा चलायमान बनाउन प्रचलित कानुनमा आवश्यक व्यवस्था तथा सहजीकरण गर्न अध्ययन प्रतिवेदन सहितको नियमावलीको मस्यौदा तयार गर्न मिति २०७९।१२।१९ मा नेपाल धितोपत्र बोर्डमा नेपाल चार्टड एकाउन्टेन्ट संस्थाबाट प्रतिनिधित्व गर्ने संचालक सदस्य संयोजक रहेने गरी एक समिति गठन भई प्रतिवेदन तयार गरी पेश गरेको छ ।
- देशको शोधान्तर स्थिति सबल बनाउँदै विदेशबाट औपचारिक वा वैधानिक माध्यमबाट विप्रेषण ल्याउन प्रोत्साहन गर्न तथा पुँजी बजारमा लगानीकर्ताको उपस्थिति बढाई चलायमान बनाउन नेपाल सरकारबाट श्रम

स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई संगठित संस्थाको सार्वजनिक निष्काशनका वखत १० प्रतिशत सेयर आरक्षण गर्नुपर्ने व्यवस्था गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा छैठौ संशोधन गरी लागू गरेसँगै प्रभावकारी कार्यान्वयन भैरहेको छ ।

- वस्तु विनिमय बजार सम्बन्धी कार्य संचालन गर्न इच्छुक कम्पनीहरूलाई कम्पनी स्थापना गर्न पूर्व स्वीकृतिका लागि पुनः मिति २०७९।१२।३० मा सूचना प्रकाशित गरी सो सूचनाको आधारमा विभिन्न चार आवेदकबाट निवेदन पेश भई सोको जाँचबुझ तथा अध्ययन गरी पूर्व स्वीकृति प्रदान गर्ने उद्देश्यले बोर्ड सदस्य संयोजक रहने गरी एक समिति गठन भई मूल्यांकन प्रक्रियामा रहेको छ ।
- बोर्डले प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका उपकरणहरू संचालन गरी धितोपत्र बजार मार्फत स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्न लागू भएको विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम १२ वटा संस्थाहरूलाई भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटीको कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गरेकोमा सोमध्येबाट चार वटाको रू. १० अर्ब ५० करोड रुपैँया बराबरको कोष संचालनका लागि बोर्डमा दर्ता भएको छ ।
- वास्तविक क्षेत्रका कम्पनीहरूलाई धितोपत्र बजारमा सूचीकरण गर्न उपयुक्त परिस्थिति बनाउन स्वतन्त्र मूल्यमा धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने व्यवस्थाका लागि बुक बिल्डिङ्ग निर्देशिका लागू गरिएको छ । यही व्यवस्थाको परिधिमा रही धितोपत्रको सार्वजनिक निष्काशन गर्न केही कम्पनीहरूले बोर्डमा निवेदन दिई स्वीकृतिका लागि अध्ययन तथा जाँचबुझ गरी स्वीकृतिको अन्तिम चरणमा रहेको छ ।

**ग) आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा धितोपत्र बजारको विकास तथा विस्तारका लागि देहाय बमोजिमको कार्यक्रम समावेश गरिएको छः-**

- अन्तर्राष्ट्रिय वित्त बजारबाट दीर्घकालीन पुँजी परिचालन गर्न आवश्यक कानुनी पूर्वाधार तयार गरिनेछ । ठूला तथा जलाशययुक्त जलविद्युत आयोजना, प्रसारण लाइन लगायतका पूर्वाधारमा लगानी गर्न स्थानीय मुद्रामा आधारित हरित वण्ड, उर्जा वण्ड जस्ता नवीन वित्तीय उपकरण मार्फत लगानीयोग्य पुँजी जुटाइनेछ ।
- वित्तीय क्षेत्रलाई स्वस्थ एवं सवल बनाई मुलुकमा उपलब्ध वित्तीय साधनलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ । वित्तीय मध्यस्थता लागत कम गरी लगानीको लागि पुँजीमा पहुँच सहज बनाइनेछ । नियमन निकायहरूको क्षमता विकास गरी वित्तीय क्षेत्रको नियमनलाई सुदृढ बनाइनेछ ।
- वित्तीय क्षेत्रको स्रोत साधन सीमित व्यक्ति, समूह वा भौगोलिक स्थानमा केन्द्रित हुन नदिन समावेशी वित्तको अवधारणअनुसार बैंक, वित्तीय संस्था, वीमा र पुँजी बजारको सेवा बहुसंख्यक जनतासम्म पुऱ्याउने गरी आवश्यक नीतिगत सुधार गरिनेछ । सरकारी स्वामित्वका बैंक तथा वित्तीय संस्थालाई पुनसंरचना गरी थप सुदृढ बनाइनेछ ।
- पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाई लगानीकर्ताको हीत सुनिश्चित गरिनेछ । पुँजी बजारमा संस्थागत लगानीकर्तालाई प्रोत्साहित गरिनेछ । गैर आवासीय नेपालीलाई धितोपत्र बजारमा सूचीकृत भएका जलविद्युत र अन्य वास्तविक क्षेत्रका कम्पनीमा लगानी गर्न खुला गर्ने व्यवस्था मिलाइनेछ । धितोपत्र औजारहरूको विस्तार र विविधिकरण गरिनेछ ।
- पुँजी बजारलाई सुदृढ र गतिशिल बनाउन धितोपत्रसम्बन्धी विद्यमान कानुनी व्यवस्थामा समयानुकुल संशोध नगरिनेछ । आवश्यक पूर्वाधार तयार गरी कमोडिटिज एक्सचेन्ज मार्केट तथा एसएमईज प्लेटफर्म संचालनमा ल्याइनेछ ।

***

# भाग-तीन
# बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

## ३.१ बोर्डको स्थापना

धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि धितोपत्र कारोबार ऐन, २०४० जारी हुदाँ सेक्युरिटी खरिद विक्रि केन्द्रबाट नै धितोपत्रको नियमन र धितोपत्र बजार संचालनको दुवै कार्य गरि आएकोमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिवेश अनुरूप धितोपत्रको नियमन निकाय र बजार संचालक फरक फरक निकाय हुनपर्ने मान्यता स्थापित भएको थियो । यसै मान्यता अनुरूप धितोपत्र कारोबार ऐन, २०४० लाई वि.सं २०४९ मा पहिलो संशोधन गरी नियमन निकायको रूपमा नेपाल सरकारबाट वि.सं. २०५० साल जेठ २५ गते धितोपत्र बोर्ड (बोर्ड) को स्थापना भएको थियो । धितोपत्र कारोबार ऐन, २०४० मा भएका संशोधन समेतबाट धितोपत्र बजारलाई नियमन तथा सुपरिवेक्षण गर्न र धितोपत्र बजारमा हुने कतिपय अनुचित कार्यलाई नियन्त्रण र सजाय गर्न, बजारलाई स्वच्छ राखि लगानीकर्ताको हित संरक्षण गर्न नयाँ धितोपत्र सम्बन्धी कानुनको आवश्यकता महसुस भएको थियो । यसै अनुरूप देशको आर्थिक विकासका लागि आवश्यक दीर्घकालीन पुँजीको व्यवस्था गर्न बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्यसहित धितोपत्र सम्वन्धी अध्यादेश,२०६२ जारी गरिएको थियो र सोहि अध्यादेशलाई २०६३ मा ऐनको रूपमा जारी गरिएको थियो । बोर्डले नियमन निकायको रूपमा समग्र धितोपत्र बजारको नियमन कार्य गर्दै आइरहेकोमा नेपाल सरकारबाट मिति २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी समेत बोर्डलाई प्राप्त भएको छ ।

## ३.२ बोर्डको काम, कर्तव्य र अधिकारहरू

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्डले स्थापना भएदेखि नै धितोपत्र बजारको विकास तथा सुधारका लागि कार्यहरू गर्दै आईरहेकोमा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भए पश्चात वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षणको जिम्मेवारी प्राप्त गर्नुका साथै सम्पत्ति शुद्धीकरण ऐन, २०६४ बमोजिम नियमन निकायको रूपमा धितोपत्र बजारमा हुन सक्ने सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी गतिविधिहरूलाई समेत नियमन गर्दै आईरहेको छ । उक्त ऐनहरू बमोजिम बोर्डका मुख्य काम, कर्तव्य र अधिकारहरू निम्नानुसार प्रस्तुत गरिएको छः-

३.२.१ धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्ः-

- धितोपत्र सार्वजनिक रूपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने ।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरू बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने ।

- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरूलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने ।
- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।
- धितोपत्र तथा धितोपत्र बजार विकासका सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

### ३.२.२ वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय बमोजिम मुख्य काम, कर्तव्य र अधिकारहरू रहेका छन्:-

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई राय/सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने ।
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्ने अन्य नियमन निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

### ३.२.३ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन २०६४(दोस्रो संशोधनसमेत), बमोजिम नियमन निकायको रूपमा बोर्डको मुख्य काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्:-

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशनको पालना गर्ने वा गराउने ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा उक्त ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन वा आदेशको व्यवस्था पालना भए नभएको सम्बन्धमा नियमनका लागि सूचक संस्थाको रूपमा बोर्डबाट अनुमतिपत्र प्राप्त व्यवसायीलाई तोकिएको र त्यस्तो सूचक संस्थाको आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण वा अनुगमन गर्ने ।
- सूचक संस्थाले गर्ने कुनै व्यवसाय वा पेशा दर्ता गर्दा वा व्यवसायको लागि अनुमतिपत्र वा इजाजतपत्र दिँदा पेशा वा व्यवसाय सञ्चालन गर्ने व्यक्तिले ऐन बमोजिमको काम कारबाही तथा दायित्व पूरा गर्नु पर्ने शर्त तोक्ने ।

- सूचक संस्थाको व्यवसायगत सुपरिवेक्षण (प्रुडेन्सियल सुपरभिजन) सम्बन्धी आधारभूत मान्यतामा अन्तरनिहित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्थाको परिपालना गराउने ।
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिइएको निर्देशन बमोजिमको दायित्व परिपालना गराउन सूचक संस्थामा रहेको जुनसुकै प्रकारको सूचना, जानकारी तथा कागजात उपलब्ध गराउन आदेश दिने तथा कसूरको अनुसन्धान सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने लगायतका अधिकार रहेका छन ।

## ३.३ सञ्चालक बोर्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम बोर्डमा सरकारी निकायका साथै निजी क्षेत्रका निकायहरूको प्रतिनिधित्व रहने गरी ७ सदस्यीय संचालक बोर्ड हुने व्यवस्था रहेको छ । बोर्डमा नेपाल सरकारद्वारा नियुक्त कार्यकारी अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका प्रतिनिधि (कार्यकारी निर्देशक), नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि (उपाध्यक्ष) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रतिनिधि (उपाध्यक्ष) तथा नेपाल सरकारबाट मनोनित हुने पुँजी बजार क्षेत्रका विज्ञ सदस्य रहने व्यवस्था रहेको छ । समिक्षा वर्षमा बोर्डको बैठक ४४ पटक बसी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा सुधारसँग सम्बन्धित विषयमा निर्णय गरेको थियो । गत आ.व. मा सञ्चालक बोर्डको बैठक ४३ पटक बसेको थियो । आ.व.२०७९।८० मा बोर्डको सञ्चालक बोर्डमा रहनुभएका सदस्यहरूको परिवर्तन र यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ आ.व. २०७९।८० मा बोर्डको सञ्चालक समितिका सदस्यहरू**

| क्र.स. | नाम | संस्था | देखि | सम्म |
|---|---|---|---|---|
| १. | श्री रमेश कुमार हमाल-अध्यक्ष | नेपाल सरकारबाट मनोनित | २०७८।११।०५ | हालसम्म |
| २. | श्री रितेश कुमार शाक्य-सदस्य | नेपाल सरकार, नेपाल सरकार अर्थ मन्त्रालय | २०७९।०२।२६ | हालसम्म |
| ३. | श्री हुम बहादुर के.सी | सह-सचिव, कानुन, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०८०।०६।४ | हालसम्म |
| | श्री फणीन्द्र गौतम -सदस्य | सह-सचिव, कानुन, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | २०७९।१०।२२ | २०८०।०५।२० |
| ४. | श्री मुकुन्द कुमार क्षेत्री-सदस्य | कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | २०७८।०८।२१ | हालसम्म |
| ५. | सि.ए.प्रविण कुमार झा-सदस्य | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०८०।०४।०७ | हालसम्म |
| | श्री सुजन कुमार काफ्ले | उपाध्यक्ष (प्रतिनिधि), नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था | २०७९।०४।०८ | २०८०।०४।०६ |
| ६. | श्री सुर कृष्ण वैद्य-सदस्य | वरिष्ठ उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०८०।०२।२३ | हालसम्म |
| | श्री अञ्जन श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | २०७८।०६।२० | २०८०।०२।२२ |
| ७. | श्री भोलानाथ ढुंगाना-विज्ञ सदस्य | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७९।०५।०६ | हालसम्म |
| | श्री अशोक कुमार पौडेल | नेपाल सरकारबाट मनोनित विज्ञ सदस्य | २०७६।०९।२८ | २०७९।०४।२३ |

## ३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

धितोपत्र बजारको दायरा दिन प्रति दिन बढ्दै गईरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, क्रेडिट रेटिङ्ग कम्पनी, सामूहिक लगानी कोष, धितोपत्र दलाल, मर्चेण्ट बैंकर, निक्षेप सदस्य, आस्वा सदस्य

तथा नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत कम्पनी गरी ६६३ भन्दा बढी संस्था तथा कम्पनीको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पूरा गर्दै आएको छ । बोर्डबाट वस्तु विनिमय बजार संचालन अनुमति, धितोपत्र व्यापारीलाई अनुमति तथा विशिष्टीकृत लगानी कोषहरूलाई अनुमति दिने कार्य अगाडि बढेकोले यी संस्थाहरूको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी बोर्डमा थपिने क्रममा रहेको छ ।

बोर्डमा वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षण जिम्मेवारी थप भएको सन्दर्भमा प्राप्त जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि संस्थागत क्षमतामा समयानुकूल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै बोर्डले विद्यमान संगठन संरचनाको पुनरावलोकन कार्य गरेको छ । बोर्डमा आ.व. २०७९।८० स्थायी तथा करार सेवामा गरी जम्मा ८४ जना कर्मचारीहरू कार्यरत रहेका थिए । बोर्डको संगठन संरचना अनुसूची-७ मा प्रस्तुत गरिएको छ ।

## ३.५ समितिहरू

बोर्डको काम कारवाही प्रभावकारी रूपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन् । यी समितिहरूले आर्थिक वर्ष २०७९।८० मा गरेका कामकारवाहीहरू निम्नानुसार रहेका छन्ः-

### क) कानुन तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानुनी व्यवस्थाहरूको मस्यौदा तयार गर्न साथै बोर्डसंग सम्बन्धित कानुनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिने र धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको विज्ञ सदस्य, नियमन विभागका प्रमुख सदस्य, व्यवस्थापन तथा कानुन विभागका प्रमुख सदस्य कानुन महाशाखाका प्रमुख सदस्य सचिव हुने गरी पाँच सदस्यी कानुन प्रबलीकरण समिति रहेको छ । आर्थिक वर्ष २०७९।८० मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरू भएका छन्ः–

- धितोपत्र दर्ता तथा निष्काशन (छैठौं संशोधन) नियमावली, २०८० को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।
- धितोपत्र निष्काशन तथा बाँडफाँड (छैठौं संशोधन) निर्देशिका, २०७९ को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।
- धितोपत्र दर्ता गराएका संगठित संस्था एक आपसमा गाभिने तथा प्राप्ती गर्ने सम्वन्धी निर्देशिका, २०७९ को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।
- धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्वन्धी निर्देशिका, २०७९ को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।
- धितोपत्र तथा वस्तु विनिमय बजारको नियमन निकायलाई थप स्वायत्त तथा अधिकार सम्पन्न वनाई नियमन तथा अनुगमन कार्यलाई थप प्रभावकारी वनाउन विश्व बैंकद्वारा तयार गरिएको नेपाल धितोपत्र तथा बिनिमय आयोग ऐन, २०८० को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।
- साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार सम्वन्धी नियमावली, २०७९ को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।
- धितोपत्र दर्ता तथा निष्काशन (सातौं संशोधन) नियमावली, २०८० को मस्यौदालाई परिमार्जन गरी बोर्ड समक्ष पेश गरेको ।

### ख) वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी अन्तिम रूप दिन, वार्षिक बजेट तथा खर्चको आवधिक रूपमा पुनरावलोकन गर्न तथा लेखा परीक्षकबाट प्राप्त लेखा परीक्षण प्रतिवेदन अध्ययन गरी अन्तिम रूप दिने तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरू गर्न बोर्डमा वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति रहेको छ । उक्त समितिमा नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा बोर्डको व्यवस्थापन तथा कानुन विभागका प्रमुख सदस्य र बोर्डको लेखा तथा वित्त शाखा प्रमुख सदस्य सचिव रहेका छन् । आर्थिक वर्ष २०७९।८० मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरू भएका छन्:-

- बोर्डको आर्थिक वर्ष २०८०।८१ को बजेट तयार गरिएको ।
- बाह्य लेखा परीक्षकबाट प्राप्त आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण प्रतिवेदनको अध्ययन गरी सोको प्रत्युत्तर तयार गरिएको ।
- बोर्डमा रहेको लगानी योग्य रकमलाई विभिन्न बैंकहरूमा राख्नका लागि सिफारिश गरिएको ।

### ग) लेखापरीक्षण समिति

बोर्डको वित्तीय विवरणको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग गर्न, बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन सम्बन्धमा संचालक समतिलाई सहयोग पुऱ्याउन, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई मजबुत बनाउन, आन्तरिक लेखा परीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखा परीक्षकको लेखा परीक्षण प्रकृया निर्धारण तथा मूल्याकंन जस्ता कार्यहरू गर्नका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्यको संयोजकत्वमा नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको कानुन महाशाखाका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति रहेको छ । समिक्षा अवधिमा यस समितिले आर्थिक वर्ष २०७९।८० को बोर्डको आन्तरिक लेखापरीक्षण कार्य गर्नको लागि लेखा परीक्षक नियुक्त गर्ने प्रकृयालाई अगाडि बढाएको छ । आर्थिक वर्ष २०७९।८० मा उक्त समितिको संयोजनमा देहाय बमोजिमको कार्यहरू भएका छन्:

- बोर्डको आर्थिक वर्ष २०७८।७९ को आन्तरिक लेखा परीक्षकले तयार गरेको लेखा परीक्षण प्रतिवेदन आन्तरिक लेखा परीक्षकलाइ समिति समक्ष प्रस्तुती गर्न लगाइएको ।
- आन्तरिक लेखा परीक्षकले तयार गरेको आर्थिक वर्ष २०७८।७९ को लेखा परीक्षण प्रतिवेदनका सम्वन्धमा आन्तरिक लेखा परीक्षकबाट प्राप्त कैफियत तथा सुझावहरूका सम्वन्धमा आवश्यक सुधारका कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।
- बोर्डको आर्थिक वर्ष २०७९।८० को आन्तरिक लेखापरीक्षणको लागि मुल्यांकन समितिको प्रतिवेदनको आधारमा आन्तरिक लेखापरीक्षक नियुक्ति गर्न व्यवस्थापनलाई निर्देशन दिईएको ।
- श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन र व्यवस्थापनपत्रमा उल्लेख भएका कैफियतहरू तथा सुझावहरूका सम्वन्धमा सूधार गर्न बोर्ड व्यवस्थापनलाई निर्देशन दिईएको ।
- बोर्डको आन्तरिक लेखा परीक्षकले तयार गरेको आर्थिक वर्ष २०७९।८० को प्रथम र दोस्रो चौमासिकसम्मको प्रारम्भिक आन्तरिक लेखा परीक्षण प्रतिवेदनको सम्वन्धमा आन्तरिक लेखा परीक्षकबाट प्राप्त कैफियत तथा सुझावहरूका सम्वन्धमा आवश्यक कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिईएको ।

### घ) सूचना प्रविधि नीति कार्यान्वयन समन्वय समिति

बोर्डबाट नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ लागू गरिएकोमा उक्त नीतिमा गरिएका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा लागू गर्नका लागि बोर्डका नीति, अनुसन्धान तथा सुचना प्रविधि महाशाखा प्रमुख संयोजक रहने गरी पाँच सदस्य समिति गठन गरिएको छ । उक्त समितिलाई सूचना प्रविधि नीतिको कार्यान्वयन तथा नीति कार्यान्वयन गतिविधिहरूको समन्वयको प्रभावकारी भूमिका निर्वाह गर्ने जिम्मेवारी तोकिएको छ ।

## ३.६ बोर्डको वित्तीय अवस्था

बोर्डमा GAAP अनुसार लेखांकन गर्ने गरिएकोमा आ.व. २०७६।७७ देखि NFRS अनुसार लेखांकन गर्ने गरिएको छ । बोर्डको वासलातको आकार २०७८।७९ मा (लेखापरीक्षण भएको) रू. २५३ करोड ७५ लाख रहेकोमा समिक्षा वर्ष अर्थात आ. व. २०७९।८० मा उक्त वासलातको आकार (अपरिष्कृत) रू. २९४ करोड ९६ लाख पुगेको छ ।

आर्थिक वर्ष २०७८।७९ मा बोर्डको जम्मा आम्दानी रू. ९४ करोड ४ लाख रहेकोमा समिक्षा बर्षमा बोर्डको आम्दानी (अपरिष्कृत) रू. ८८ करोड ४८ लाख रहेको छ । बोर्डले आम्दानीतर्फ विशेषत धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान, सामूहिक लगानी योजना स्वीकृति, क्रेडिट रेटिङ्ग सेवा शुल्क, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी तथा धितोपत्र बजार अनुमति पत्र नवीकरण दस्तुर, मर्चेन्ट बैंकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नवीकरण दस्तुर, धितोपत्र कारोबार दस्तुर, विभिन्न आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र अनुमति पत्र शुल्कबाट रू. ६६ करोड ४१ लाख आम्दानी गरेको छ भने व्याज तथा अन्य आम्दानीबाट रू. २२ करोड ७ लाख प्राप्त गरेको छ ।

आर्थिक वर्ष २०७८।७९ मा बोर्डको जम्मा खर्च (कर बाहेक) रू. २७ करोड ३६ लाख रहेकोमा समिक्षा बर्षमा कर खर्च रू. १९ करोड ९५ लाख पुगेको छ । समिक्षा वर्षमा बोर्डको अक्षय कोष रू. १११ करोड पुगेको छ । साथै बोर्डको जगेडा कोष, संचित नाफा नोक्सान तथा अन्य कोषहरूको आकार आ.व. २०७९।८० (अपरिष्कृत) सम्म रू १६३ करोड ८३ लाख पुगेको छ । आ.व. २०७९।८० को अपरिष्कृत वासलात तथा आय-व्यय विवरण क्रमशः अनुसूची-८ र ९ मा प्रस्तुत गरिएको छ ।

## ३.७ अन्तर्राष्ट्रिय सम्बन्ध

बोर्डबाट नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा सुधारका कार्यहरू भएसँगै सन् २०१६ जुलाईमा बोर्डले धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions – IOSCO) को एशोसियट सदस्यता प्राप्त गरेको छ । यसबाट नेपालको नियमन निकायले अन्तर्राष्ट्रिय मान्यता पाई अब नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय स्तर अनुरूप विकास गर्नुपर्ने जिम्मेवारी बोर्डमा थपिएको छ । IOSCO मा १३१ साधारण सदस्य, ३४ एशोसियट सदस्य र ७३ अफिलियट सदस्य रहेका छन् ।

त्यस्तै, नेपालको धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण गरी स्तर अभिवृद्धि गर्ने उद्देश्य अनुरुप वोर्डको समन्वयमा नेपालको तर्फबाट सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई Association of National Numbering Agencies (ANNA) को सदस्य बन्नका लागि अधिकार प्रत्यायोजन गरेकोमा आर्मेनियामा २०१६, जुन २ र ३ मा भएको ANNA को साधारण सभाबाट उक्त लि. ले ९२ औं सदस्यता प्राप्त गरेको हो । ANNA मा हाल नेपाल लगायत १०० पूर्ण सदस्य तथा अन्य २० पार्टनर रहेका छन् ।

सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रूपमा बोर्डले सोही अनुरूपको भूमिका निर्वाह गर्दै आइरहेको छ । बोर्ड सार्क क्षेत्रका नियमन निकायहरूको संघ (South Asian Securities Regulators Forum- SASRF) को सदस्यको रूपमा अन्य सदस्य नियमन निकायहरूसँग निरन्तर सम्बन्ध राख्दै आवश्यक ज्ञान तथा सूचनाहरू आदान प्रदान गर्नुका साथै सहयोग र समन्वय गर्दै आइरहेको छ ।

बोर्डले जनवरी १, २०१९ बाट लागू हुने गरी वित्तीय साक्षरता प्रवर्द्धन गर्न OECD द्वारा सन २००८ मा स्थापित International Network on Financial Education-INFE संस्थाको पूर्ण सदस्यता प्राप्त गरेको छ । उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गर्नेमा बोर्ड नेपालको पहिलो निकाय रहेको छ । यस संस्थाले विश्वव्यापीरूपमा साना तथा मझौला व्यवसाय, वित्तीय समावेशिता, युवा तथा महिला वर्ग, दीर्घकालिन बचत तथा लगानी लगायतका विविध क्षेत्रहरूमा वित्तीय साक्षरता अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गर्दै आएको देखिन्छ । यसबाट वित्तीय साक्षरतासम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि तथा वित्तीय साक्षरताको स्तर अभिवृद्धिमा बोर्डको समेत प्रत्यक्ष सहभागिताको अवसर उपलब्ध भएको छ । हाल यस संस्थामा विश्वका ७२ देशका १०० संस्थाहरू पूर्ण सदस्यको रूपमा रहेका छन्

भने नियमित सदस्यतर्फ १०२ देशका १२८ संस्थाहरू रहेका छन् ।

त्यस्तै विश्व बैक, एशियाली विकास बैक, IOSCO, OECD, Toronto Centre तथा बिभिन्न देशका धितोपत्र बजारको नियमन निकायहरूले आयोजना गर्ने धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रमहरूमा बोर्डको सहभागिता रहँदै आएको छ । बोर्डले कर्मचारीहरूको नियमन तथा सुपरिवेक्षण क्षमता विकास गर्ने उद्देश्यले तीन वर्षका लागि सन् २०२१ मार्च २६ बाट लागू हुने गरी Toronto Centre सँग सम्झौता गरेको छ ।

आ.व. २०७९।८० मा भारत, बंगलादेश, मलेसिया, सिङ्गापुर, इरान, मरेसियस,इजिप्ट, मरक्को, ब्राजिल, यु.एस.ए. लगायतका देशहरूमा करिब ३१ जना कर्मचारीहरूले बोर्डको प्रतिनिधित्व गर्दै विभिन्न कार्यक्रममा भाग लिएका छन् ।

***

# भाग-चार
# बोर्डका कामकारवाही तथा गतिविधि

बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास र विस्तारका लागि वार्षिक कार्यक्रम अन्तर्गत विकासात्मक तथा नियमित कार्यहरू तय गरी कार्यान्वयन गर्दै आएको छ । समिक्षा वर्षमा बोर्डबाट कानुनी व्यवस्थामा समसामयिक संशोधन, धितोपत्र दलाल तथा व्यापारी, विशिष्टीकृत लगानी कोष व्यवस्थापक लगायतका अन्य व्यवसायीहरूको नयाँ अनुमतिपत्र प्रदान लगायत अन्य विकासात्मक कार्यहरू तथा नियमित नियमन तथा सुपरिवेक्षणका कार्यहरू निरन्तर रूपमा संचालन गर्दै आएको छ । यसै क्रममा धितोपत्र दलाल व्यवसायी, धितोपत्र व्यापारी, मर्चेण्ट बैंकर, सामूहिक लगानी कोष, योजना व्यवस्थापक तथा डिपोजिटरी, विशिष्टीकृत लगानी कोष व्यवस्थापक, निक्षेप सदस्य, योग्य संस्थागत लगानीकर्ताको अनुमति तथा दर्ता प्रमाणपत्रका लागि प्राप्त निवेदनहरूको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ । त्यसैगरी संगठित संस्थाहरूको धितोपत्रहरू दर्ता गर्ने, विवरणपत्र, बिक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरूलाई स्वीकृति प्रदान गर्ने, विशिष्टीकृत लगानी कोष दर्ता तथा सामूहिक लगानी योजना दर्ता गर्ने एवं धितोपत्र बजार, सूचीकृत कम्पनी, सामूहिक लगानी कोष, निक्षेप सेवा, क्रेडिट रेटिङ्ग संस्था तथा धितोपत्र व्यवसायीको गैर स्थलगत तथा स्थलगत सुपरिवेक्षण प्रभावकारी रूपमा संचालन गरिएको छ ।

साथै बोर्डबाट धितोपत्र कारोबारको वास्तविक समय सुपरिवेक्षण गर्ने, धितोपत्र सम्बन्धी कानुनहरूलाई समसामयिक बनाउन संसोधन गर्ने, बोर्डमा विभिन्न माध्यमबाट प्राप्त गुनासाहरूको समाधान गर्ने, कानुनी व्यवस्थाहरूको उल्लंघन भएको सम्बन्धमा कानुन बमोजिम कारबाही गर्ने, लगानीकर्ताहरूको धितोपत्र बजार सम्बन्धमा आधारभुत र प्राविधिक विश्लेषण गरी लगानी गर्ने सम्बन्धमा ज्ञान अभिवृद्धि गर्न देशका विभिन्न स्थानहरूमा लगानीकर्ता प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रमहरू संचालन गर्ने लगायतका विभिन्न नियमित कार्यहरू सम्पन्न गरिएको छ ।

बोर्डको आर्थिक वर्ष २०७९।८० को अवधिमा सम्पन्न प्रमुख कार्यहरू संक्षिप्तमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण

बोर्डबाट धितोपत्र सम्बन्धी सेवालाई व्यवस्थित तथा छिटो छरितो रूपमा प्रवाह गर्न बोर्डमा पेश गरेका विवरण तथा कागजात अध्ययन तथा जाँचबुझ गरी आर्थिक वर्ष २०७९।८० मा देहायानुसारका अनुमतिपत्र तथा दर्ता प्रमाणपत्र प्रदान गर्नुका साथै बोर्डबाट यस आ.व. भन्दा पहिले प्रदान गरिएका अनुमतिपत्र तथा दर्ता प्रमाणपत्रको नवीकरणको लागि निवेदन प्राप्त भए अनुसार देहाय बमोजिमका संस्थाहरूको अनुमतिपत्र तथा दर्ता प्रमाणपत्र नवीकरण गरिएको छ ।

**क) धितोपत्र बजारको अनुमतिपत्र नवीकरणः** धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार धितोपत्रको दोस्रो बजार संचालकको रूपमा बोर्डबाट अनुमतिपत्र प्राप्त एक मात्र धितोपत्र बजार नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भई उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ । धितोपत्र बजार सम्बन्धी कार्य गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको विवरण अनुसूची-१० मा प्रस्तुत गरिएको छ ।

**ख) केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरणः** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ को व्यवस्था बमोजिम बोर्डबाट केन्द्रीय निक्षेप कम्पनीको रूपमा अनुमतिपत्र प्राप्त एक मात्र केन्द्रीय निक्षेप कम्पनी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन पेश भई उक्त लि. को अनुमतिपत्र नवीकरण गरिएको छ । केन्द्रीय निक्षेप सम्बन्धी कार्य गर्न बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको विवरण अनुसूची-११ मा प्रस्तुत गरिएको छ ।

**ग) क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नवीकरणः** क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम बोर्डबाट तीनवटा कम्पनीलाई क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्ने अनुमतिपत्र प्रदान गरिएकोमा उक्त कम्पनीहरूबाट बोर्डमा अनुमतिपत्र नवीकरणका लागि निवेदन पेश भई अनुमतिपत्र नवीकरण गरिएको छ । बोर्डबाट क्रेडिट रेटिङ्ग कार्य गर्न अनुमतिपत्र प्राप्त संस्थाहरू सम्बन्धी विवरण अनुसूची-१२ मा प्रस्तुत गरिएको छ ।

**घ) धितोपत्र व्यापारी (स्टक डिलर) लाई अनुमतिपत्र प्रदान तथा नवीकरणः** धितोपत्र बजारमा संस्थागत लगानीकर्ताको रूपमा कार्य गर्दै पुँजी बजारलाई सन्तुलित रूपमा अगाडि बढाउँदै कारोबारमा गतिशिलता ल्याउने उद्देश्यले बोर्डबाट अनुमतिपत्र प्राप्त नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लि. ले बोर्डमा अनुमतिपत्र नवीकरणका लागि निवेदन पेश गरेकोमा अनुमतिपत्र नवीकरण गरिएको छ । साथै समिक्षा वर्षमा थप एक संस्था नबिल सेक्युरिटिज लि. लाई धितोपत्र व्यापारीको कार्य गर्ने अनुमतिपत्र प्रदान गरिएको छ । यससँगै नेपालको धितोपत्र बजारमा धितोपत्र व्यापारीको संख्या दुई पुगेको छ । बोर्डबाट धितोपत्र व्यापारी सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्थाहरूको विवरण अनुसूची-१३ मा प्रस्तुत गरिएको छ ।

**ङ) सामूहिक लगानी कोष, कोष प्रबर्द्धक र योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र प्रदान तथा नवीकरणः** सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४ को व्यवस्था बमोजिम समिक्षा वर्षमा सामूहिक लगानी कोष स्थापना गर्नका लागि बोर्ड समक्ष दुई वटा कोष दर्ता भएका छन् । यससँगै सामूहिक लगानी कोषको संख्या २० पुगेका छन् । त्यसैगरी समिक्षा बर्षमा सामूहिक लगानी कोष अर्न्तगत योजना संचालन गर्न योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने दुई वटा अनुमतिपत्र प्रदान गरिएको छ भने १४ वटा संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ । यससँगै योजना व्यवस्थापक तथा डिपोजिटरीको संख्या १६ पुगेको छ । बोर्डमा दर्ता भएका सामूहिक लगानी कोष, कोष प्रवर्द्धक तथा योजना व्यवस्थापक तथा डिपोजिटरीको विवरण अनुसूची-१५ मा प्रस्तुत गरिएको छ ।

**च) मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान तथा नवीकरणः** समिक्षा बर्षमा धितोपत्र व्यावसायी मर्चेण्ट बैंकरको रूपमा कार्य गर्न तीन वटा नयाँ संस्थाले बोर्डबाट मर्चेण्ट बैंकर सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त गरेका छन् । त्यसैगरी तीनवटा मर्चेण्ट बैंकर संस्थाका मुख्य कम्पनी एक आपसमा गाभिएको हुँदा सहायक कम्पनी पनि गाभिन गई मर्चेण्ट बैंकरको संख्या ३० वटा नै कायम रहेको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी विवरण अनुसूची-१६ मा प्रस्तुत गरिएको छ ।

**छ) धितोपत्र दलाल व्यवसायीहरूको अनुमतिपत्र प्रदान तथा नवीकरणः** समिक्षा वर्षमा धितोपत्र दलालको सेवा प्रवाहलाई प्रतिस्पर्धी बनाउने उद्देश्यले बोर्डबाट थप १७ वटा धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र प्रदान गरिएको छ । यससँगै धितोपत्र दलाल व्यवसायीहरूको संख्या २०८० आषाढ मसान्तसम्म ६७ पुगेको छ । साथै समिक्षा अवधिमा बोर्डबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र बजार निर्माता तथा व्यापारी नियमावली, २०६४ को नियम ८ मा रहेको व्यवस्था बमोजिम ५० धितोपत्र दलाल व्यवसायीहरूको अनुमतिपत्र नवीकरणका गरिएको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसायीहरूको विवरण अनुसूची-१७ मा प्रस्तुत गरिएको छ ।

**ज) निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरणः** समिक्षा वर्षमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ को व्यवस्था बमोजिम ८३ निक्षेप सदस्यहरूको दर्ता प्रमाणपत्र नवीकरणका गरिएको छ । साथै आठ वटा नयाँ संस्थालाई निक्षेप सदस्यहरूको दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । यससँगै निक्षेप सदस्यको कार्य गर्ने संस्थाको संख्या ९१ पुगेको छ । बोर्डबाट निक्षेप सदस्य कार्य गर्न दर्ता प्रमाणपत्र प्राप्त गर्ने संस्थाहरूको विवरण अनुसूची-१८ मा प्रस्तुत गरिएको छ ।

**झ) आस्वा सदस्यको अनुमतिपत्र नवीकरणः** बोर्डबाट समिक्षा अवधिमा धितोपत्रको प्राथमिक बजारमा धितोपत्रको

दरखास्त संकलनको कार्य गर्ने ४९ आस्वा सदस्यहरूको अनुमति नवीकरण गरिएको छ । बोर्डबाट आस्वा सदस्यको अनुमति प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१९ मा प्रस्तुत गरिएको छ ।

ञ) **योग्य संस्थागत लगानीकर्तालाई अनुमतिपत्र प्रदानः** धितोपत्रको मूल्य निर्धारण प्रक्रियालाई पारदर्शी तथा प्रतिस्पर्धात्मक रूपमा गरी वास्तविक क्षेत्रका कम्पनीलाई पुँजी बजारमा प्रवेशका लागि प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय रूपमा प्रचलनमा रहेको बुक बिल्डिङ्ग विधि अनुरूप प्रारम्भिक सार्वजनिक निष्काशनका सम्बन्धमा बोर्डले बुक बिल्डिङ्ग निर्देशिका, २०७७ मिति २०७७।०४।२८ मा जारी गरिसकेको र वास्तविक क्षेत्रका केही कम्पनीहरूले यस विधिमार्फत् धितोपत्रको सार्वजनिक निष्काशन गर्न बोर्ड समक्ष निवेदन समेत पेश गरी सकेका छन् । यस व्यवस्थाको पूर्ण कार्यान्वयनका लागि योग्य संस्थागत लगानीकर्ताको आवश्यकता पर्ने भएकोले बोर्डबाट समिक्षा वर्षमा योग्य संस्थागत लगानीकर्ताको रूपमा कार्य गर्न १६ वटा योग्य संस्थागत लगानीकर्तालाई स्वीकृति प्रदान गरिएको छ । यससँगै बोर्डबाट स्वीकृति प्राप्त योग्य संस्थागत लगानीकर्ताको संख्या १३२ पुगेको छ । बोर्डबाट स्वीकृति प्राप्त योग्य संस्थागत लगानीकर्ताहरूको विवरण अनुसूची-२० मा प्रस्तुत गरिएको छ ।

## ४.२ कानुनी व्यवस्था, कानुन प्रबलीकरण तथा राय सुझाव

आर्थिक वर्ष २०७९।८० मा बोर्डले धितोपत्र बजारको विकास तथा विस्तारका लागि कानुनी व्यवस्थामा समसामयिक सुधार तथा व्यवस्था गर्न कानुनी व्यवस्थाको संशोधन तथा परिमार्जन गरिएको छ भने कानुनी व्यवस्थाको पूर्ण पालना गर्न तथा लगानीकर्ताको हकहित संरक्षण गर्न कानुन प्रवलीकरणलाई थप जोड दिइएको छ ।

### ४.२.१ कानुनी व्यवस्था

बोर्डले समिक्षा वर्षमा धितोपत्र सम्बन्धी ऐन र सो ऐन अन्तर्गतका नियमावली तथा निर्देशिका सम्बन्धमा देहाय बमोजिमका कार्य गरेको छ :

- धितोपत्र दलाल व्यवसायीहरूको पुँजी संरचनामा परिर्वतन गर्दै प्रतिस्पर्धात्मक क्षमता बढाउन, विद्यमान जोखिमलाई न्यूनीकरण गर्न एवं धितोपत्र दलाल व्यवसायीहरूको संख्यामा वृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो बनाउन धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा चौथो तथा पाँचौ तथा सोको अनुसूचीमा आवश्यक संशोधन गरी लागू गरिएको छ ।
- धितोपत्रको बजारको पुँजी संरचनामा सुधार गर्दै निजी लगानीमा थप एक धितोपत्र बजारको स्थापना तथा संचालनका लागि सहज बनाउने गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ मा दोस्रो संशोधन गरिएको छ ।
- पुँजी बजारमा वास्तविक क्षेत्रका कम्पनीहरूलाई आकर्षित गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा छैठौ संशोधन गरी लागू गरिएको छ भने सातौ संशोधनका लागि नियमावलीको मस्यौदा तयार गरी नेपाल सरकारको स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश गरिएको छ ।
- त्यसैगरी धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा छैठौ र सातौ संशोधन गरिएको छ ।
- बोर्डमा धितोपत्रको दर्ता गरेका संगठित संस्थाहरूको मर्जर, एक्विजिशन तथा संगठित संस्था स्वामित्वमा लिने वा नियन्त्रण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न "धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९ लागू गरिएको छ ।
- धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९ लागू गरिएको छ ।

### ४.२.२ कानुन प्रवलीकरण

बोर्डले समिक्षा वर्षमा विद्यमान कानुनको पूर्ण पालना गराउन, धितोपत्र बजार तथा कारोबारलाई व्यवस्थित तथा पारदर्शी बनाउन एवं लगानीकर्ताको हकहित संरक्षणका लागि कानुन प्रवलीकरणमा विशेष जोड दिदै यस

सम्बन्धमा देहाय बमोजिमका कार्यहरू गरेको छः-

**अ) लगानीकर्ताको गुनासो सम्बोधन**

- आ.व. २०७९।८० को अवधिमा बोर्ड समक्ष लिखित रूपमा ३३ उजुरी/गुनासो दर्ता भएकोमा २३ उजुरी/गुनासो उपर शाखामार्फत कारवाही सम्पन्न गरी समाधान गरिएको, छ उजुरी/गुनासो बोधार्थ जानकारी प्राप्त भएको, एक निवेदन बोर्डको क्षेत्राधिकार वाहिरको विषय भएकोले मुल्तवीमा रहेको छ । त्यसैगरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारको वेब पोर्टलमार्फत विभिन्न २८ गुनासो उपर कारवाही सम्पन्न गरिएको छ ।
- बोर्डको टोलफ्रि तथा हटलाइन टेलिफोन तथा इमेल मार्फत प्राप्त गुनासो तथा जिज्ञासा समयमा सम्वन्धित महाशाखा, शाखामा समेत जानकारी गराइ समाधान गरिएको छ ।

**आ) मुद्दामामिला, कारवाही तथा आर्थिक जरिवाना**

- बोर्ड पक्ष वा विपक्ष भएको मुद्दामामिलामा सर्वोच्च अदालतबाट चार वटा र उच्च अदालतबाट दुई गरी कुल जम्मा छ वटा रिट निवेदनमा फैसला भएको छ ।
- त्यसैगरी बोर्ड पक्ष वा विपक्ष भएको मुद्दामामिलामा सर्वोच्च अदालतमा १६, उच्च अदालतमा चार र राजस्व न्याधिकरण काठमाडौंमा दुई गरी कुल जम्मा २२ वटा मुद्दामामिलाको पूर्पक्ष वा प्रतिरक्षा भैइरहेको छ ।

### ४.२.३ राय सुझाव प्रदान

धितोपत्र बजारसँग सम्बन्धित विषयवस्तुहरूका सम्बन्धमा बोर्डमा कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य सरकारी कार्यालयवाट माग भई आए बमोजिम आवश्यक राय तथा सुझाव प्रदान गरिएको छ ।

## ४.३ सुपरिवेक्षण तथा अनुगमन

बोर्डले धितोपत्रको नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था आइएस्को **(IOSCO)** को एशोसियट सदस्यता प्राप्त गरेको तथा धितोपत्र बजारको बढ्दो आकार र कारोबारको परिमाण बढिरहेको सर्न्दभमा नियमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन बोर्डले धितोपत्र बजारमा हुने सम्पूर्ण गतिविधिहरूको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ । बोर्डबाट समिक्षा अवधिमा गरिएका सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी गतिविधिहरूलाई देहाय अनरूप प्रस्तुत गरिएको छ ।

### ४.३.१ धितोपत्र बजारको सुपरिवेक्षण तथा अनुगमन

धितोपत्र बजारलाई स्वच्छ, पारदर्शी तथा प्रभावकारी बनाई लगानीकर्ताको हित संरक्षण गर्न तथा धितोपत्र सम्बन्धी कानुनी प्रावधान तथा बोर्डबाट जारी भएका निर्देशनहरूको अनुपालनाको स्थितिको प्रभावकारी अनुगमन गर्न बोर्डले धितोपत्र बजार सुपरिवेक्षण कार्यलाई निरन्तर रूपमा गर्दै आएको छ । बोर्डले समिक्षा वर्षमा गरेका स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी विवरण देहाय बमोजिम रहेका छन्ः-

- समिक्षा अवधिमा ५० वटा धितोपत्र दलाल व्यवसायी र एक वटा धितोपत्र व्यापारीको प्रबन्धपत्र तथा नियमावली संशोधन, प्रमुख कार्यकारी अधिकृत, आधिकारिक प्रतिनिधि, व्यवस्थापन प्रमुख, तथा अन्य उच्च तहका कर्मचारीहरूको नियुक्ति तथा परिवर्तन, पुँजी वृद्धि, ठेगाना परिवर्तन लगायत बोर्डमा पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन, अनुपालना प्रतिवेदन, मार्जिन कारोबार सम्बन्धी विवरण तथा नयाँ शाखा संचालन तोकिएको समयभित्र भए नभएको सम्बन्धी बोर्डमा पेश भएका विवरणहरूको गैरस्थलगत सुपरिवेक्षण गरिएको छ । साथै आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रममा कुल संख्याको कम्तिमा २० प्रतिशतको स्थलगत सुपरिवेक्षण गरिने व्यवस्था रहेकोमा समिक्षा अवधिमा १२ वटा धितोपत्र दलाल व्यवसायीहरूको स्थलगत निरीक्षण गरिएको छ । स्थलगत निरीक्षणको क्रममा पाँच वटा धितोपत्र दलाल व्यवसायीहरूको शाखा कार्यालयको (अनलाईन सेक्युरिटिज, श्रीकृष्ण सेक्युरिटिज लि., एविसि सेक्युरिटिज प्रा.लि., दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज, नासा सेक्युरिटिज लि., को) शाखाको स्थलगत निरीक्षण समेत गरिएको छ ।

- सार्वजनिक निष्काशन, हकप्रद सेयर निष्काशन, धितोपत्र बाँडफाँट तथा मर्चेन्ट बैंकरको कामकारवाही लगायत मर्चेण्ट बैंकरले गर्ने कार्यको सम्बन्धमा ३१ वटा मर्चेण्ट बैंकरको गैरस्थलगत र छ वटा मर्चेण्ट बैंकर स्थलगत निरीक्षण गरिएको छ ।
- समिक्षा अवधिमा बोर्डले १४ वटा सामूहिक लगानी कोषको गैरस्थलगत र चार वटाको स्थलगत सुपरिवेक्षण सम्पन्न गरेको छ ।
- १२ वटा विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरूको गैरस्थल सुपरिवेक्षण गरिएको छ ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ अनुसार आ.ब २०७९।८०मा २१ वटा सूचक संस्थाहरूको जोखिममा आधारित **AML/CFT** सम्बन्धी विशेष सुपरिवेक्षण गरिएको छ ।
- बोर्डले समिक्षा वर्षमा एक धितोपत्र विनिमय बजार, एक केन्द्रीय निक्षेप कम्पनी र काठमाडौं उपत्यका बाहिरका १६ वटा निक्षेप सदस्यहरूको स्थलगत निरीक्षण गरिएको छ ।
- बोर्डले सूचीकृत संगठित संस्थाको गैरस्थलगत सुपरिवेक्षणका क्रममा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम बोर्ड समक्ष पेश गरेका विवरणहरूको पहिलो त्रैमासमा १०४ वटाको, दोस्रो त्रैमासमा १३१ वटाको र तेस्रो त्रैमासमा २१५ वटाको सुपरिवेक्षण गरिएको छ ।
- त्यसैगरी समिक्षा अवधिमा बोर्डले तीन वटा क्रेडिट रेटिङ्ग कम्पनीको स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षण गरिएको छ ।

### ४.३.२ सार्वजनिक निष्काशनको अनुगमन

समिक्षा वर्षमा २८ वटा संगठित संस्थाले आयोजना प्रभावित स्थानियलाई, ३१ वटा संगठित संस्थाले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको लागि, ४१ वटा संगठित संस्थाले सर्वसाधारणलाई, ११ वटा सामुहिक लगानी कोष योजना, ११ वटा संगठित संस्थाको डिबेन्चर, पाँच वटा संस्थाको हकप्रद सेयर र एक वटा थप सार्वजनिक निष्काशन (FPO) को सुपरिवेक्षण तथा अनुगमन गरिएको छ । सार्वजनिक निष्काशनको अनुगमनमा धितोपत्र सम्बन्धी नियमावली तथा निर्देशिकामा भएको व्यवस्था अनुसार समिक्षा वर्षमा बोर्डबाट देहायको विषयमा अनुगमन गरिएको छ ।

- सार्वजनिक सेयर निष्काशन हुनुभन्दा सात दिन अघि आह्वानपत्र बोर्डमा पेश गरे/नगरेको ।
- सार्वजनिक निष्काशनका क्रममा बोर्डबाट विवरणपत्र स्वीकृत गर्दाका बखत तोकिएको शर्त अनुरूप सच्याई विवरणपत्र बोर्डमा पेश गरे/नगरेको ।
- धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू, विवरण पुस्तिका, बिक्री प्रस्तावहरू लगानीकर्ताले सहज रूपमा हेर्न सक्ने गरी त्यस्ता विवरणहरू सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको वेबसाइटमा धितोपत्र बिक्री बन्द हुने समयसम्म राखे/नराखेको ।
- सार्वजनिक निष्काशनका बखत बोर्डमा प्राप्त विवरणको गैर स्थलगत सुपरिवेक्षणका क्रममा दैनिक संकलित रकम र निवेदकको संख्या सम्बन्धी विवरण हेर्ने गरेको ।
- धितोपत्र बाँडफाँटको नमुना बाँडफाँट गर्नुभन्दा दुई कार्य दिन अघि बोर्डमा पेश गरे/नगरेको ।

### ४.३.२ धितोपत्रको दोस्रो बजार कारोबारको अनुगमन

धितोपत्रको दोस्रो बजार कारोबारलाई नियमित र व्यवस्थित गर्न बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत आंशिक वास्तविक समय सुपरिवेक्षण प्रणाली (Partial Real Time Surveillance System) विकास गरिएको छ । धितोपत्र बजारमा दैनिक कारोबार हुने सूचीकृत कम्पनी, कारोबार रकम, कारोबार एवं कारोबार गर्ने व्यक्ति आदिको Real Time Surveillance गर्ने गरिएको र सो मा केही कैफियत देखिएमा अध्ययन गरी आवश्यक कारवाही अगाडि बढाइएको छ । यस अवधिमा धितोपत्र कारोबारका सम्बन्धमा गुरू प्रसाद न्यौपानेले रिडी पावर कम्पनी लि.को सेयरमा भित्रि कारोबार गरेको कसूरमा काठमाडौं जिल्ला

अदालतमा मुद्दा दायर भएको । साथै अध्यक्ष पदमा वहाल रहेको अवस्थामा शेयर बिक्री गरी कानुनको पालना नगरेको कसूरमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम ७५ हजार रूपैँया जरिवाना गरिएको छ । त्यस्तै ज्ञानेन्द्र लाल प्रधानको परिवारका सदस्यले नेपाल हाइड्रो डेभलपर लि.को सेयर कानुनी व्यवस्था विपरित परिवारका नाममा हस्तान्तरण गरेकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम ७५ हजार रूपैँया जरिवाना गर्नुको साथै धितोपत्रको जालसाजीयुक्त कारोबार गरेको कसूरमा काठमाडौं जिल्ला हदालतमा मुद्दा दायर गरिएको छ भने अन्य केही शंकास्पद कारोबारको प्रारम्भिक अध्ययन सम्पन्न भएको र केहीको प्रारम्भिक अध्ययन भइरहेको छ ।

### ४.३.४ धितोपत्र बजार सहभागीहरूको विवरण प्रवाहको अनुगमन

समिक्षा वर्षमा बोर्डले देहाय बमोजिमको धितोपत्र बजार र अन्य धितोपत्र बजारका सहभागीहरूको विवरण प्रवाहको अनुगमन गरेको छ ।

**अ) धितोपत्र बजारको विवरण प्रवाहको अनुगमनः** धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ ले धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र वार्षिक प्रतिवेदन तथा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । साथै, धितोपत्र दलाल तथा व्यवसायीहरूलाई गरेको कारवाहीको कारण सहितको विवरण कारवाही भएको सात दिनभित्र र धितोपत्र दलाल वा व्यवसायीहरूको निरीक्षण विवरण, निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको ३० दिन भित्र बार्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । नेपाल स्टक एक्सचेञ्ज लि.बाट आर्थिक वर्ष २०७८।७९ को लेखा परिक्षण भएको वित्तीय विवरण बोर्डमा ढिलो गरी २०७९।१०।१४ मा पेश गरेको छ । नेप्सेबाट नियममा तोकिएको समयमा बोर्डमा पेश गर्नुपर्ने अधिकांश प्रतिवेदन तथा विवरण ढिलो गरि पेश गरेको देखिन्छ । धितोपत्र बजारको नियमन तथा सुपरिवेक्षण कार्य गर्ने क्रममा बोर्डबाट देहाय बमोजिमका कार्यहरू समिक्षा वर्षमा गरिएको छ ।

- धितोपत्र वजार संचालन नियमावली, २०६४ को नियम २६ (१) (ख) बमोजिम तोकिएको ढाँचामा त्रैमासिक प्रतिवेदन पेश गर्न मिति २०८०।०२।३१ मा निर्देशन दिईएको ।
- वोर्डवाट मिति २०७९।०४।२५ मा निम्न विषयमा चार बुँदे निर्देशन दिईएको ।
    - धितोपत्रको दोस्रो बजार कारोबारका क्रममा ग्राहकहरूबाट कारोबार प्रणालीका सम्बन्धमा प्राप्त गुनासोहरू धितोपत्रको दोस्रो बजार कारोबारको सम्पूर्ण जिम्मेवारी तहाँको रहेकोले तहाँबाट नै समाधान गर्ने व्यवस्था गर्ने गराउने ।
    - कारोबार प्रणालीमा भएको समस्या वा कमजोरीबाट सिर्जित दायित्वको भार समेत ग्राहकमा लगाउने गरिएको गुनासो बोर्डमा प्राप्त भैरहेकोले ग्राहकले धितोपत्र कारोबार गर्दा कारोबार प्रणालीको समस्याबाट सिंजित दायित्व लगानीकर्ताबाट असुल नगर्ने/नगराउने ।
    - खातामा नभएको सेयर कारोबार भएको सम्बन्धमा नेप्सेको कारोबार प्रणाली र धितोपत्र निक्षेपको जिम्मेवार निकाय सिडिएस एण्ड क्लियरिङ्ग लि. को प्रणालीमा Real Time Integration गरी वास्तविक लेजर र मौज्दात चेक गरी कारोबार हुने व्यववस्था गर्ने ।
    - धितोपत्र सूचिकरण तथा कारोबार नियमावली, २०७५ को नियम ३५ बमोजिम सदस्य दलाले धितोपत्र कारोबार गर्दा पालना गर्नुपर्ने नियम पालना गरे नगरेको सम्बन्धमा त्रैमासिक रूपमा सुपरिवेक्षण गरी सो को प्रतिवेदन नियमित रूपमा बोर्डमा पेश गर्नुपर्ने व्यबस्थाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा ।

बोर्डले मिति २०८०।०३।११ मा प्रगति पेश गर्न निर्देशन दिइएकोमा धितोपत्र बजारले मिति २०८०।०३।२८ मा उक्त विवरण पेश गरेको छ ।

- बोर्डले मिति २०८०।०३।११ मा धितोपत्र बजारलाई कारोबार प्रणालीको सिस्टम अडिटको प्रगति विवरण

र धितोपत्र कारोबार संचालन विनियमावली, २०७५ को विनियम २१ (ढ) को व्यवस्था अनुसार कारोबार व्यवस्थापन प्रणाली संचालनमा रहे/नरहेको सम्बन्धमा विस्तृत जानकारी उपलब्ध गराउन निर्देशन दिइएकोमा धितोपत्र बजारले मिति २०८०।०३।२८ मा पेश गरेको विवरणमा अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको ।

**आ) धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको विवरण प्रवाहको अनुगमनः**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्था अनुसार केन्द्रीय निक्षेप कम्पनीले आफ्नो संचालनको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण गराउनु पर्ने, लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र वित्तीय विवरण बोर्ड समक्ष पेश गर्नुपर्ने, आफ्नो वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, वार्षिक साधारण सभा सकिएको ३० दिनभित्र उक्त साधारण सभामा प्रस्तुत बिषय तथा भएका निर्णयसहितको विवरण बोर्डसमक्ष पेश गर्नुपर्ने, त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ३० दिन भित्र, निक्षेप सदस्यलाई कुनै कारवाही गरेमा त्यस्तो कारवाही गरेको सात दिनभित्र सम्बन्धित निक्षेप सदस्यको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नुपरेको कारणसहितको विवरण र निक्षेप सदस्यको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको ३० दिनभित्र तत्सम्बन्धी प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा बोर्डले मिति २०७९।०८।०१ मा सिडिएससीलाई वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण समयमा नै पेश गर्ने सम्बन्धमा ध्यानाकर्षण सहितको पत्राचार गरेको छ । उक्त लि. ले मिति २०७९।१०।१६ मा ढिला गरी वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गरेको छ ।

**इ) सामूहिक लगानी कोष, कोष सुपरीवेक्षक तथा योजना व्यवस्थापकको विवरण प्रवाहको अनुगमनः**

सामूहिक लगानी कोष नियमावली, २०६७ नियम ४४ बमोजिम बोर्डबाट सामूहिक लगानी कोषको योजना व्यवस्थापकको स्थलगत तथा गैह्र स्थलगत सुपरिवेक्षण गर्ने गरिएको छ । आ.व. २०७९।८० मा सामूहिक लगानी कोषको गतिविधि सम्बन्धमा गरिएको सुपरिवेक्षण तथा निरीक्षणको अवस्था देहाय बमोजिम रहेको छः-

**क) स्थलगत सुपरिवेक्षणः** बोर्डले सामूहिक लगानी कोष सञ्चालन गर्ने योजना व्यवस्थापकहरू सिद्धार्थ म्युचुअल फण्डको सिद्धार्थ क्यापिटल लिमिटेड, सिटिजन्स म्युचुअल फण्डको सिटिजन्स क्यापिटल लिमिटेड, प्रभु म्युचुअल फण्डको प्रभु क्यापिटल लिमिटेड र कुमारी म्युचुअल फण्डको कुमारी क्यापिटल लिमिटेडको स्थलगत सुपरिवेक्षण सम्पन्न गरी सुपरिवेक्षण प्रतिवेदन बोर्डमा पेश गरिएको छ । स्थलगत सुपरिवेक्षणमा देखिएको कैफियत उपर सिटिजन्स क्यापिटल लिमिटेड, सिद्धार्थ क्यापिटल लिमिटेड र प्रभु क्यापिटल लिमिटेडलाई प्रतिक्रिया पेश गर्न लगाईएकोमा तोकिएको समय सिमा भित्र प्रतिक्रिया पेश गरेका छन् ।

**ख) गैह्र स्थलगत सुपरिवेक्षणः** बोर्डले सञ्चालनमा रहेका सम्पूर्ण सामूहिक लगानी कोष (१४ वटा) को नियमित रूपमा गैह्र स्थलगत सुपरिवेक्षण गरिएको छ । सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम योजना व्यवस्थापकले बोर्डमा पेश गर्नुपर्ने वित्तीय विवरण र बार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, त्रैमासिक प्रतिवेदन, मासिक प्रतिवेदन र त्रैमासिक शुल्क तथा कोष सुपरीवेक्षकले पेश गर्नुपर्ने अर्धबार्षिक प्रतिवेदन समय सिमा भित्र पेश गरेका छन् ।

**ई) क्रेडिट रेटिङ्ग कम्पनीको विवरण प्रवाहको अनुगमन**

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र क्रेडिट रेटिङ्ग सम्बन्धी विवरणहरू समावेश भएको त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा बोर्डबाट अनुमतिपत्र प्राप्त तीन कम्पनी क्रमशः ईक्रा नेपाल लि., केयर रेटिङ्ग नेपाल लि. र इन्फोमेरीक्स क्रेडिट रेटिङ्ग नेपाल लि. बाट समिक्षा वर्षको त्रैमासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन लगायत अन्य विवरणहरू तोकिएको समयमा बोर्डमा पेश भएको छ ।

**उ) मर्चेन्ट बैंकरको अनुगमन तथा सुपरिवेक्षण**

बोर्डबाट मर्चेन्ट बैंकरको विवरण प्रवाहको गैर स्थलगत रूपमा तथा अन्य गतिविधिहरूका सम्बन्धमा स्थलगत रूपमा निरीक्षण गर्ने कार्यलाई निरन्तर रूपमा संचालन गरिएको छ । आ.व. २०७९।८० मा मर्चेन्ट बैंकरको गतिविधि सम्बन्धमा गरिएको सुपरिवेक्षण तथा निरीक्षणको अवस्था निम्नानुसार रहेको छः-

- **गैर स्थलगत सुपरिवेक्षणः** धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक बर्ष २०७९।८० मा २८ मर्चेन्ट बैंकरले वार्षिक प्रतिवेदन समयमै तथा दुई वटा मर्चेन्ट बैंकरले ढिलागरी पेश गरेका छन् । त्यसै गरी अर्धवार्षिक प्रतिवेदनतर्फ २६ वटा मर्चेन्ट बैंकरले समयमैं पेश गरेका छन् भने एक वटा मर्चेण्ट बैंकरले ढिला पेश गरेको छ । चार वटा मर्चेण्ट बैंकरले तोकिएको समयमा विवरण पेश नगरेको देखिन्छ । यस्तै मर्चेण्ट बैंकरले पेश गर्ने अनुपालना प्रतिवेदनका सम्बन्धमा २४ मर्चेण्ट बैंकरले समयमैं बुझाएका छन् । आ.व. २०७९।८० मा मर्चेन्ट बैंकरको विवरण प्रवाह स्थिति तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

| तालिका ४.१ मर्चेन्ट बैंकरको विवरण प्रवाह स्थिति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | समयमै पेश गर्ने | ढिलो पेश गर्ने | पेश नगर्ने | कैफियत |
| १ | बार्षिक प्रतिवेदन (आ.व. २०७८।७९ को) | २८ | २ | ० | |
| २ | अर्धबर्षिक प्रतिवेदन | २६ | १ | ४ | |
| ३ | अनुपालना विवरण | २४ | १ | ६ | |

- **स्थलगत सुपरिवेक्षणः** मिति २०७८ चैत्र २२ देखि २०७९ जेष्ठ १८ सम्मको विभिन्न मितिमा छ वटा मर्चेन्ट बैंकहरू एनआईसी एशिया क्यापिटल लि., मुक्तिनाथ क्यापिटल लि., बि.ओ.के क्यापिटल लि., एनएमबि क्यापिटल लि., सनराईज क्यापिटल लि., नेपाल बङ्गलादेश क्यापिटल लि. को स्थलगत सुपरिवेक्षण गरिएको छ । स्थलगत सुपरिवेक्षण पश्चात तयार गरिएको सुपरिवेक्षण सम्बन्धी प्रतिवेदन बोर्डमा पेश गरिएको छ ।

**ऊ) धितोपत्र दलाल व्यवसायीको अनुगमन तथा सुपरिवेक्षणः**

- **गैर स्थगलत सुपरिवेक्षणः** धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ (प्रथम संशोधन) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरूले आफ्नो धितोपत्र कारोबार लगायत नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोले धितोपत्र दलाल व्यवसायीहरूले आश्विन मसान्तसम्म उक्त विवरण पेश गर्नुपर्ने देखिन्छ । धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेका कुल ५० वटा धितोपत्र दलाल व्यवसायीहरू मध्ये ४९ वटाले आ.व. २०७८।७९ को वार्षिक विवरण समयमै पेश गरेको, एक वटाले धितोपत्र दलाल व्यवसायीले उक्त प्रतिवेदन ढीला पेश गरेकाले उक्त व्यवसायी कम्पनीलाई बोर्डले आर्थिक जरिवाना गरिएको छ । यस्तै धितोपत्र दलाल व्यवसायीहरूले धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०७४ मा धितोपत्र दलाल व्यवसायीहरूले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सोही अनुसार आर्थिक वर्ष २०७८।७९ को पहिलो, दोस्रो, तेस्रो तथा चौथो त्रैमासिक अवधिको प्रतिवेदन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-
  - **प्रथम त्रैमासिक प्रतिवेदनः** बोर्डबाट अनुमति प्राप्त गरेका कुल अठ्चालिस (४८) धितोपत्र दलाल व्यवसायी तथा एक (१) धितोपत्र व्यापारीले तोकिएको समयावधिभित्रै आर्थिक वर्ष २०७९।८० त्रैमासिक प्रतिवेदन पेश गरेको । दुई (२) दलाल व्यवसायीहरूले उक्त प्रतिवेदन ढिलोगरी पेश गरेकोले उक्त व्यवसायी कम्पनीहरूलाई बोर्डले आर्थिक जरिवाना गरिएको छ ।
  - **दोश्रो त्रैमासिक प्रतिवेदनः** बोर्डबाट अनुमति प्राप्त गरेका सम्पूर्ण पचास (५०) धितोपत्र दलाल

व्यवसायीहरू तथा एक (१) धितोपत्र व्यापारीले तोकिएको समयावधिभित्र त्रैमासिक प्रतिवेदन पेश गरेका छन् ।

- **तेस्रो त्रैमासिक प्रतिवेदनः** बोर्डबाट अनुमति प्राप्त गरेका सम्पूर्ण ५० धितोपत्र दलाल व्यवसायीहरू तथा एक धितोपत्र व्यापारीले तोकिएको समयावधिभित्र त्रैमासिक प्रतिवेदन पेश गरेका छन् ।
- **चौथो त्रैमासिक प्रतिवेदनः** बोर्डबाट अनुमति प्राप्त गरेका कुल ६६ धितोपत्र दलाल व्यवसायीहरू र दुई धितोपत्र व्यापारीले तोकिएको समयावधिभित्र त्रैमासिक प्रतिवेदन पेश गरेका छन् भने एक धितोपत्र दलाल व्यवसायीले उक्त विवरण ढीला पेश गरेकाले उपर्युक्त सम्बन्धमा कारण पेश गर्न पत्राचार गरिएको छ ।

धितोपत्र दलाल व्यवसायीहरूले बोर्ड समक्ष अर्धबार्षिक रूपमा पेश गर्नुपर्ने अनुपालना प्रतिवेदन समेत सम्पूर्ण धितोपत्र व्यवसायिहरूले वोर्ड समक्ष पेश गरेका छन । धितोपत्र दलाल व्यवसायीहरूले बोर्ड समक्ष अर्धबार्षिक रूपमा पेश गर्नुपर्ने सम्पत्ति शुद्धीकरण सम्बन्धी विवरण पहिलो सबैले समयमै पेश गरेका छन् ।

- **स्थगलत सुपरिवेक्षणः** समिक्षा वर्ष १२ वटा धितोपत्र दलाल व्यवसायीहरूको स्थलगत सुपरिवेक्षण गरिएको छ । जसमा सात वटाको मूख्य कार्यालयको र पाँच वटाको शाखा कार्यालयको स्थलगत सुपरिवेक्षण गरिएको छ । उक्त सुपरिवेक्षणको क्रममा मुख्यतः देहाय बमोजिमको कैफियतहरू देखिएको छ ।
  - सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ को व्यवस्थाको परिपालना सम्बन्धी ।
  - धितोपत्र दलाल व्यवसायीले सम्पादन गर्नुपर्ने ग्राहक पहिचान तथा सम्झौता सम्बन्धी ।
  - धितोपत्र दलाल व्यवसायीहरूको कर्मचारीहरूको कार्यविभाजन सम्बन्धी ।
  - लगानीकर्ताहरूबाट प्राप्त गुनासो सम्बन्धी ।
  - मार्जिन कारोबार संचालनार्थ आवश्यक कार्यविधि सम्बन्धमा ।

साथै स्थलगत सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरू सुधार गर्न बोर्डले सम्बन्धित धितोपत्र व्यवसायी कम्पनीहरूलाई व्यवस्थापनको धारणा सहित कैफियतहरू सुधार गर्न निर्देशन दिएको छ ।

**ए) निक्षेप सदस्यको गैरस्थलगत अनुगमनः** धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २८ (२) मा निक्षेप सदस्यले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण भएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम निक्षेप सदस्यहरूको गैरस्थलगत सुपरिवेक्षण कार्य भैरहको छ । त्यस्तै निक्षेप सदस्यहरूले प्रत्येक महिना बोर्डमा बुझाउनु पर्ने शुल्कका सम्बन्धमा थप सरलीकृत र प्रभावकारी बनाउन प्रक्रियागत व्यवस्था गरिएको छ । समिक्षा वर्षमा १६ वटा निक्षेप सदस्यहरूको स्थलगत सुपरिवेक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

**ऐ) सूचीकृत संगठित संस्थाको गैरस्थलगत अनुगमनः** समिक्षा वर्षमा सूचीकृत कम्पनीहरूको विवरण सम्बन्धमा गरिएको गैर स्थलगत अनुगमनको अवस्थालाई तल विस्तृतरूपमा प्रस्तुत गरिएको छ ।

- **सूचीकृत संगठित संस्थाको लेखापरीक्षण/वार्षिक प्रतिवेदन सम्बन्धमाः** नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता भई नेपाल स्टक एक्सचेन्जमा धितोपत्र सूचीकरण गराएका संगठित संस्थाहरूले धितोपत्र दर्ता तथा निष्कांशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम आर्थिक वर्ष समाप्त भएको पाँच महिना भित्र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस व्यवस्थाअनुसार २२३ वटा सूचीकृत संगठित संस्थाहरू मध्ये १२४ वटा कम्पनीले वार्षिक प्रतिवेदन समयमा पेश गरेका छन भने ९९ वटा कम्पनीले प्रतिवेदन पेश नगरेको देखिन्छ । प्रतिवेदन पेश गर्ने सूचीकृत संगठित संस्थाहरू विभिन्न समूहमा रहेका छन, जसमा बाणिज्य बैंक समूहमा २० वटा सबै, विकास बैंक समूहमा १६ मध्ये नौ कम्पनी, वित्त कम्पनी समूहमा १५ मध्ये आठ कम्पनी, लघुवित्त वित्तीय संस्था समूहमा ५८ मध्ये २९, जीबन बीमा समूहमा

छ मध्ये तीन कम्पनी, निर्जीवन विमा समुहमा १४ मध्ये ११, उत्पादन तथा प्रशोधन समूहमा छ मध्ये चार कम्पनी, जलविद्युत समूहमा ७३ मध्ये २७, होटल तथा पर्यटन समूह पाँच मध्ये दुई, लगानी समूहमा छ मध्ये चार, व्यापार समूहमा दुई मध्ये एक र अन्य समूहमा दुई मध्ये एक रहेका छन ।

**ओ) धितोपत्र व्यवसायीहरूको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सुपरिवेक्षण तथा अनुगमन**

- सूचक संस्थाले आन्तरिक नीति तथा कार्यविधि तयार गरी जोखिम मूल्यांकन गर्नुपर्ने व्यवस्था अनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशन, २०७६ मा भए बमोजिम यस आ.व सम्ममा नेपाल स्टक एक्सचेन्ज लि., ३० वटा मर्चेन्ट बैंकर र ५० वटा धितोपत्र दलाल व्यवसायीले आन्तरिक नीति तथा कार्यविधि तयार गरी बोर्डमा पेश गरेका छन् ।
- सूचक संस्थाले संस्थागत जोखिम मूल्याकंन सम्पन्न गरेको र उक्त मूल्याकंन जोखिम सापेक्ष भए नभएको सम्बन्धमा यस आ.व.मा सात वटा मर्चेन्ट बैंकर, १३ वटा धितोपत्र दलाल व्यवसायी र नेपाल स्टक एक्सचेन्जको OTC Market को स्थलगत सुपरिवेक्षण गरिएको छ ।
- स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा देखिएका कैफियतहरू सुधार गर्न समय सीमा सहितको विस्तृत कार्ययोजना तर्जुमा गरी १५ कार्य दिन भित्र पेश गर्न पत्राचार गरिएको र सोहि बमोजिम सूचक संस्थाले कार्ययोजना पेश गरेका छन् ।
- सम्पति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ बमोजिम यस आ.व. मा बोर्डले सम्पूर्ण सुचक संस्थाहरूको Risk profile एवं Risk grading matrix तयार गरेको छ ।
- जोखिम मूल्यांकन एंव जोखिममा आधारित प्रणालीको आवश्यकता विषयमा स्टक ब्रोकर एसोसिएशन र मर्चेन्ट बैंकर एसोसिएशनसँग अर्न्तक्रिया कार्यक्रम गरेको/गरिएको छ ।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ को सम्बन्धमा सम्पूर्ण सूचक संस्थाहरूलाई अभिमुखिकरण कार्यक्रम संचालन भएको छ ।
- सम्पत्ति शुद्धीकरण निवारण शाखाबाट पाँच धितोपत्र दलाल व्यावसायी र एक मर्चेन्ट बैंकरका कर्मचारी तथा पदाधिकारीहरूलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तथा goAML सम्बन्धी बोर्डका प्रतिनिधिबाट तालिम प्रदान गरिएको छ ।
- सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण वार्षिक कार्यक्रम तय गरे/नगरेको सम्बन्धमा अनुगमन गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफेरेशन फाईनान्सिङ्ग) एवं सम्बद्ध कसुरको प्रभावकारी विश्लेषण र अनुसन्धान सम्बन्धमा एकापसमा सहयोग आदान प्रदान, सहजीकरण र गोपनियता सम्बन्धी समझदारी कायम गर्न वित्तीय जानकारी इकाईसँग समझदारी पत्र (Memorandum of Understanding- MOU) हस्ताक्षर भएको छ ।
- आ.व २०७९।८० को अन्त्य सम्ममा ५५ सूचक संस्थाहरू goAML production environment मार्फत र १३ सूचक संस्थाहरू Test Environment मार्फत Reporting गरिरहेको छन् भने २७ सूचक संस्थाहरू Production environment मा आवद्ध भएका छन् ।
- समिक्षा अवधिमा दुई सूचक संस्थाहरू (श्री कृष्ण सेक्येरूटिज लि. र त्रिशक्ति सेक्येरूटिज पब्लिक लि.) लाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशन, २०७६ को दफा १० बमोजिम ग्राहक पहिचान विवरण अद्यावधिक गरेको नदेखिएकोले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ. को उपदफा (१) को खण्ड (क) बमोजिम पहिलो पटक लिखित रूपमा सचेत गराइएको र एक सूचक संस्था (मार्केट सेक्युरिटिज एक्सचेन्ज प्रा.लि.) लाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ को दफा १८ को उपदफा (१)

बमोजिम अर्धवार्षिक विवरण समयमा नै पेश नगरेकोले रू. १०,००,०००।०० जरिवाना गरिएको छ ।

## ४.४ लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रम

बोर्डद्वारा समिक्षा वर्षमा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्था तथा निकायहरूले वित्तीय साक्षरता अभवृिद्धिका लागि संचालन गर्ने सप्ताहव्यापी कार्यक्रम लगायत अन्य कार्यक्रममा एकल रूपमा वा सयुक्त रूपमा सहभागी भई लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ ।

### अ) विश्व लगानीकर्ता सप्ताह-२०२२ मा विविध कार्यक्रम संचालन

बोर्डले वित्तीय शिक्षा अन्तर्गत धितोपत्र बजार सम्बन्धी जनचेतना अभिवृद्धि गर्नका लागि विश्व लगानीकर्ता सप्ताह २०२२ को अवसरमा मिति २०७९।०६।२६ देखि २०७९।०७।०१ सम्म एकल वा अन्य धितोपत्र बजार वा अन्य धितोपत्र व्यवसायीहरूको सयुक्त सहभागितामा विभिन्न जनचेतना अभिवृद्धि तथा प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रमबाट करीव १५०० भन्दा बढी लगानीकर्ता र आम सर्वसाधारणले वित्तीय ज्ञान हासिल गरेका छन् ।

## ४.५ छलफल तथा अन्र्तक्रिया कार्यक्रम

बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार र सुधार गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, धितोपत्र बजारमा देखिएका समस्याहरूको समाधान गर्ने, विद्यमान नियम कानुनमा आवश्यक सुधार तथा नयाँ व्यवस्था गर्न वित्तीय क्षेत्रका सम्बद्ध पक्ष नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बीमा प्राधिकरण, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., नागरिक लगानी कोष, धितोपत्र व्यवसायीहरू, क्रेडिट रेटिंग संस्था, लगानीकर्ता संघहरू, लगानीकर्ता तथा आर्थिक पत्रकाहरूसँग विभिन्न विषयमा छलफल तथा अन्र्तक्रिया कार्यक्रमहरू संचालन गर्ने तथा भाग लिने कार्य गरिएको छ ।

## ४.६ तालिम तथा सेमिनार

आर्थिक वर्ष २०७६।७७ देखि बोर्डमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि बोर्ड सदस्य, उच्च व्यवस्थापन तथा अन्य कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा सेमिनारमा सहभागी गराउदै आएकोमा समिक्षा बर्षमा पनि सो कार्यलाई निरन्तरता दिएको छ । यस्ता कार्यक्रममा सहभागिताले कर्मचारीको कार्य क्षमता तथा मनोवलमा वृद्धि भएको छ । साथै बोर्डले संस्थामा नव नियुक्त कर्मचारीहरूको सामाजिकीकरण गर्ने उद्देश्यले अभिमुखीकरण कार्यक्रम (Orientation Programme) समेत संचालन गरेको छ ।

## ४.७ प्रकाशन तथा जानकारी प्रवाह

बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको नियमन तथा सुपरिवेक्षणका साथै धितोपत्र बजारको विकास तथा विस्तारको लागि संचालन तथा सम्पन्न गरिएका काम कारवाही, धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी सरोकारवाला पक्षहरूलाई सूचना तथा जानकारी प्रवाह गर्ने उद्देश्यले विभिन्न प्रकाशन तथा जानकारी प्रवाह समेतमा विशेष जोड दिदै आएको छ । यस अनुसार समिक्षा वर्षमा बोर्डबाट यस कार्यलाई निरन्तरता दिईएको छ ।

- **वार्षिक प्रतिवेदनः** धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ ले गरेको व्यवस्था अनुसार बोर्डका कामकारवाहीहरू, धितोपत्र बजारमा भएका कामकारवाही, गतिविधि र बजार विकासका लागि भएका प्रयासहरू समावेश गरी बोर्डले आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रतिवेदन प्रकाशन गरेको छ ।
- **बोर्डको ३१ औं बार्षिकोत्सव लेख विशेषाङ्क प्रकाशनः** बोर्डको ३१औं वार्षिकोत्सवको अवसरमा अर्थतन्त्र, पुँजी बजार एवं वस्तु विनिमय बजारसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटिएको "नेपाल धितोपत्र बोर्ड ३१औं वार्षिकोत्सव लेख विशेषाङ्क, २०८० प्रकाशन गरिएको छ ।
- **आर्थिक वर्ष २०८०।८१ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम प्रकाशनः** बोर्डले आर्थिक वर्ष २०८०।८१ मा अबलम्बन गरिने धितोपत्र तथा वस्तु विनियम बजारसम्बन्धी नीति तथा कार्यक्रम प्रकाशन गरेको छ ।
- **सचेतनामूलक सामाग्रीहरूः** धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने बिषयहरूका सम्बन्धमा लगानीकर्तालाई जानकारी दिनुका साथै सचेत गराउने उद्देश्यले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू समेटी

बोर्डले पर्चा, पम्पलेट प्रकाशन गरी वितरण गरेको छ । साथै, बोर्डको वेबसाइट, बिभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका सञ्चार माध्यम मार्फत सचेतनामूलक सामाग्रीहरू प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई बोर्डले निरन्तरता दिएको छ । त्यस्तै, बोर्डले सर्वसाधारण एवं लगानीकर्ताको धितोपत्र बजार सम्बन्धी जिज्ञासालाई समाधान गर्न धितोपत्र बजारमा बारम्बार सोधिने प्रश्नहरूको सँगालो तथा धितोपत्र बजारमा बारम्बार प्रयोग हुने शब्दहरूलाई समेटेर धितोपत्र बजार शब्दावली पुस्तिका प्रकाशन गरी वितरण गरेको छ ।

- **वेबसाइटः** धितोपत्र बजारका विविध पक्षहरू सम्बन्धमा सम्वद्ध पक्षहरूलाई निरन्तर रूपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरू, बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन र बोर्डमा गुनासो दिने ढाँचाका साथै सरोकारवाला तथा लगानीकर्ताहरूका लागि जानकारी, सूचना तथा चेतनामूलक सामाग्रीहरू समावेश गरी बोर्डले तयार गरेको वेवसाइटलाई अझ विस्तृत बनाएको छ । बोर्डले धितोपत्र बजार, धितोपत्र ब्यवसायी तथा सूचीकृत संगठित संस्थाहरूको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण एवं विस्तृत जानकारी समेत वेबसाइटमा समावेश गरिएको छ ।
- धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ५ (क) भएको व्यवस्था अनुसार नेपाल सरकारबाट माग भए बमोजिम धितोपत्र बजारको वर्तमान अवस्था, बजार विकास तथा विस्तारको लागि निम्नलिखित विषयमा बोर्डको राय तथा सुझाव पेश गरिएको छ ।
- आर्थिक सर्वेक्षण २०७९।८० को लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी विवरण तथा जानकारी समेटी प्रतिवेदन पेश गरिएको छ ।
- बोर्डले आ.व. २०८०।८१ मा नेपाल सरकारको नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा समावेश गर्नुपर्ने धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रमहरू तयार गरी अर्थ मन्त्रालयमा पेश गरी सोही अनुसार आ.व. २०८०।८१ को नेपाल सरकारको बजेट वक्तव्यमा समावेश भएको छ ।

## ४.८ अध्ययन तथा अनुसन्धान

बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारको लागि आवश्यक नीतिगत एवं प्रक्रियागत व्यवस्था गर्न अध्ययन तथा अनुसन्धान कार्यलाई निरन्तर रूपमा गर्दै आएको छ । यसै सन्दर्भमा बोर्डबाट समिक्षा वर्षमा देहाय बमोजिमका अध्ययन तथा अनुसन्धान कार्यहरू भएका छन्ः-

- वित्तीय साक्षरता अभिवृद्धि गर्न धितोपत्र बजार सम्बन्धी Online Learning Platform संचालन गर्ने सम्बन्धी अध्ययन गरिएको छ ।
- धितोपत्र दलाल व्यवसायीको शाखा विस्तारमा अपनाउनु पर्ने नीतिगत व्यवस्था सम्बन्धी अध्ययन सम्पन्न गरिएको छ ।
- धितोपत्रको कारोबारमा लगानीकर्ताले तिनुपर्ने शुल्क पुरावलोकन सम्बन्धी अध्ययन भएको छ ।
- धितोपत्र दलाल व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण ढाँचा तयार गरी लागू गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी ढाँचा निर्माण कार्य अगाडि बढेको छ ।
- हकप्रद सेयर निष्काशन अन्तर्गतको हक हस्तान्तरणमा थप नीतिगत व्यवस्था गर्ने सम्बन्धमा अध्ययन कार्य भएको छ ।
- नेपालको धितोपत्र बजारमा सेक्युरिटिज एण्ड फ्युचर मार्केट इन्स्टिच्युट स्थापना सम्बन्धी अध्ययन गरिएको छ ।
- धितोपत्र व्यवसायीहरूको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका तर्जुमा गर्ने सम्बन्धी अध्ययन गरिएको छ ।
- धितोपत्र बजारमा नयाँ उपकरणको संचालन गर्न सर्ट सेलिङ्ग, ईन्ट्राडे ट्रेडिङ्ग एवं अक्सन मार्केट सम्बन्धी अध्ययन भएको छ ।

***

# भाग-पाँच
# धितोपत्र बजार तथा वस्तु विनिमय बजारका विद्यमान समस्या तथा चुनौती र आगामी कार्यदिशा

आ.व. २०७९।८० मा बजारको विकास र सुधारका लागि धितोपत्र सम्बन्धी कानुनमा सुधार, बजार सुपरिवेक्षण सुदृढीकरण तथा यस सम्बन्धी ज्ञान तथा जनचेतना अभिवृद्धिका कार्यहरू सम्पन्न भएका छन् । बोर्डबाट बजार सुधार तथा विकासका लागि महत्वपूर्ण कार्यहरू निरन्तर गरिदैं आए पनि बजारलाई स्वस्थ, पारदर्शी, भरपर्दो, थप प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बनाउनुपर्ने चुनौती भने रहेको छ । धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास र सुधार सम्बन्धमा नीतिगत, प्रविधि, संस्थागत, कानुनी संरचना, आदिको सम्वन्धमा मुख्यतः देहाय अनुसारका समस्या तथा चुनौतीहरू रहेका छन् ।

## ५.१ धितोपत्र बजारसँग सम्बन्धित समस्या तथा चुनौती

बोर्डबाट निरन्तररूपमा बजार सुधार तथा विकासका लागि कार्यहरू गरिरहेको भएता पनि धितोपत्र बजारको दिगो विकास तथा स्थायित्वका लागि देहाय बमोजिमका समस्या तथा चुनौतीहरू विद्यमान छन्ः

- धितोपत्र बजार तथा वस्तु विनिमय बजार नियमन तथा सुपरिवेक्षणका लागि विद्यमान कानुनहरूमा समसामयिक परिमार्जन तथा सुधार गरी बजारको द्रुततर विकास तथा सुधार गरी अन्तर्राष्ट्रियस्तरको बनाउने ।
- बजारको दीर्घकालीन विकास तथा स्थायित्वका लागि आवश्यक नीतिगत व्यवस्था गरी दिगो र स्थिर विकास गरी IOSCO को मापदण्ड अनुरूपको बनाउने ।
- बोर्डको बढदो नियमन तथा सुपरिवेक्षण जिम्मेवारीलाई उचित सम्बोधन गर्न बोर्डलाई जवाफदेहितासहितको स्वायत्त निकायको रूपमा स्थापित गरी चुस्त र प्रभावकारी सुपरिवेक्षण गर्ने ।
- धितोपत्र बजार संचालकको रूपमा रहेको नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिंग लि. को संरचनात्मक सुधार गरी प्रतिस्पर्धी एवं व्यवसायिक बनाउने ।
- धितोपत्र कारोबार प्रणालीमा उत्पन्न समस्याहरूलाई निराकरण गरी कारोबार प्रणालीलाई भरपर्दो र विश्वासिलो बनाउने एंव उक्त प्रणालीलाई बैंक खाता तथा डिम्याट खातासँग Integrate र Matching गराई पूर्ण स्वचालित कारोबार प्रणालीको रूपमा विकास गर्ने ।
- धितोपत्र बजारमा लगानीकर्ताको बढदो संख्या अनुरूप नेप्सेको कारोबार प्रणालीलाई थप स्तरीय प्रविधियुक्त (Standard Technology) तथा क्षमता (Capacity) बढाउने कार्य गर्ने ।
- जलविद्युत क्षेत्रका कम्पनीहरूको सार्वजनिक निष्काशन तथा संस्थापक सेयर खरिद बिक्री कार्यलाई व्यवस्थित गर्ने ।
- बोर्ड, धितोपत्र बजार संचालक तथा धितोपत्र व्यवसायीहरूलाई सूचना प्रविधिमैत्री बनाउने साथै बढदो सूचना प्रविधिको प्रयोगमा उत्पन्न हुने जोखिम न्युनीकरण गर्ने ।
- बोर्डको आफ्नै कार्यालय भवन नभएकोले कार्यमैत्री स्थानको अभावमा सहजरूपमा कार्य सम्पन्न गर्न कठिनाई भएकोले उपयुक्त स्थानमा भवन बनाउने वा भवन खरिद गर्ने व्यवस्था गर्ने ।
- धितोपत्र कारोबार सुपरिवेक्षणका लागि बोर्डमा Automated Market Surveillance System व्यवस्था गर्ने ।
- बोर्डबाट अनुमतिपत्र प्राप्त गरी धितोपत्र बजार सम्बन्धी सेवा प्रदान गरिरहेको संस्थाहरूको काम कारवाहीलाई थप परिष्कृत, स्तरीय, व्यवसायिक र प्रतिस्पर्धी बनाउने ।
- गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरूलाई धितोपत्रको दोस्रो बजारमा प्रवेश गराउन आवश्यक भएको, स्टक एक्सचेन्ज र दलाल व्यवसायी क्षेत्रमा पनि विदेशी प्रविधि र लगानी भित्र्याई

प्रतिस्पर्धी तथा व्यवसायिक क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको सन्दर्भमा धितोपत्र विनिमय वजारमा विदेशी प्रविधि र पुँजी भित्र्याई दोस्रो बजारको संरचनात्मक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

- ऋणपत्र बजार (सरकारी तथा कर्पोरेट) को विकास तथा विस्तार गर्ने एवं लगानीको नयाँ उपकरणहरू जस्तैः ग्रिन वण्ड, इक्विटी डेरिभेटिभ, इण्डेक्स फण्ड जस्ता उपकरणको दोस्रो बजार विकास गरी प्रभावकारी बनाउने ।
- सूचीकृत कम्पनीहरूको क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधिको प्रयोगलाई स्तरीय एवं व्यापक बनाउने साथै कानुनी व्यवस्थालाई सुदृढीकरण गर्ने ।
- धितोपत्र बजार संवेदनशील बजार भएको सन्दर्भमा सूचीकृत कम्पनीहरूबाट बजारमा हुने सूचना प्रवाहलाई थप पारदर्शी र व्यवस्थित बनाउनुका साथै ती कम्पनीहरूको संस्थागत सुशासनमा अभिवृद्धि गर्ने ।
- धितोपत्र बजारमा कसुरको रूपमा रहेको भित्री कारोबारलाई थप एवं स्पष्ट कानुनी व्यवस्थामार्फत् नियन्त्रण गरी स्वच्छ, स्वस्थ र विश्वासिलो धितोपत्र बजार विकास गर्ने ।
- सर्वसाधारण लगानीकर्ता र धितोपत्र व्यवसायीहरूका लागि व्यापक रूपमा प्रभावकारी वित्तीय शिक्षा तथा तालिम कार्यक्रमहरू सञ्चालन गरी धितोपत्र बजारको दिगो, भरपर्दो एवं प्रतिस्पर्धीरूपमा विकास गर्न आवश्यक धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी प्रतिष्ठान स्थापना गरी प्रशिक्षणलाई परिमाणात्मक तथा गुणात्मकरूपमा विस्तार गर्ने ।
- बोर्ड IOSCO को एशोसियट सदस्य भैसकेको र नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मार्फत् नेपालमा स्थापित कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी गर्न सक्ने तथा विदेशी संस्थागत कम्पनीले नेपालको पुँजी बजारमा समेत लगानी गर्न सक्ने व्यवस्था गरेका कारण नेपालको धितोपत्र बजारलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन अर्न्तदेशिय सूचीकरण तथा कारोबारको व्यवस्था, नियमन निकाय, सूचीकृत कम्पनीहरू, दलाल व्यवसायीसहित अन्य बजार सहभागीहरूको क्षमता अभिवृद्धि एवं आवश्यक कानुनी व्यवस्था गरी बजारलाई विस्तार गर्ने ।
- नेपालको संविधान अनुसार संघीय, प्रदेश तथा स्थानीय तहसम्म धितोपत्र बजारका सुविधा र कानुनी एवं अन्य नियमन पूर्वाधारको विकास तथा विस्तार गर्ने कार्य उपलब्ध सीमित स्रोत र वित्तीय साक्षरताको स्तर न्यून भएका कारण कठिन एवं चुनौतीपूर्ण छ ।

## ५.२ वस्तु विनिमय बजारसँग सम्बन्धित समस्या तथा चुनौती

- वस्तु विनिमय बजारसम्बन्धी ऐन तथा नियमावली बमोजिम व्यवसायिक तथा प्रतिस्पर्धी कम्पनीहरूलाई बजार संचालन अनुमति र वस्तु विनिमय बजार व्यवसायी सेवाका लागि उपयुक्त आधारहरू तयार गरी व्यवसायी सेवाको अनुमति दिई प्रतिस्पर्धीरूपमा संचालनमा ल्याउने ।
- वस्तु विनिमय बजार व्यवस्थापन तथा सञ्चालन गर्ने, वेयर हाउस निर्माण लगायत बजार पूर्वाधारको विकास गर्ने, वस्तु विनिमय बजारसम्बन्धी सर्वसाधारणमा चेतनास्तर अभिवृद्धि गर्ने एवं उक्त बजारलाई स्थानीय वस्तुसँग आवद्ध गराई देशको कृषि क्षेत्रको समेत स्तरोन्नति हुने गरी बजारलाई महत्वपूर्ण संयन्त्रको रूपमा विकास गर्दै लैजाने । वस्तु विनिमय बजारलाई देशको अर्थतन्त्र र वित्तीय बजारका अन्य क्षेत्र अनुकूल प्रतिस्पर्धी एवं विस्वसनीयरूपमा विकास विस्तार गर्न, गुण निर्धारण संयन्त्र (Quality Grading Mechanism), भुक्तानी सुनिश्चितता कोषको स्थापना र कारोबार प्रणालीको सुदृढ व्यवस्था गर्ने ।
- वस्तु विनिमय बजार विकासका लागि आवश्यक हुने वेयर हाउस सम्बन्धी कानुनी संरचना नभएकोले वस्तु विनिमय बजारको दिगो विकास गर्ने कार्य कठिन एवं चुनौतीपुर्ण रहेको छ ।

## ५.३ बजार विकास तथा सुधारको आगामी कार्यदिशा

बोर्डबाट लगानीकर्ताको हित संरक्षण गर्ने धितोपत्र सम्बन्धी कानुनमा सुधार, नियमन तथा सुपरिवेक्षण व्यवस्थामा सुधार, सूचना प्रविधिको विकास, बजारमा संस्थागत सुशासन एवं पारदर्शिता कायम, परिपालनामा सुधार, लगानीकर्ता शिक्षामा जोड तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सम्बन्ध विकासमा जोड दिदैं बोर्डको आगामी कार्यदिशा निम्नानुसार प्रस्तुत गरिएको छः

- लगानीकर्ताको हक हित संरक्षणको सुनिश्चितता गर्दै धितोपत्र बजारलाई पारदर्शी, स्वच्छ र लगानीमैत्री बनाउँदै IOSCO को मापदण्ड अनुरूपको बनाउँदै लैजाने ।
- धितोपत्र बजारमा संस्थागत सुशासन अभिवृद्धिका लागि धितोपत्र बजार संचालक तथा सेवा प्रदायक संस्थामा कार्यरत जनशक्तिको क्षमता तथा व्यवसायकिता विकासका लागि प्रमाणिकरण कार्यक्रम संचालन गर्ने ।
- सूचीकृत कम्पनीहरूको संस्थागत सुशासनको अवस्थालाई थप सुदृढ बनाउन प्रचलित कानुनको व्यवस्थासँग सामञ्जस्यता कायम गरी स्वतन्त्र सञ्चालकको भूमिकालाई सशक्त र प्रभावकारी बनाउन स्वतन्त्र सञ्चालकको योग्यतासहितको रोस्टर तयार गर्ने साथै पालना गर्नुपर्ने व्यवस्था र प्रवाह गर्नुपर्ने विवरण लगायत आवश्यक कुराहरू तोक्ने व्यवस्था मिलाउने ।
- सूचीकृत कम्पनीहरूको वित्तीय विवरण तयार गरी बोर्डमा पेश गर्ने ढाँचा ICAN सँगको सहकार्यमा विकास गरिएकोमा सो लागू गर्ने ।
- धितोपत्र बजार सहभागीहरूको सुपरिवेक्षण प्रभावकारी बनाउन Risk Based Supervision Framework तयार गरी लागू गर्ने ।
- वस्तु विनिमय बजार संचालन अनुमति प्रदान गर्नुका साथै बजार पूर्वाधार तयार गर्ने ।
- धितोपत्र बजारको दायरा विस्तारका लागि धितोपत्र उपकरण जस्तैः इक्विटी डेरिभेटिभ्स, इन्डेक्स फण्ड, इटिएफ र ग्रीन वण्ड जस्ता नयाँ उपकरण भित्रयाउने ।
- बोर्डबाट सम्पादन गरिने कार्यहरूलाई चुस्त दुरूस्त बनाई सुपरीवेक्षकीय एवं नियामकीय भूमिका चुस्त बनाउन उच्च प्रविधियुक्त तथा सूचना प्रविधिमैत्री बनाई छिटोछरितो सेवा प्रवाह गर्ने ।
- बोर्डको नियमन तथा सुपिरवेक्षण क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधिको प्रयोगलाई बढावा दिनुका साथै धितोपत्र बजारमा हुने अनलाईन कारोबारको सुपरिवेक्षणका लागि बोर्डमा स्वचालित एकीकृत कारोबार सुपरिवेक्षण प्रणाली विकास गर्ने ।
- जलविद्युत कम्पनीको प्रारम्भिक सार्वजनिक निष्काशन, हकप्रद सेयर निष्काशन तथा संस्थापक सेयर बिक्री सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- ऋणपत्र बजार विकासका लागि अन्य निकायहरूसँग समन्वय गरी एकीकृत ऋणपत्र बजार विकास तथा विस्तार गर्ने ।
- बोर्ड तथा धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा सुशासन तथा परिपालनामा सुधार ल्याउने ।
- धितोपत्र बजारमा गैर आवासीय नेपाली नागरिकहरूको प्रवेशलाई सहज बनाउदै लैजाने ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजार विकास तथा सुधारका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्ने ।

***

## अनुसुची १
## साधारण सेयर दर्ता तथा विवरणपत्र स्वीकृति
### (आर्थिक वर्ष २०७९।८०)

| क्र. सं. | संगठित संस्थाको नाम | निष्काशन मूल्य प्रति सेयर (रूपैया) | दर्ता भएको सेयरको कुल रकम (रूपैंया) | सार्वजनिक निष्काशन रकम (रूपैंयामा) | निष्काशन तथा विक्री प्रवन्धक | अनुमति प्रदान मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **जलविद्युत कम्पनी** | | | | | | | |
| १ | ईस्ट्र्न हाईड्रोपावर लिमिटेड | १००.०० | ६२०,०००,०००.०० | १२४,०००,०००.०० | एन.एम.बी क्यापिटल लि. | २०७९।०४।०९ | स्थानिय र सर्वसाधांरण |
| २ | पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड | १००.०० | ३,२००,०००,०००.०० | ८००,०००,०००.०० | सानिमा क्यापिटल लि. | २०७९।०५।२१ | स्थानिय र सर्वसाधारण |
| ३ | बाराही हाईड्रोपावर पब्लिक लिमिटेड | १००.०० | २५०,०००,०००.०० | ७०,०००,०००.०० | एन.आई.बी.एल. एस क्यापिटल लि. | २०७९।०६।२३ | स्थानिय र सर्वसाधारण |
| ४ | एसियन हाईड्रोपावर लिमिटेड | १००.०० | ३४०,०००,०००.०० | ११८,०००,०००.०० | एन.एम.बी क्यापिटल लि. | २०७९।०७।२९ | स्थानिय र सर्वसाधारण |
| ५ | सुपरमाई हाईड्रोपावर लिमिटेड | १००.०० | ५००,०००,०००.०० | १००,०००,०००.०० | सानिमा क्यापिटल लि. | २०७९।०८।०१ | स्थानिय र सर्वसाधारण |
| ६ | सुपरमादी हाईड्रोपावर लिमिटेड | १००.०० | २,१००,०००,०००.०० | ३१५,०००,०००.०० | सानिमा क्यापिटल लि. | २०७९।०८।०१ | स्थानिय र सर्वसाधारण |
| ७ | मायाखोला हाईड्रोपावर कम्पनी लिमिटेड | १००.०० | १,०००,०००,०००.०० | ३४०,०००,०००.०० | प्रभु क्यापिटल लि. | २०७९।०८।०१ | स्थानिय र सर्वसाधारण |
| ८ | शुभम् पावर लिमिटेड | १००.०० | ४०,०००,०००.०० | ५८,०५८,०००.०० | मुक्तिनाथ क्यापिटल लि. | २०७९।०८।०१ | सर्वसाधारण |
| ९ | मलुङ्ग हाईड्रोपावर कम्पनी लिमिटेड | १००.०० | ८०२,५००,०००.०० | ३५३,१००,०००.०० | सनराईज क्यापिटल लि. | २०७९।०८।१५ | स्थानिय र सर्वसाधारण |
| १० | मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड | १००.०० | ७६०,०००,०००.०० | २२८,०००,०००.०० | प्रभु क्यापिटल लि. | २०७९।०९।०७ | स्थानिय र सर्वसाधारण |
| ११ | सानिमा मिडिल तमोर हाईड्रोपावर लिमिटेड | १००.०० | ३,३३२,५००,०००.०० | ८३३,१२५,०००.०० | सानिमा क्यापिटल लि. | २०७९।०९।०७ | स्थानिय र सर्वसाधारण |
| १२ | सगरमाथा जलविद्युत कम्पनी लिमिटेड | १००.०० | १,१२०,०००,०००.०० | ५४८,८००,०००.०० | प्रभु क्यापिटल लि. | २०७९।०९।१७ | स्थानिय र सर्वसाधारण |
| १३ | डोल्टी पावर कम्पनी लिमिटेड | १००.०० | ५३६,४८६,०००.०० | १६०,९४५,८००.०० | एन.आई.सी. एसिया क्यापिटल लि. | २०७९।१०।१६ | स्थानिय र सर्वसाधारण |
| १४ | भूगोल ईनर्जी डेभलप्मेन्ट कम्पनी लिमिटेड | १००.०० | ५४४,०५३,४००.०० | १६३,२१६,०००.०० | एन.आई.सी. एसिया क्यापिटल लि. | २०७९।१०।१६ | स्थानिय र सर्वसाधारण |
| १५ | मेन्छियम् हाईड्रोपावर लिमिटेड | १००.०० | ५४२,५८३,३००.०० | १६२,७७५,०००.०० | एन.आई.सी. एसिया क्यापिटल लि. | २०७९।१०।१९ | स्थानिय र सर्वसाधारण |
| १६ | इङ्ग्वा हाईड्रोपावर लिमिटेड | १००.०० | ६००,०००,०००.०० | १८०,०००,०००.०० | नेपाल एस.वि.आई. मर्चेण्ट बैंकिङ्ग लि. | २०७९।११।०२ | स्थानिय र सर्वसाधारण |
| १७ | माईखोला हाईड्रोपावर लिमिटेड | १००.०० | ३९२,१५६,८००.०० | १९२,१५६,८००.०० | प्रभु क्यापिटल लि. | २०७९।११।०३ | स्थानिय र सर्वसाधारण |
| १८ | मोदी ईनर्जी लिमिटेड | १००.०० | २,९००,०००,०००.०० | ७२५,०००,०००.०० | सनराईज क्यापिटल लि. | २०७९।११।०२ | स्थानिय र सर्वसाधारण |
| १९ | रावा ईनर्जी डेभलप्मेन्ट लिमिटेड | १००.०० | २८०,०००,०००.०० | ८४,०००,०००.०० | प्रभु क्यापिटल लि. | २०७९।११।२५ | स्थानिय र सर्वसाधारण |
| २० | थ्री स्टार हाईड्रोपावर लिमिटेड | १००.०० | ४९२,५००,०००.०० | १२३,१२५,०००.०० | हिमालयन क्यापिटल लि. | २०७९।१२।१७ | स्थानिय र सर्वसाधारण |
| २१ | अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड | १००.०० | २२०,०००,०००.०० | ८७,०००,०००.०० | सिद्धार्थ क्यापिटल लि. | २०८०।०१।१३ | स्थानिय र सर्वसाधारण |
| २२ | कुथेली बुक्हरी स्माल हाईड्रोपावर लिमिटेड | १००.०० | १२१,८६७,५००.०० | २४,३६७,५००.०० | एन.एम.बी क्यापिटल लि. | २०८०।०२।०२ | स्थानिय र सर्वसाधारण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | अप्पर लोहोर खोला हाईड्रोपावर लिमिटेड | १००.०० | ५०९,८०४,०००.०० | २४९,८०४,०००.०० | एन.आई.सी. एसिया क्यापिटल लि. | २०८०।०२।२३ | स्थानिय र सर्वसाधारण |
| २४ | मनकामना ईन्जिनियरिङ्ग हाईड्रोपावर लिमिटेड | १००.०० | ८००,०००,०००.०० | २८०,०००,०००.०० | वि.ओ.के.क्यापिटल लि. | २०८०।०३।०५ | स्थानिय र सर्वसाधारण |
| २५ | भगवति हाईड्रोपावर डेभलप्मेन्ट कम्पनी लिमिटेड | ११६.०० | ५७२,०६४,७००.०० | १६५,८९८,७९२.०० | सिद्धार्थ क्यापिटल लि. | २०८०।०३।०६ | स्थानिय र सर्वसाधारण |
| २६ | मिड शोलु हाईड्रोपावर लिमिटेड | १००.०० | ७४८,४००,०००.०० | १४९,६८०,०००.०० | एन.आई.सी. एसिया क्यापिटल लि. | २०८०।०३।१८ | स्थानिय र सर्वसाधारण |
| २७ | मण्डु हाईड्रोपावर लिमिटेड | २०६.०० | १,३६३,६३७,०००.०० | ३३७,०९२,२२०.०० | प्रभु क्यापिटल लि. | २०८०।०३।१८ | स्थानिय र सर्वसाधारण |
| २८ | चिरख्वा हाईड्रोपावर लिमिटेड | १००.०० | ४००,०००,०००.०० | १२०,०००,०००.०० | आर.बि.बि.मर्चेण्ट बैंकिङ्ग | २०८०।०३।२० | स्थानिय र सर्वसाधारण |
| २९ | माथिल्लो मैलुङ्ग खोला जलविद्युत लिमिटेड | १००.०० | १,०००,०००,०००.०० | २५०,०००,०००.०० | सानिमा क्यापिटल लि. | २०८०।०३।२० | स्थानिय र सर्वसाधारण |
| **लघुवित्त** | | | | | | | |
| ३० | खप्तड लघुवित्त वित्तिय संस्था लिमिटेड | १००.०० | ४०,०००,०००.०० | १३,२००,०००.०० | प्रभु क्यापिटल लि. | २०७९।०४।१० | सर्वसाधारण |
| ३१ | सृजनशील लघुवित्त वित्तिय संस्था लिमिटेड | १००.०० | १०९,३७५,०००.०० | ३९,३७५,०००.०० | सनराईज क्यापिटल लि. | २०७९।०४।१८ | सर्वसाधारण |
| ३२ | बि.पि.डब्लु लघुवित्त वित्तिय संस्था लिमिटेड | १००.०० | ३०,०००,०००.०० | ९,७००,०००.०० | मेघा क्यापिटल लि. | २०७९।०९।०४ | सर्वसाधारण |
| ३३ | आत्मनिर्भर लघुवित्त वित्तिय संस्था लिमिटेड | १००.०० | ६२,३३८,०००.०० | २०,३३८,०००.०० | सनराईज क्यापिटल लि. | २०७९।०९।१७ | सर्वसाधारण |
| **होटल** | | | | | | | |
| ३४ | सिटि होटल लिमिटेड | १००.०० | १,६७४,०००,०००.०० | १६७,४००,०००.०० | ग्लोबल आईएमई क्यापिटल लि. | २०७९।१२।०६ | सर्वसाधारण |
| **बीमा** | | | | | | | |
| ३५ | आईएमि लाईफ ईन्सुरेन्स कम्पनी लिमिटेड | २३६.९१ | ४,०००,०००,०००.०० | २,७६०,७७४,०००.०० | सिभिल क्यापिटल मार्केट लि. | २०८०।०२।२३ | सर्वसाधारण |
| ३६ | रिलाईबल नेपाल ईन्सुरेन्स लिमिटेड | २५७.०० | ४,०००,०००,०००.०० | २,९८९,८००,०००.०० | सिभिल क्यापिटल मार्केट लि. | २०८०।०३।१५ | सर्वसाधारण |
| ३७ | सन लाईफ ईन्सुरेन्स कम्पनी लिमिटेड | २३९.०० | ३,२००,०००,०००.०० | २,२२७,६८०,०००.०० | नेपाल एस.वि.आई.मर्चेण्ट बैंकिङ्ग लिमिटेड | २०८०।०३।१९ | सर्वसाधारण |
| ३८ | सिटिजन लाईफ ईन्सुरेन्स कम्पनी लिमिटेड | २४४.०० | ३,७५०,०००,०००.०० | २,६६४,०००,०००.०० | एन.आई.बी.एल. एस क्यापिटल लि. | २०८०।०३।१९ | सर्वसाधारण |
| **लगानी** | | | | | | | |
| ३९ | हाथवे ईन्भेष्टमेन्ट नेपाल लिमिटेड | ५०.०० | १,१७०,०००,०००.०० | १४६,२५०,०००.०० | ग्लोबल आई.एम.ई क्यापिटल लिमिटेड | २०८०।०३।१७ | सर्वसाधारण |
| **उत्पादन तथा प्रशोधन** | | | | | | | |
| ४० | घोराही सिमेन्ट ईन्डस्ट्री लि. | ४३५.०० | ३,९७१,९००,६००.०० | ४१,६५१,७८५.०० | हिमालयन क्यापिटल लि.र नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड | २०८०।०१।०६ | स्थानिय र सर्वसाधारण |
| **अन्य** | | | | | | | |
| ४१ | कालिन्चोक दर्शन लिमिटेड | १००.०० | ६००,०००,०००.०० | १२०,०००,०००.०० | नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड | २०७९।०७।२३ | स्थानिय र सर्वसाधारण |
| ४२ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | १००.०० | ९६७,५००,०००.०० | ४३५,३००,०००.०० | मेघा क्यापिटल लि. | २०८०।०१।११ | सर्वसाधारण |
| | **जम्मा** | | ४९,६६३,६६६,३००.०० | २२,३७८,६१२,८९७.०० | | | |

## अनुसूची -२
## हकप्रद सेयर दर्ता तथा निष्काशन
आर्थिक वर्ष २०७९।८०

| क्र. सं. | संगठित संस्थाको नाम | अनुपात | अनुमति प्राप्त कुल रकम (रूपैंया) | निष्काशन प्रवन्धक | अनुमति प्रदान मिति |
|---|---|---|---|---|---|
| १ | राधि विद्युत कम्पनी लि. | १:१.४७५२ | ९५३,५७६,०९९.०० | मुक्तिनाथ क्यापिटल लि. | २०७९।०४।०९ |
| २ | हिमाल दोलखा हाईड्रोपावर कम्पनी लि. | १:०.७५ | १,२००,०००,०००.०० | लक्ष्मी क्यापिटल मार्केट्स लि. | २०८०।०१।१२ |
| ३ | नेप्सल हाईड्रोपावर कम्पनी लि. | १०:०५ | ८२२,१४५,९७२ | मुक्तिनाथ क्यापिटल लि. | २०८०।०२।२२ |
| ४ | अरूण काबेली पावर लि. | १:१ | १,८५५,२१०,५०० | नबील ईन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०८०।०३।१३ |
| ५ | सिनर्जी पावर डेभलभमेन्ट कम्पनी लि. | २:१ | ४०३,२८७,५०० | सानिमा क्यापिटल लि. | २०८०।०३।२० |
| ६ | अप्पर तामाकोशी हाईड्रोपावर लि. | १:१ | १०,५९०,०००,००० | सिटिजन ईन्भेष्टमेन्ट ट्रष्ट र सनराईज क्यापिटल लि. | २०८०।०३।२२ |
| ७ | मल्टि पर्पोज फाईनान्स लि. | १:०.३५ | १५८,२००,००० | मुक्तिनाथ क्यापिटल लि. | २०८०।०३।२६ |
| | **जम्मा** | | १५,९८२,४२०,०७०.७८ | | |

# अनुसूची -३

## ऋणपत्र निष्काशन

आर्थिक वर्ष २०७९।८०

| क्र. सं. | ऋणपत्रको नाम | संख्या | मूल्य | कुल रकम | सार्वजनिक निष्काशन | निजी हस्तान्त्रण | निष्काशन प्रवन्धक | अनुमति प्रदान मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०.५%,६ वर्ष,एभरेष्ट बैंक ऋणपत्र २०८५ | २,०००,००० | १,००० | २,०००,०००,००० | ८००,०००,००० | १,२००,०००,००० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०७९।०४।०२ |
| २ | ५.५%,१० वर्ष,एभरेष्ट बैंक ऊर्जा ऋणपत्र २०८९ | २,०००,००० | १,००० | २,०००,०००,००० | ८००,०००,००० | १,२००,०००,००० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०७९।०४।०२ |
| ३ | १०.५%,७ वर्ष, बि.ओ.के डिवेन्चर २०८६ | १,१००,००० | १,००० | १,१००,०००,००० | ४४०,०००,००० | ६६०,०००,००० | एन.आई.बि.एल.एस क्यापिटल लि. | २०७९।०४।१३ |
| ४ | १०.५%,७ वर्ष,हिमालयन बैंक बोण्ड २०८६ | २,५००,००० | १,००० | २,५००,०००,००० | १,०००,०००,००० | १,५००,०००,००० | नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०७९।०४।१३ |
| ५ | ११%,१० वर्ष,के.बि.एल. डिवेन्चर २०८९ | ३,०००,००० | १,००० | ३,०००,०००,००० | १,२००,०००,००० | १,८००,०००,००० | सिद्धार्थ क्यापिटल लि. | २०७९।०५।०१ |
| ६ | ७%,७ वर्ष,निफ्रा ऊर्जा ऋणपत्र २०८५।८६ | ५,०००,००० | १,००० | ५,०००,०००,००० | २,०००,०००,००० | ३,०००,०००,००० | एन.आई.बि.एल.एस क्यापिटल लि | २०७९।०७।२४ |
| ७ | १०.३०%,५ वर्ष,स्ट्याण्डर्ड चार्टर्ड बैंक ऋणपत्र | २,४००,००० | १,००० | २,४००,०००,००० | ९६०,०००,००० | १,४४०,०००,००० | एन.आई.बि.एल.एस क्यापिटल लि | २०७९।०८।२९ |
| ८ | ११.२५%,५ वर्ष,ग्लोबल आईएमई बैंक डिवेन्चर २०८४।८५ | ५,०००,००० | १,००० | ५,०००,०००,००० | २,०००,०००,००० | ३,०००,०००,००० | सनराईज क्यापिटल लि. | २०७९।०९।२८ |
| ९ | १०.७५%,१० वर्ष,एन.एम.बि. बैंक डिवेन्चर २०८९।९० | ४,०००,००० | १,००० | ४,०००,०००,००० | १,६००,०००,००० | २,४००,०००,००० | एन.आई.बि.एल.एस क्यापिटल लि | २०७९।११।१८ |
| १० | ११%,१० वर्ष,महालक्ष्मी डिवेन्चर २०८९ | १,०००,००० | १,००० | १,०००,०००,००० | ४००,०००,००० | ६००,०००,००० | एन.आई.सि. एसिया क्यापिटल लि. | २०७९।१२।०५ |
| ११ | ११%,१० वर्ष,एल.बि.बि.एल. डिवेन्चर २०८९ | १,०००,००० | १,००० | १,०००,०००,००० | ४००,०००,००० | ६००,०००,००० | नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०८०।०१।१० |
| १२ | ९%,१० वर्ष,नेपाल एस.बि.आई.बैंक डिवेन्चर २०८९ | २,०००,००० | १,००० | २,०००,०००,००० | ८००,००० | १,२००,००० | एन.एम.बि.क्यापिटल लि. | २०८०।०३।२७ |
| | **जम्मा** | ३१,०००,००० | | ३१,०००,०००,००० | ११,६००,८००,००० | १७,४०१,२००,००० | | |

# अनुसूची -४
## बोनस सेयर दर्ता
### आर्थिक वर्ष २०७९।८०

| क्र.सं. | संगठित संस्थाको नाम | आर्थिक वर्ष | बोनस दर | दर्ता रकम | दर्ता मिति |
|---|---|---|---|---|---|
| १ | गरिमा विकाश बैंक लि. | २०७७/७८ | १६.००% | ६३१,७०९,२९७ | २०७९।०४।०६ |
| २ | नेपाल दुरसञ्चार कम्पनी लि. | २०७७/७८ | २०.००% | ३,०००,०००,००० | २०७९।०४।०६ |
| ३ | हिमालयन बैंक लि. | २०७७/७८ | २१.३८% | २,२८४,३२४,८९७ | २०७९।०४।१० |
| ४ | लुम्बिनी जनरल ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | ९.५०% | ११३,८९४,५५० | २०७९।०५।०५ |
| ५ | एसियन लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | १४.५०% | ३६८,२७६,०७५ | २०७९।०७।१५ |
| ६ | सानिमा लाईफ ईन्सुरेन्स लि. | २०७६/७७ | ४.२०% | ८४,०००,००० | २०७९।०७।२४ |
| ७ | एन.सि.सि.बैंक लि. | २०७८/७९ | ३.३७% | ३७५,०००,००० | २०७९।०८।१४ |
| ८ | मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. | २०७७/७८ | २०.००% | ८७,०१४,२३१ | २०७९।०५।२३ |
| ९ | सिटिजन ईन्भेष्टमेन्ट ट्रष्ट | २०७७/७८ | ३०.००% | ९८१,०००,००० | २०७९।०६।०६ |
| १० | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | २०७७/७८ | २०.००% | २३१,२४९,७२२ | २०७९।०९।११ |
| ११ | गुँरास लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७६/७७ | ७.४४% | १५५,१२०,००० | २०७९।०९।१७ |
| १२ | बैंक अफ काठमाडौं लि. | २०७८/७९ | ६.००% | ६३७,४३९,६०० | २०७९।०९।२१ |
| १३ | आँधिखोला लघुवित्त वित्तीय संस्था लि. | २०७७/७८ | १९.००% | १९,०००,००० | २०७९।०९।२२ |
| १४ | रूरू जलविद्युत परियोजना लि. | २०७८/७९ | १०.००% | ४४,८४७,६०५ | २०७९।०९।२४ |
| १५ | एक्सेल डेभेलब्मेन्ट बैंक लि. | २०७७/७८ | ८.५०% | ९७,९०२,३३२ | २०७९।०९।२५ |
| १६ | मेघा बैंक नेपाल लि. | २०७८/७९ | ४.००% | ६४४,८१८,४५८ | २०७९।०९।२५ |
| १७ | ग्लोबल आई.एम.ई बैंक लि. | २०७८/७९ | ३.००% | ७१३,८७२,६०० | २०७९।१०।१७ |
| १८ | सोल्टी होटल लि. | २०७८/७९ | ५.००% | ४२१,३५३,३०० | २०७९।११।०३ |
| १९ | सानिमा बैंक लि. | २०७८/७९ | १०.००% | १,१३२,७३७,७३३ | २०७९।११।०३ |
| २० | सिद्धार्थ ईन्सुरेन्स लि. | २०७८/७९ | ९.००% | ११५,९२०,००० | २०७९।११।०३ |
| २१ | प्रिमियर ईन्सुरेन्स कम्पनी (नेपाल) लि. | २०७८/७९ | १४.२५% | १७४,९४५,१०० | २०७९।११।०३ |
| २२ | मेरो माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था | २०७८/७९ | १०.००% | १२०,०००,००० | २०७९।११।०३ |
| २३ | सि.वाई.सि.नेपाल लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ३०.००% | ३६,४९२,५५१ | २०७९।११।०३ |
| २४ | प्रभु बैंक लि. | २०७८/७९ | ६.५०% | १,२७९,८७६,४५८ | २०७९।११।०५ |
| २५ | नबिल बैंक लि. | २०७८/७९ | १८.५०% | ४,२२४,०८८,१०० | २०७९।११।१५ |
| २६ | बिन्दवासिनी हाईड्रोपावर डेभलम्मेन्ट कम्पनी लि. | २०७८/७९ | ५.००% | ५०,०००,००० | २०७९।११।१६ |
| २७ | आई.सि.एफ.सि.फाईनान्स लि. | २०७८/७९ | ५.००% | ५६,३५५,८०० | २०७९।११।१६ |
| २८ | फस्ट माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १९.००% | १८३,२५३,५५६ | २०७९।११।१६ |
| २९ | प्राईम लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | १३.००% | ३६१,३५०,०२५ | २०७९।११।१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | राधि विद्युत कम्पनी | २०७८/७९ | ४.७५% | ७५,९९९,०८४ | २०७९।१०।२६ |
| ३१ | किसान लघुवित्त वित्तीय संस्था लि. | २०७७/७८ | २०.००% | ७८,५६१,७७५ | २०७९।१०।०६ |
| ३२ | आँधिखोला लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ३०.००% | ३५,७००,००० | २०७९।११।११ |
| ३३ | नेस्नल लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | १५.००% | ६०५,२७३,७२३ | २०७९।१०।१९ |
| ३४ | हिमालयन डिस्ट्रिलरी लि. | २०७८/७९ | ६०.००% | ९११,०८७,४९३ | २०७९।१०।२६ |
| ३५ | नेपाल ईन्भेष्टमेन्ट बैंक लि. | २०७८/७९ | ४.००% | ७३२,३०१,६५३ | २०७९।१०।११ |
| ३६ | बुटवल पावर कम्पनी लि. | २०७८/७९ | ५.००% | १६२,७३७,८०० | २०७९।११।१२ |
| ३७ | सिभिल बैंक लि. | २०७८/७९ | ५.००% | ४५३,७९२,१९५ | २०७९।१०।११ |
| ३८ | चिलिमे जलविद्युत कम्पनी लि. | २०७८/७९ | ७.५०% | ५०६,३८४,६०१ | २०७९।११।१२ |
| ३९ | हिमालयन बैंक लि. | २०७८/७९ | ८.००% | १,०३७,४९८,०५८ | २०७९।१०।२६ |
| ४० | एभरेष्ट बैंक लि. | २०७८/७९ | १३.००% | १,२३०,७५४,२२७ | २०७९।१०।२६ |
| ४१ | नेपाल ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | ८.००% | ११५,७६९,६०० | २०७९।११।११ |
| ४२ | सिद्धार्थ बैंक लि. | २०७८/७९ | १२.५०% | १,५६५,५५३,३५४ | २०७९।११।२८ |
| ४३ | प्राईम कर्मसियल बैंक लि. | २०७८/७९ | ४.००% | ७४६,२५२,९१२ | २०७९।११।२८ |
| ४४ | लुम्बिनी विकाश बैंक लि. | २०७८/७९ | ३.००% | ९८,५२८,७७५ | २०७९।११।२८ |
| ४५ | साईन रेसुङ्गा डेभलभमेन्ट बैंक लि. | २०७८/७९ | १३.३०% | ५०२,८७४,१९९ | २०७९।११।२८ |
| ४६ | गुँरास लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ४.००% | ३,९००,००० | २०७९।११।२८ |
| ४७ | उएन नेपाल लघुवित्त वित्तीय संस्था लि. | २०७७/७८ | ९.३३% | ६,७६५,००० | २०७९।१२।०२ |
| ४८ | साधना लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १९.००% | ६१,०३२,८४५ | २०७९।१२।०२ |
| ४९ | रिडी पावर कम्पनी लि. | २०७८/७९ | ४०.००% | ४४२,५४३,२०० | २०७९।१२।०२ |
| ५० | नेपाल एस.वि.आई बैंक लि. | २०७८/७९ | ३.००% | २९४,७७५,५९३ | २०७९।१२।०२ |
| ५१ | अपि पावर कम्पनी लि. | २०७८/७९ | ७.५०% | २८८,३६८,६०० | २०७९।१२।०६ |
| ५२ | युनाईटेड ईन्सुरेन्स कम्पनी (नेपाल) लि. | २०७८/७९ | ५.००% | ५१,४०८,००० | २०७९।१२।०६ |
| ५३ | सिखर ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ &<br>२०७८/७९ | १६.००% | ३६९,९६६,००० | २०७९।१२।०६ |
| ५४ | नेको ईन्सुरेन्स लि. | २०७८/७९ | १५.००% | २६२,४८१,८२० | २०७९।१२।०६ |
| ५५ | आर.एस.डि.सि लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ८.००% | ६४,४१२,४५९ | २०७९।१२।०६ |
| ५६ | आई.एम.ई. जनरल ईन्सुरेन्स लि. | २०७८/७९ | ६.००% | १०२,०९९,०८५ | २०७९।१२।०९ |
| ५७ | महिला लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ४७.५०% | ७०,०६२,५०० | २०७९।१२।१४ |
| ५८ | लुम्बिनी जनरल ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | ६.९९% | ९१,७६४,४५० | २०७९।१२।१४ |
| ५९ | सगरमाथा ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | १२.४०% | १६५,३६९,९९६ | २०७९।१२।१४ |
| ६० | न्याँदी ग्रुप पावर लि. | २०७८/७९ | ४.७५% | ८३,९४८,२२३ | २०७९।१२।१७ |
| ६१ | पोखरा फाईनान्स लि. | २०७८/७९ | ४.००% | ४१,६३६,७९२ | २०७९।१२।१७ |
| ६२ | नेपाल हाईड्रो डेभलपर लि. | २०७८/७९ | ५.००% | १५,९९६,५०० | २०७९।१२।१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६३ | महालक्ष्मी विकाश बैंक लि. | २०७८/७९ | ४.00% | १६०,४३५,३३१ | २०७९।१२।१७ |
| ६४ | श्री ईन्भेष्टमेन्ट एण्ड फाईनान्स कम्पनी लि. | २०७८/७९ | २.४०% | २३,००८,२०० | २०७९।१२।१७ |
| ६५ | फर्वाड माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २५.00% | २११,११२,७४७ | २०७९।१२।१७ |
| ६६ | युनियन लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | ८.९७% | १९२,८५५,००० | २०७९।१२।१७ |
| ६७ | नेपाल रिईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | ५.00% | ५८२,५००,००० | २०८०।०१।०६ |
| ६८ | अरूण भ्याली हाईड्रोपावर डेभलभ्मेन्ट कम्पनी लि. | २०७८/७९ | ८.00% | १३८,३६७,६०० | २०८०।०१।०७ |
| ६९ | ईन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २०.00% | ८२,९०२,६५६ | २०८०।०१।०७ |
| ७० | गरीमा विकाश बैंक लि. | २०७८/७९ | १३.00% | ५९६,८१३,५५५ | २०८०।०१।०७ |
| ७१ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १९.00% | ४१७,०५४,७५० | २०८०।०१।०८ |
| ७२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १०.00% | १३८,७४९,८३३ | २०८०।०१।०८ |
| ७३ | प्रुडियन्सल ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | ३.३३% | ३९,४३९,२०० | २०८०।०१।०८ |
| ७४ | गुह्येश्वरी मर्चेण्ट एण्ड फाईनान्स लि. | २०७८/७९ | ६.५०% | ६१,७७६,००० | २०८०।०१।१० |
| ७५ | नेपाल बैंक लि. | २०७८/७९ | २.00% | २८८,११८,०९६ | २०८०।०१।१४ |
| ७६ | नेपाल लिउव आएल लि. | २०७९/७९ | २५.00% | ९,७५६,४०० | २०८०।०१।१४ |
| ७७ | आर्दश लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २०.00% | ४,१४०,००० | २०८०।०१।१४ |
| ७८ | साल्ट ट्रेडिङ्ग कर्पोरेसन लि. | २०७८/७९ | १०.00% | २५,३५३,११९ | २०८०।०१।१७ |
| ७९ | ग्लोबल आई.एम.ई लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १२.00% | ६६,३१०,७१९ | २०८०।०१।१७ |
| ८० | स्वाभलम्बन लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १५.00% | १६८,३२५,५०० | २०८०।०१।१७ |
| ८१ | गुँरास लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७७/७८ | १३.२७% | २९७,१९३,००० | २०८०।०१।१९ |
| ८२ | ज्योति विकाश बैंक लि. | २०७८/७९ | ३.00% | १२८,०३२,५९९ | २०८०।०१।२५ |
| ८३ | कृषि विकाश बैंक लि. | २०७८/७९ | २.00% | २६३,७५८,३१५ | २०८०।०१।२६ |
| ८४ | आशा लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १४.२९% | ४७,७०२,००० | २०८०।०१।२६ |
| ८५ | मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २३.00% | १२२,१७७,२३९ | २०८०।०१।२६ |
| ८६ | स्वाभीमान लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २०.00% | २४,३५६,४३० | २०८०।०१।२६ |
| ८७ | एन.एल.जी. ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | १०.00% | १३२,६६१,४३६ | २०८०।०१।२९ |
| ८८ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १५.00% | ५७,६०८,१०० | २०८०।०१।२९ |
| ८९ | सबैको लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १८.00% | ४८,६००,००० | २०८०।०१।२९ |
| ९० | नेरूढ लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २२.00% | १३२,०००,००० | २०८०।०१।३१ |
| ९१ | सांग्रिला डेभलभ्मेन्ट बैंक लि. | २०७८/७९ | ८.५३% | २५६,९२२,०५५ | २०८०।०१।३१ |
| ९२ | मितेरी डेभलभ्मेन्ट बैंक लि. | २०७८/७९ | १२.३५% | १११,५७३,३६६ | २०८०।०१।३१ |
| ९३ | सपोट लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ११.00% | ९,४३८,००० | २०८०।०१।३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४ | युनाईटेड मोदी हाईड्रोपावर लि. | २०७८/७९ | ७.००% | ८०,५००,००० | २०८०।०१।३१ |
| ९५ | हाईड्रो ईलेक्ट्रीसिटी ईन्भेस्टमेन्ट एण्ड डेभलभमेन्ट कम्पनी लि. | २०७८/७९ | ५.००% | १,०६३,८१३,३७५ | २०८०।०२।०३ |
| ९६ | छिमेक लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २२.००% | ५११,३०२,००० | २०८०।०२।०३ |
| ९७ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २२.००% | ११३,१०१,८०७ | २०८०।०२।०३ |
| ९८ | प्रभु ईन्सुरेन्स लि. | २०७८/७९ | ६.७०% | ८६,४१०,६७६ | २०८०।०२।०५ |
| ९९ | मिथिला लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १५.००% | २५,५६५,५७७ | २०८०।०२।०८ |
| १०० | कालिका पावर कम्पनी लि. | २०७८/७९ | १५.००% | १०३,५००,००० | २०८०।०२।०८ |
| १०१ | हिमालयन एभरेष्ट ईन्सुरेन्स लि. | २०७८/७९ | २.७५% | ६१,५९८,३०० | २०८०।०२।०८ |
| १०२ | आर.एम.डि.सि लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २६.००% | ३२२,६७७,२४५ | २०८०।०२।०८ |
| १०३ | नेसनल माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १५.००% | ८८,००१,२४६ | २०८०।०२।१८ |
| १०४ | कालिका लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १९.००% | ५९,४४६,३२८ | २०८०।०२।१८ |
| १०५ | साना किसान विकाश लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २६.००% | ४०६,७४७,५६९ | २०८०।०२।२९ |
| १०६ | नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १९.००% | ५७,६४५,०९९ | २०८०।०२।२९ |
| १०७ | एसियन लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | ८.५०% | २४७,१८९,४४२ | २०८०।०२।३० |
| १०८ | उपकार लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ६१.७५% | ४०,५२३,२०० | २०८०।०२।३० |
| १०९ | विजय लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | २०.००% | ६४,०००,००० | २०८०।०२।३२ |
| ११० | कामना सेवा विकाश बैंक लि. | २०७८/७९ | ४.४१% | १३८,५८७,६४७ | २०८०।०२।३२ |
| १११ | माहुली लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १४.२५% | ४०,२०९,१४५ | २०८०।०३।०४ |
| ११२ | समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १५.००% | ५१,४११,६२९ | २०८०।०३।०७ |
| ११३ | जिवन विकाश लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १४.२९% | १४७,७५४,२०० | २०८०।०३।०७ |
| ११४ | जन उत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १५.००% | २२,१८५,९०० | २०८०।०३।१० |
| ११५ | मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ४.७५% | ६,७३२,९११ | २०८०।०३।१९ |
| ११६ | किसान लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ७.००% | ३२,९९५,९३७ | २०८०।०३।१९ |
| ११७ | समिट लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १३.५६% | ६७,०००,००० | २०८०।०३।१९ |
| ११८ | प्रभु लाईफ ईन्सुरेन्स लि. | २०७७/७८ | ९.८०% | १९६,०००,००० | २०८०।०३।२४ |
| ११९ | अरूण काबेली पावर लि. | २०७८/७९ | १०.००% | १८५,५२१,१०० | २०८०।०३।२४ |
| १२० | हिमालयन लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | ११.००% | ३१,६९३,६८९ | २०८०।०३।३१ |
| १२१ | एन.एम.बि.लघुवित्त वित्तीय संस्था लि. | २०७८/७९ | १०.००% | ६५,५८६,२८६ | २०८०।०३।३१ |
| १२२ | नेशनल लाईफ ईन्सुरेन्स कम्पनी लि. | २०७८/७९ | ८.००% | ३७१,२३४,५५० | २०८०।०३।३१ |
| | **जम्मा** | | | ३९,४२९,४१८,६०६.२४ | |

# अनुसूची -५
## सामूहिक लगानी योजना दर्ता तथा निष्काशन
### आर्थिक वर्ष २०७९।८०

| क्र.सं. | योजनाको नाम | प्रकार | यूनिट संख्या | योजनाको कुल रकम | योजना व्यवस्थापक | दर्ता मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | एनएमबि सुलभ ईन्भेष्टमेन्ट फण्ड -२ | बन्दमुखी | १२०,०००,००० | १,२००,०००,००० | एनएमबि क्यापिटल | २०७९।०४।०५ | |
| २ | नबिल फ्लेक्सी क्याप फण्ड | खुलामुखी | ७५,०००,००० | ७५०,०००,००० | नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लि. | २०७९।०५।२७ | |
| ३ | सानिमा ग्रोथ फण्ड | खुलामुखी | १२०,०००,००० | १,२००,०००,००० | सानिमा क्यापिटल लि. | २०७९।०५।२८ | |
| ४ | एनआईबिएल ग्रोथ फण्ड | बन्दमुखी | १६०,०००,००० | १,६००,०००,००० | एनआईबिएल एस क्यापिटल लि. | २०७९।०८।१८ | |
| ५ | सनराईज फोकस्ड ईक्युटि फण्ड | बन्दमुखी | १२०,०००,००० | १,२००,०००,००० | सनराइज क्यापिटल लि. | २०७९।०८।१९ | |
| ६ | प्रभु स्मार्ट फण्ड | बन्दमुखी | ८०,०००,००० | ८००,०००,००० | प्रभु क्यापिटल लि. | २०७९।०९।१९ | |
| ७ | एनआईबिएल सहभागिता फण्ड | खुल्लामुखी | १००,०००,००० | १,०००,०००,००० | एनआईबिएल एस क्यापिटल लि. | २०७९।०९।१७ | थप नयाँ एकाई निकाशन |
| ८ | सिद्धार्थ ईन्भेष्टमेन्ट ग्रोथ स्कीम -३ | बन्दमुखी | १२०,०००,००० | १,२००,०००,००० | सिद्धार्थ क्यापिटल लि. | २०७९।११।०३ | |
| ९ | कुमारी सुनौलो लगानी योजना | खुलामुखी | १००,०००,००० | १,०००,०००,००० | कुमारी क्यापिटल | २०७९।११।०३ | |
| १० | सिटिजन्स सुपर ३० म्युचुअल फण्ड | बन्दमुखी | १००,०००,००० | १,०००,०००,००० | सिविआईएल क्यापिटल | २०७९।१२।०५ | |
| ११ | आरबिबि म्युचुअल फण्ड -२ | बन्दमुखी | १२०,०००,००० | १,२००,०००,००० | आरबिबि मर्चेण्ट बैंकिङ्ग लि. | २०७९।१२।०५ | |
| १२ | प्रभु स्मार्ट फण्ड | बन्दमुखी | २०,०००,००० | २००,०००,००० | प्रभु क्यापिटल लि. | २०८०।०१।१५ | थप नयाँ एकाई निकाशन |
| १३ | एनएमबि सरल वचत फण्ड -ई | खुलामुखी | १००,०००,००० | १,०००,०००,००० | एनएमबि क्यापिटल | २०८०।०१।१९ | थप नयाँ एकाई निकाशन |
| १४ | लक्ष्मी भ्यालु फण्ड -२ | बन्दमुखी | ८०,०००,००० | ८००,०००,००० | लक्ष्मी क्यापिटल मार्केट लि. | २०८०।०२।०८ | |
| १५ | हिमालयन ८०-२० | बन्दमुखी | १००,०००,००० | १,०००,०००,००० | हिमालयन क्यापिटल लि. | २०८०।०३।१९ | |
| १६ | एनआईबिएल स्टेबल फण्ड | बन्दमुखी | १००,०००,००० | १,०००,०००,००० | एनआईबिएल एस क्यापिटल लि. | २०८०।०३।२२ | |
| | | **जम्मा** | १,६१५,०००,००० | १६,१५०,०००,००० | | | |

## अनुसूची -६
## विशिष्टीकृत लगानी योजना दर्ता तथा निष्काशन
### आर्थिक वर्ष २०७९।८०

| क्र.सं. | योजनाको नाम | यूनिट संख्या | योजनाको कुल रकम | योजना व्यवस्थापक | दर्ता मिति |
|---|---|---|---|---|---|
| १ | अवसर इक्युटी डाईभर्सिफाईड फण्ड | ५,०००,००० | ५,०००,०००,००० | अवसर इक्युटी लि. | २०७९।०९।२९ |
| २ | अल्फा प्लस भिजन फण्ड | २,०००,००० | २,०००,०००,००० | अल्फा प्लस भेञ्चर लि. | २०८०।०२।१६ |
| ३ | प्रभु डाईनामिक प्राईभेट ईक्युटी फण्ड | ५००,००० | ५००,०००,००० | प्रभु क्यापिटल लि. | २०८०।०३।०७ |
| ४ | नेपाल अपर्चुनिटी फण्ड १ | ३,०००,००० | ३,०००,०००,००० | आध्यान्त फण्ड म्यानेजमेन्ट लि. | २०८०।०३।२० |
| | **जम्मा** | १०,५००,००० | १०,५००,०००,००० | | |

## अनुसूची- ७
## संगठन संरचना



## अनुसुची ८
## नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

### वित्तीय स्थितिको विवरण
२०८० असार मसान्तको (अपरिष्कृत)

*(रकम रुपैयाँमा)*

| विवरण | | २०८० असार मसान्त | २०७९ असार मसान्त |
|---|---|---|---|
| सम्पत्ति | | | |
| गैर चालू सम्पत्ति | | | |
| स्थिर सम्पत्ति | | २८,४८१,३९५ | ३९,७०९,४५६ |
| अदृश्य सम्पत्ति | | १,२४१,८१४ | १,०६५,६२१ |
| सम्पत्ति खरिदको अग्रिम भुक्तानी | | ४२५,६००,००० | ४२५,६००,००० |
| वित्तीय सम्पत्ति (परिषोधित लागतमा मापन गरिएको) | | | |
| लगानी | | २७,२८५,००० | २७,२८५,००० |
| कर्जा तथा पेश्की | | ६४,२२९,२९५ | ३७,२०५,७९७ |
| धरौटी | | ५४,३२१ | १३२,३६९ |
| कर्मचारी सुविधाको अग्रिम भुक्तानी | | १२,४३०,५४१ | १२,४३०,५४१ |
| स्थगन कर सम्पत्ति | | ५८,५४०,०८२ | ५८,५४०,०८२ |
| कुल गैर चालु सम्पत्ति | | ६१७,८६२,४४८ | ६०१,९६८,८६५ |
| चालु सम्पत्ति | | | |
| वित्तीय सम्पत्ति (परिषोधित लागतमा मापन गरिएको) | | | |
| प्राप्त गर्नुपर्ने आम्दानी | | ११२,९८०,३५४ | १२३,३५८,६१० |
| अन्य वित्तिय सम्पत्ति | | २,०४०,०००,००० | १,५९०,०००,००० |
| अग्रीम भुक्तानी | | १०,३२९,४६० | ४,१०५,९६८ |
| नगद र नगद सरह मौज्दात | | १६८,४५९,९९१ | २१८,०३३,७९६ |
| कुल चालु सम्पत्ति | | २,३३१,७६९,८०५ | १,९३५,४९८,३७४ |
| कुल सम्पत्ति | | २,९४९,६३२,२५३ | २,५३७,४६७,२३९ |
| कोष तथा दायित्व | | | |
| अक्षय कोष | | १,११०,०००,००० | १,११०,०००,००० |
| अन्य कोषहरू | | १,६३८,३०३,४२३ | १,२१३,३५०,८१८ |
| कोष तथा जगेडा | | २,७४८,३०३,४२३ | २,३२३,३५०,८१८ |
| दायित्व | | | |
| **गैर चालू दायित्व** | | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | | १३६,३९१,६२० | १३५,९१२,४८८ |
| गैर वर्तमान लीज दायित्व | | - | ४,४४१,०४५ |
| **कुल गैर चालु दायित्व** | | १३६,३९१,६२० | १४०,३५३,५३३ |
| **चालु दायित्व** | | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | | ७,६०३,२७६.६७ | ७,५७६,५६७ |
| चालु लीज दायित्व | | ४,४४१,०४५ | ९,५५९,४९६ |
| आयकर र अन्य कर दायित्व | | २,१९९,९१७.०७ | २,०२८,६५२ |
| अन्य चालु दायित्व | | ५०,६९२,९७१ | ५४,५९८,१७२ |
| **कुल चालु दायित्व** | | ६४,९३७,२१० | ७३,७६२,८८७ |
| **कुल दायित्व** | | २०१,३२८,८३१ | २१४,११६,४२१ |
| **कुल कोष तथा दायित्व** | | २,९४९,६३२,२५३ | २,५३७,४६७,२३९ |

नोटः बाह्य लेखापरिक्षकले वित्तीय विवरणमा थप घट गर्न निर्देशन दिएमा माथिको वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

## अनुसुची ९
## नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

नाफा वा नोक्सानको विवरण (अपरिस्कृत) २०७९ श्रावण देखि २०८० असार मसान्तसम्मको

| विवरण | | आ.व.२०७९।८० | आ.व. २०७८।७९ |
|---|---|---|---|
| धितोपत्र बजारबाट आम्दानी | | ६६५,३५६,२४८ | ८०९,२११,५६३ |
| अन्य आम्दानी | | २१९,४७०,१८५ | १३१,२१२,९६१ |
| **कुल आम्दानी** | | ८८४,८२६,४३३ | ९४०,४२४,५२३ |
| कर्मचारी खर्च | | १७०,२०६,३८२ | २१८,९६६,१४८ |
| अन्य संचालन खर्च | | ७३,२०४,३५० | ३८,००२,३६० |
| ह्रास कट्टि खर्च | | १५,९९१,८५३ | १४,८४५,३८३ |
| **संचालनबाट नाफा/बचत** | | ६२५,४२३,८४८ | ६६८,६१०,६३३ |
| वित्त लागत | | ९४३,४०४.२८ | १,७७१,११४ |
| **आयकर अघिको नाफा/बचत** | | ६२४,४८०,४४३ | ६६६,८३९,५१९ |
| आयकर व्यवस्था | | | |
| चालु आयकर | | १९९,५२७,८३९ | २६५,५८०,८६७ |
| स्थगन कर खर्च/(आम्दानी) | | | -३०,५५९,१०८_ |
| **संचालनबाट नाफा** | | ४२४,९५२,६०४ | ४३१,८१७,७६० |
| आयकर पछिको गैर संचालन नाफा र नोक्सान | | | |
| **यस वर्षको खुद नाफा/बचत** | | ४२४,९५२,६०४ | ४३१,८१७,७६० |
| | | | |

अन्य विस्तृत आयको विवरण (अपरिस्कृत)

२०७९ श्रावण देखि २०८० असार मसान्तसम्मको

| विवरण | | आ.व.२०७९।८० | आ.व. २०७८।७९ |
|---|---|---|---|
| **खुद नाफा/बचत** | | ४२४,९५२,६०४ | ४३१,८१७,७६० |
| **अन्य विस्तृत आय** | | | |
| खुद परिभाषित कर्मचारी सुविधा योजनाहरूको पुनः मापन | – | २०,४८०,२८५ | |
| आयकर (स्थगन कर खर्च) | | - | -६,१४४,०८६_ |
| **अन्य विस्तृत आय (आयकर पछि) (ख)** | | - | १४,३३६,२०० |
| **कुल अन्य विस्तृत आय (क + ख)** | | ४२४,९५२,६०४ | ४४६,१५३,९५९ |

## अनुसूची-१०
## धितोपत्र बजार

| क्र.सं. | धितोपत्र बजारको नाम | ठेगाना | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|
| १. | नेपाल स्टक एक्सचेन्ज लि. | सिंहदरवारप्लाजा, काठमाडौं | ०१-४२५०७५५ | info@nepalstock.com |

## अनुसूची-११
## केन्द्रीय निक्षेप कम्पनी

| क्र.सं. | धितोपत्र बजारको नाम | ठेगाना | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|
| १. | सिडिएस एण्ड क्लियरिङ्ग लि. | पुतलीसडक, काठमाडौं | ०१-४२३८००८ | info@cdsc.com.np |

## अनुसूची-१२
## क्रेडिट रेटिङ्ग संस्था

| क्र.सं. | धितोपत्र बजारको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १. | इक्रा नेपाल लि. | डिल्लीबजार, काठमाडौं | ०१-४४१९९१० |
| २. | केयर रेटिङ्ग नेपाल लि. | कमलादी, काठमाडौं | ०१-४२३३४३६ |
| ३. | इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लि. | का. म. पा. १० काठमाडौं | ०१-४२२८३३०४ |

## अनुसूची-१३
## धितोपत्र व्यापारी

| क्र.सं. | कम्पनीको नाम | ठेगाना | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|
| १. | नागरिक स्टक डिलर कम्पनी | नयाँ बानेश्वर, काठमाडौं | ०१-४७८०३३१ | nagariksd@gmail.com |
| २. | नबिल सेक्युरिटिज लि. | दरबारमार्ग, काठमाडौं | ०१-४२५०८९२ | info@nabilsecurities.com.np |

## अनुसूची-१४
## विशिष्टीकृत लगानी कोष व्यवस्थापक

| क्र.सं. | कम्पनीको नाम | ठेगाना | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | ग्लोबल इक्विटी फण्ड लि. | सानेपा-२, ललितपुर | ०१-५९७०१०३ | info@gef.com.np |
| २ | अवसर इक्विटी लि. | कुपोण्डोल, ललितपुर | ०१-५७०५९९४/५७०५६६४ | info@avasarequity.com |
| ३ | एन आई सी एशिया क्यापिटल लि. | थापाथली, काठमाडौं | ०१-४७८०२२२/४७८१५८२ | info@nicasiacapital.com |
| ४ | लक्ष्मी क्यापिटल मार्केट्स लि. | नयाँ बानेश्र, काठमाडौं | ०१-४००५१५७/४५१९४२१ | info@laxmicapital.com.np |
| ५ | एनआईबिएल एस क्यापिटल लि. | लाजिम्पाट, काठमाडौं | ०१-४५३७९६०/६३/६४ | info@nimbacecapital.com |
| ६ | एनएमबि क्यापिटल लि. | काठमाडौं-०४, बालुवाटार | ०१-५९७०२००,४१६९१०० | info@nmbcl.com.np |
